# मध्यमकालीन खर्च संरचना

## (आ.व. २०८१/०८२ - २०८३/०८४)

# Medium Term Expenditure Framework

## (Fiscal Year 2024/025-2026/2027)




## सुनकोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पाङ्ग्रेटार, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# मध्यमकालीन खर्च संरचना

## (२०८१/०८२ - ०८३/०८४)

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प्रकाशक : सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, पाङ्ग्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

इमेल : sunkoshiruralmun@gmail.com

वेवसाइट : https://www.sunkoshimunsindhupalchok.gov.np

सर्वाधिकार : प्रकाशनमा

प्रकाशित मिति : २०८१ भाद्र

# सुनकोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### पाङ्ग्रेटार, सिन्धुपाल्चोक

### बागमती प्रदेश, नेपाल



## मन्तव्य

मध्यमकालीन खर्च सरचना स्थानीय सरकारको अनिवार्य दायित्वका रुपमा रहेको छ। स्थानीय तहको स्थापनासँगै प्रभावकारी संस्थागत विकास तथा सरकार सञ्चालनका क्रममा समग्र गाउँपालिकाको विकास र खर्च प्रणालीलाई दिगो तथा विकास मैत्री बनाउन मध्यमकालीन खर्च संरचना निर्माणाको आवश्कता भएअनुरुप अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगाएत संघ तथा प्रदेश सहित स्थानीय तहहरूले अनिवार्य रुपमा तर्जुमा गर्नुपर्ने व्यवस्था अनुरुप सुनकोशी गाउँपालिकाले स्थापना पश्चात पहिलो पटक दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ।

मध्यमकालीन खर्च संरचनाले जनचाहना र विद्यमान संम्भावनामा आधारित रही विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा संबोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वागिण विकासको दीर्घकालीन सोच तर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च सरचनाको तर्जुमा गर्नु कानूनी दायित्व मात्र नभई गाउँपालिका स्वंयमका लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ। यसर्थ, यस मध्यमकालीन खर्च सरचनाले गाउँपालिकाको प्रस्तावित प्रथम आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रम बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्नका लागि गाउँपालिकाको वित्त व्यवस्थापनलाई डोहोऱ्याउने अपेक्षा गरेको छु।

यस मध्यकालीन खर्च सरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण दस्तावेज भएकोले पनि यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु। यसले हाल विश्वमै निरन्तर बढ्दै गई रहेको विपद् तथा जलवायुजन्य जोखिम एवम् विकासशील देशहरूमा देखिदै आएको विकासबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यो खर्च संरचनाले गाउँपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा समस्याहरूको सम्बोधन गर्ने तर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु।

अन्त्यमा, स्थानीय सरकार स्थापना भए पश्चातको यो पहिलो मध्यमकालीन खर्च सरचना निर्माण तथा प्रभावकारी रुपमा कार्यान्वयनका लागि समय प्रदान गर्ने प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठ लगाएत सम्पूर्ण राष्ट्र सेवक कर्मचारी साथिहरु लाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

भाद्र, २०८१

(टपिन्द्र प्रसाद तिमल्सिना)

अध्यक्ष

# सुनकोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### पाङ्ग्रेटार, सिन्धुपाल्चोक
### बागमती प्रदेश, नेपाल



## मन्तव्य

स्थानीय तहमा वित्तीय संरचनाको सफलता सुनिश्चित गर्नका लागि प्रोत्साहन र सहयोग जनाउन मध्यकालीन खर्च संरचना तयार गर्नु स्थानीय सरकारको अनिवार्य दायित्व रहेको हुन्छ। यसमा मुख्यतया स्थानीय सरकारका बजेट र खर्च व्यवस्थापनका उपायहरू, यसका प्रभाव र सुधारका उपायहरूमा ध्यान केन्द्रित गर्न सकिन्छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन-२०७४ लगायत अन्य सङ्घिय ऐन समेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरुले अनिवार्य रुपमा तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसंगै सुनकोशी गाउँपालिकाले पनि यो दिगो विकास लक्ष्य मैत्रि मध्यकालीन खर्च संरचना तयार गरेको छ।

मध्यकालीन खर्च संरचनाको मुख्य उद्देश्य भनेको स्थानीय तहमा वित्तीय संरचनाको सफलता सुनिश्चित गर्नका लागि प्रोत्साहन गर्नु हो। मध्यकालीन खर्च संरचनाले स्थानीय तहको वित्तीय पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका रहन्छ। यसले स्थानीय विकासका लागि निर्धारित योजना र कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतहरू उपलब्ध गराउँछ। मध्यकालिन खर्च संरचनाले जनचाहाना र विद्यमान सम्भावनामा आधारित रहि विद्यमान समस्याहरुलाई व्यवस्थित रुपमा सम्वोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासंग जोडी सर्वाङ्गिण विकासको दिर्घकालिन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यकालिन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई गाउँपालिका स्वयम् लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ। यसर्थ यस मध्यकालिन खर्च संरचनाले यस गाउँपालिकाको आवधिक योजना र बार्षिक योजनाका बिचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य उद्वेश्यहरु हासिल गर्नेतर्फ गाउँपालिकाको वित्त व्यवस्थापनलाई दोहोर्याउने अपेक्षा गरेको छु।

अन्त्यमा, दिगो विकास लक्ष्यमैत्रि मध्यकालिन खर्च संरचना तर्जुमा गर्न लागि पर्ने सम्पुर्ण कर्मचारी, सहयोग गर्नुहुने सम्पूर्ण पदाधिकारी तथा विज्ञ टोलिलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु।

भाद्र, २०८१

(कान्छी लामा)
उपाध्यक्ष

# सुनकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पाङ्ग्रेटार, सिन्धुपाल्चोक
### बागमती प्रदेश, नेपाल



## मन्तव्य

स्थानीय तहले दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च निर्माण गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसीको अनुभूती भइरहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च सरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । सम्बन्धित सबै कानूनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खच संरचना तजमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानूनी दायित्व निर्वाह गर्नमा टेवा पुयाउनुका अतिरिक्त गाउँपालिकाले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु ।

विगतका दशकहरूमा जलवायुजन्य विषमता एवम् विपद्का अन्य घटना, तिनका आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ र यसको असर स्थानीय तहमा पनि निरन्तर बढ्दो रुपमा महसुस गरिएको छ । यी घटनाहरूले दिगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न एउटा सान्दर्भिक काम हो भन्ने मलाई लागेको छ । दिगो विकासको आवश्यकता र महत्व प्रगाढ हुँदै गएको परिप्रेक्ष्यमा सयुक्त राष्ट्र संघले विश्वको साझा हितका लागि दिगो विकास लक्ष्य जारी गरेको छ र यसको परिपालना गर्ने नेपाल सरकारले प्रतिवद्धता समेत गरेको छ । यस बाहेक, दिगो विकास लक्ष्यहरू विश्वका साझा हितका विषय हुनुका साथै स्थानीय सरकारका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषयहरू रहेको हुनाले दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च सरचनाको तर्जुमाले गाउँपालिकाको सम्पूर्ण विकास प्रयासलाई दिगो विकास उन्मुख गराउन महत्वपूर्ण टेवा पुयाउन सक्ने अपेक्षा गरेको छु ।

अन्तमा, यस दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि सहयोग गर्ने गाउँ सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

भाद्र, २०८१

(मोहनकुमार श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची

## परिच्छेद – १

### परिचय

१.१ पृष्ठभूमि ........................................................................................................ १
१.२ मध्यमकालिन खर्च संरचनाको अधारणा ........................................................................ १
१.३ मध्यमकालिन खर्च संरचना तयारीको उद्देश्यहरु .................................................................. २
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु .................................................................. २
१.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य .................................................................. ३
१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि र प्रक्रिया ................................................................ ५

## परिच्छेद – २

### मध्यमकालीन खर्च संरचना

२.१ पृष्ठभूमि ........................................................................................................ ९
२.२ चुनौती तथा अवसर .............................................................................................. ९
२.३ सोच, उद्देश्य तथा रणनीति ...................................................................................... १०
२.४. मध्यमकालीन आर्थिक खाका .................................................................................. १२
२.५ मध्यमकालीन नतिजा खाका .................................................................................... १३
२.६ मध्यमकालीन बजेट खाका ...................................................................................... १५
२.७ बजेट बिनियोजन र प्रक्षेपणको बाँडफाँट ...................................................................... १८
२.८ विषय क्षेत्रगत बाँडफाँट ........................................................................................ २१

## परिच्छेद - ३

### आर्थिक विकास

३.१ कृषि तथा खाद्य सुरक्षा .......................................................................................... २५
३.२ सिंचाई ............................................................................................................ २८
३.३ पशु विकास ........................................................................................................ ३०
३.४ उद्योग, व्यापार तथा व्यवसाय .................................................................................. ३३

३.५ पर्यटन तथा संस्कृति ........ ३६
३.६ भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा ........ ३९
३.७ श्रम तथा रोजगारी ........ ४१
३.८ गरिबी निवारण ........ ४३

परिच्छेद - ४

सामाजिक विकास क्षेत्र

४.१ शिक्षा, विज्ञान तथा प्रविधि ........ ४६
४.२ स्वास्थ्य तथा पोषण ........ ४९
४.३ खानेपानी तथा सरसरफाई ........ ५३
४.४ महिला, बालबालिका सामाजिक संरक्षण र समावेशीकरण ........ ५६

परिच्छेद - ५

पूर्वाधार विकास क्षेत्र

५.१ बस्ती विकास, आवास तथा भवन ........ ६२
५.२ सडक, पुल तथा यातायात ........ ६५
५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा ........ ६७
५.४ सूचना, सञ्चार तथा प्रविधि ........ ७०

परिच्छेद - ६

वन, वातावरण तथा विपद् व्यवस्थापन

६.१ वन, हरियाली, भूसंरक्षण र जैविक विविधता ........ ७३
६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ७७
६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता ........ ७९

परिच्छेद - ७

सुशासन तथा संस्थागत विकास

७.१ नीति, कानून न्या तथा शुशासन ........ ८३
७.२ संगठन, मानव संशाधन र क्षमता विकास ........ ८६

७.३ राजश्व तथा स्रोत परिचालन........................................................................................................ ८९
७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........................................................................................९१

अनुसूचीहरू

अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल...........................................................९६
अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन .............९७
अनुसूची – ३ : तीन आर्थिक बर्षको खर्च तथा स्रोत अनुमान, कार्यक्रम तथा आयोजना, प्राथमिकीकरण र सांङकेतिकरण.......................................................................... १०९

परिच्छेद – १

# परिचय

## १.१ पृष्ठभूमि :

मध्यमकालीन खर्च संरचनाले विषेशत आवधिक योजना र बार्षिक बजेट तथा कार्यक्रमबीचको अन्तरसम्बन्धलाई कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ। गाउँपालिकाको बार्षिक बजेट तथा आवधिक योजना तथा कार्यक्रम र बिभिन्न क्षेत्रगत रणनीतिक योजनाहरुले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरु हासिल गर्न सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। आवधिक योजनालाई वार्षिक बजेट र कार्यक्रमसँग जोड्ने वित्तीय अनुशासनको औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक श्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउँन सहयोग गर्दछ। नेपालमा आ.व. २०५९/६० देखि प्रयोगमा ल्याईएको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य सरकारले गर्ने बजेट खर्च प्राथमिकताका आधारमा बाँडफाँट गरि खर्चको प्रभावकारिता बढाउनु हो। स्थानीय सरकार भएको नाताले गाउँपालिकामा पनि यसले विकास योजनाको लक्षित नतिजा हासिल गर्न श्रोत-साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय अनुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गरि कार्यान्वयन गर्न अनिवार्य कानुनी व्यवस्था गरेको छ। गाउँपालिका, बिषयगत समिति, कार्यदल, शाखागत सूचना, अन्य सरोकारवालाहरुसँगको राय परामर्शका साथै प्रस्तावित प्रथम आवधिक योजना तथा मध्ययमकालीन खर्च संरचना र चाँलु आर्थिक वर्षको बार्षिक कार्यक्रमलाई आधार मानी यस दस्तावेज तयार गरिएको छ।

## १.२ मध्यमकालिन खर्च संरचनाको अधारणा

सार्वजनिक बित्त व्यवस्थापनको एक औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले गाउँपालिकासँग उपलब्ध सीमित श्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस अन्तर्गत संघ, प्रदेश तथा अन्य संस्थागत अन्तरिक अनुदानबाट गाउँपालिकालाई विभिन्न शीर्षकमा प्राप्त हुने श्रोत, आन्तरिक आय/राजस्व बाँडफाँट/समानीकरण अनुदान/सशर्त अनुदान/प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँडबाट प्राप्त रकम र अन्य आन्तरिक संस्थागत अनुदान तथा ऋण समेत आंकलन गरी समष्टिगत बित्तीय खाका निर्धारण गरिन्छ। यसैको आधारमा क्षेत्रगत प्राथमिकता अनुरुप बिषयगत कार्यालय/शाखा र गाउँपालिकाको अन्य निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक माध्यम अबधिको बजेट विनियोजन गर्न मध्यमकालीन खर्च अनुमानको विषयगत सीमा तयार गरिन्छ। यसरी निर्धारण भएको बजेटको सीमा भित्र रहेर बिषयगत महाशाखा/कार्यालय/शाखाहरुले नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक खर्चको कार्यक्रम तथा आयोजनागत विनियोजन अनुमान गर्दछन्। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ। यसमा पहिलो वर्ष बजेटको वास्तविक अनुमान हुन्छ भने बाँकी दुई वर्षको बजेट प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि

नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ। जसमा पहिलो वर्षको प्रगति समीक्षा गरि बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन गरि थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आंकलन गर्नु पर्ने हुन्छ। यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र बस्तुनिष्ठ बनाउन महत्वपुर्ण भूमिका खेल्दछ। जसको कारण बार्षिक एवं आवधिक योजना निर्माण र बजेट खर्च गर्न ठुलो मद्त पुग्छ।

## १.३ मध्यमकालिन खर्च संरचना तयारीको उद्देश्यहरुः

मध्यमकालीन खर्च संरचनाको मूख्य उद्धेश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र बार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणलीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो। यसर्थ, मध्ययमकाली खर्च संरचनाको प्रमुख उद्येश्य देहाय बमोजिम रहेको छ।

- मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई संघीय सरकार तथा स्थानीय सरकारले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्म प्राप्त गर्न सहयोग गर्ने,
- आवधिक योजना र बार्षिक बजेट तथा कार्यक्रमबीच तादाम्यता कायम गरी स्रोत तथा साधनको बिनियोजनलाई उपलब्धीमूलक बनाउन बजेट खाका, नतिजा र वित्तीय खाका तयार गर्नु,
- दिगो विकासलाई टेवा पुर्याउने आयोजनालाई प्राथमिकीकरणका आधारमा स्रोत सुनिश्चितता गर्नु,
- स्थानीय सरकारलाई प्राप्त हुने मध्ययम अबधीको आन्तरिक र बाह्य स्रोतको बास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्न,
- सार्वजनिक खर्चलाई प्रभावकारी बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा सविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा रणनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, प्रस्तावित आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ। सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहाय अनुसार उल्लेखित लगायत अन्य पक्षलाई आधार लिइएको छ।

- नेपालको संविधान २०७२
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा स्रोहौँ राष्ट्रिय योजना (२०८१/८२-२०८५/८६)
- बागमती प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/०८१)

- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०८१/८२)
- प्रस्तावित प्रथम आवधिक योजना (२०८२/०८३-२०८६/८७)
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति तथा योजनाहरु

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५ औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो। सहस्राब्दी विकास लक्ष्य (MDGs) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्यः SDGs मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन्। यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन्। नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन्, यसर्थ सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नु पर्ने आवश्यकता रहेको छ। यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरि कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष सलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ। उदाहरणका लागि सबै क्षेत्रबाट सबै किसिमका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य-१ हो, यो लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिव व्यक्ति/समुदायसम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रुपमा बढी प्रभावकारी हुने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम् छ। नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ। सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासलगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ। साथै, सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन। यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवालाबीचमा साझेदारी हुन् पनि उत्तिकै जरुरी छ।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ। अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो। नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ, जस अनुसार आयवृद्धि, गुणस्तरीय मानवीय पूंजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं.२०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य

लिइएको छ। सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्ङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुर्‍याउने योगदानको आंकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च सरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पूँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ। यसर्थ, स्थानीय तहहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ। लगानी विना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र संघीय स्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि बार्षिक रुपमा नेपाललाई औषत रु.२०२४.८ अर्थ आवश्यक पर्ने र यसको ५४८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक बिलको भूमिका अहम रहेको देखिन्छ।

दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानूनी कार्यजिम्मेवारी भित्र र जन अपेक्षालाई संवोधन गर्ने किसिमका रहेका छन्। दिगो विकास लक्ष्य-१ (शून्य गरिवी लक्ष्य-२ भोकमरीको अन्त्य, लक्ष्य (मर्यादित काम तथा आर्थिक वृद्धि र लक्ष्य-१० (असमानताको न्यूनीकरणः सँग जोडिएका छन्। संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलू तथा साना उद्योगको दिगो तथा नियमन सम्बन्धी र स्थानीय संघ/संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ। यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन्।

स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकार भित्र चारवटा प्रमुख क्षेत्र पर्दछन्। यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन्। सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य - ३ : स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा, लक्ष्य-५ (लैगिक समानता र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाईका लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च सरचनाको महत्वपूर्ण भूमिका रहेको छ।

स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य -९ उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ दिगो शहर तथा समुदाय र लक्ष्य ७, धान्न सक्ने र सफा ऊर्जा) पर्दछन्। वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य -१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादन प्रति जवाफदेहिता), लक्ष्य-१३ जलवायु सम्बन्धी कार्य, र लक्ष्य-१५। जमिन माथिको जीवन, जोडिएका छन्। यसरी, दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ। स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च

संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च सरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ।

सुनकोशी गाउँपालिकाले हालसम्म दिगो विकास लक्ष्यमा केन्द्रित गरी दिगो विकास लक्ष्य, महत्व, जिम्मेबारी सम्बन्धी जनप्रतिनिधी, कर्मचारीहरुलाई जानकारीमूलक तालिम कार्यक्रमको शुरुवात गरेको गरेको छ। दिगो विकासका लक्ष्य हासिल गर्न प्रत्येयक्ष तथा अप्रत्येक्ष रुपमा योगदान पुर्याउन बार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तयारीलाई दिगो विकास मैत्री तुल्याउने अठोट लिएको छ। दिगो विकास लक्ष्य स्थानीयकरणमा आधारित रही गाउँपालिकाले सङ्घीय सरकार तथा बागमती प्रदेशसँग समन्वय सहकार्य गरी कार्यक्रमहरु कार्यान्वयन गर्ने र गाउँपालिकाका शाखागत कार्यक्रमहरु दिगो विकास लक्ष्यमा आधारित भई समिक्षा गरी प्रतिवेदन तयार गर्ने अभ्यास रहेको छ।

उपर्युक्त पृष्ठभूमिमा यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ। यसका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता एकरुपमा कायम गर्ने प्रयास छ। यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन्। दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन-कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी अनुमान तथा प्रक्षेपण गरिएको छ। यस मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय उपक्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिहरू प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यलाई नै योगदान पुल्याउने खालका रहेका छन्। समस्या चुनौतीहरूको विश्लेषण गने क्रममा दिगो विकास लक्ष्य हासिल गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकता अनुसार विश्लेषण गरिएको छ। दिगो विकास लक्ष्य प्राप्तीमा योगदान पुयाउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको निश्चितता गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च सरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ। समग्रमा यस सुनकोशी गाउँपालिकाको मध्यमकालीन खर्च संरचनालाई अधिकतम रुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि र प्रक्रिया :

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित, स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण श्रोत पुस्तिका, २०७९ र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका, २०७९ लाई आधारमानी यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च सरचना तयार गरिएको छ। मध्यमकालीन खर्च सरचना तर्जुमा निम्न बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन गरिएको छ।

**चरण : १ तयारी चरण**

**प्रृकिया : प्राविधिक सहयोगका लागि टोली परिचाल :**

मध्यमकालीन खर्च संरचना तयारीमा सहजीकरण गर्न परिचालित हुने प्राविधिक सहयोग टोली गठन गरी अभिमुखीकरण गरियो। अभिमुखीकरणमा मध्यमकालीन खर्च सरचनाको अवधारणा, तयारी प्रक्रिया ढाँचा एवं औजारहरूको सम्बन्धमा प्राविधिक सहयोग टोलीका सदस्यहरूबीच समान बुझाइ कायम गरियो। यस अभिमुखीकरण कार्यक्रममा समय सीमा,

सम्पन्न गर्नुपर्ने कार्य जिम्मेवारी स्पष्ट गरी परिचालन गरियो।

**प्रकृया १ : नीतिगत, कानूती दस्तावेज, दिग्दर्शन एंव उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा**

प्राविधिक सहयोग टोलीद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो। दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक विषय बस्तुहरु पहिचान गरियो। मध्यमकालीन खर्च संरचना तर्जुमा क्रममा निम्न बमोजिम सन्दर्भमा सामाग्रीहरु अध्ययन एवं समीक्षा गरियो।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एव सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, सोह्रौ राष्ट्रिय योजना, प्रदेशका योजनाहरु
- सुनकोशी गाउँपालिकाको सान्दर्भिक नीतिगत, कानून तथा प्रतिवेदन आदी।

**प्रक्रिया ३ मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा**

स्थानीय तहको मध्यमकालीन खर्च सरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा गाउँपालिकामा प्रारम्भिक बैठकको आयोजना गरी छलफल गरियो। यस बैठकमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखा शाखाका प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो। बैठकमा भएको छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो। साथै, बैठकमा आएका सुझाव र पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च सरचना तयारी कार्ययोजना तर्जमा परिमार्जन गरियो।

**चरण - २ : लेखाजोखा चरण**

**प्रक्रिया ६ : अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना**

वि.स. २०८० जेष्ठ गते मध्यमकालीन खर्च संरचनाको तर्जुमा प्रक्रियाकको सम्बन्धमा साझा बुझाई तयार गर्ने उद्देश्यले एक दिने अभिमुखीकरण कार्यक्रमको आयोजना गरियो। उक्त कार्यक्रममा गाउँपालिकाका विषयगत शाखाको कर्मचारी सहभागिता रहेका थिए। कार्यशालामा मध्यमकालीन खर्च सरचना सम्बन्धी अवधारणा, कानूनी आधार, विधि तथा प्रक्रिया औजार,

सस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुत गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एक रुपता कायम गरियो। मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृती र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो। मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धमा गठन गरिएको कार्यदलको विवरण अनुसूची १ मा प्रस्तुत छ।

**प्रक्रिया ७ : विषयगत समिति तथा शाखाहरुसँग परामर्श तथा छलफल**

विषयगत रणनीतिक योजना, प्रस्तावित प्रथम आवधिक योजना र बार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समितिहरुसँग छलफल गरियो। यस छलफलबाट विषयगत समिति तथा शाखाका प्रमुखहरु चालू आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना तथा संभाव्यता अध्ययन र लागत अनुमान भएका आयोजना र कार्यक्रमहरुको विवरण संकलन गरियो। उक्त छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार गरियो र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत तथा आवश्यकता निर्धारण गरियो।

**प्रक्रिया ८. श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण**

अन्तर-सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा तथा आन्तरिक श्रोतलाई राजस्व सुधार कार्ययोजनाका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोत अनुमान तथा प्रक्षेपण गरियो। विगत आर्थिक वर्षहरुको खर्च सहित गाउँ विकास गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र प्रस्तावित प्रथम आवधिक योजना, विषयगत तथा क्षेत्र रणनीति अनुसार प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरि खर्चको अनुमान तथा प्रक्षेपण गरियो। श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको विषय क्षेत्र तथा उपक्षेत्रगत बजेट सीमा निर्धारण गरियो। यसरी तयार गरिएको बजेट सीमालाई सबै विषयगत शाखा र शाखामा क्षेत्रगत मध्यमकालीन खर्च सरचना तयारीका लागि उपलब्ध गराइयो।

**चरण – ३ : तर्जुमा चरण**

**प्रक्रिया ९: क्षेत्रगत योजना तर्जुमा**

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा बैठक गरियो। उक्त छलफलमा विषयगत शाखा र बिषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको।

**प्रक्रिया १०: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी**

उपलब्ध बजेट सीमा तया मार्गदर्शनका आधारमा विषयगत शाखा/एकाइसँग छलफल गरि उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो। यसरी तयार गरिएको उप-क्षेत्रगत मध्यमकाचीन चर्च संरचनालाई एकीकृत गरि विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयार गरियो।

**प्रकृया : ११ मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी**

छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष गरिने आयोजना तथा कार्यक्रको पहिचान गरि प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्नुका साथै स्थानीय रणनीतिक स्तम्भ प्राथमिकताक्रम, दिगो विकास लक्ष्य लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रकी साङ्केतीकरण गरियो।

**प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी**

निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन व्यर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो। यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रन तर्जुमा समितिसँग राय परामर्श गरियो। त्यसै गरी मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा प्रस्तावित प्रथम आवधिक योजना, विषयगत तथा क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको विवरण, विषयगत क्षेत्र योजना २ वार्षिक विकास कार्यक्रन समीक्षाबाट प्राप्त उपलब्धि बिबरण तथा क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो। यस दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाका साथै त्रिषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना तथा कार्यक्रम सहितको आयोजनाको सार तयार गरी प्रस्तुत गरिएको छ।

**चरण ४: स्वीकृति चरण**

**प्रक्रिया १३: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुती, छलफल तथा सुझाव संकलन**

**उल्लेखित विधि**: प्रक्रियाबाट तयार गरिएको मस्यौदा दस्ताबेज प्रस्तुती तथा छलफल गरी आवश्यक सुझाव संकलन गरिएको थियो। उक्त कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता थियो। उक्त कार्यक्रममा मस्यौदा प्रतिवेदनका प्रमुख पक्षहरुमा प्रस्तुती तथा छलफल गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो। त्यसै गरि बिषय उप-क्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांङ्केतीकरणलाई समेत अन्तिम रुप प्रदान गरियो।

**प्रक्रिया १४: मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी**

मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रमका साथै विभिन्न शाखाहरुबाट प्राप्त सुझावहरु तथा दस्ताबेजमा अपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन तथा समावेश गरि मध्यमकालीन खर्च संरचनाको यो अन्तिम मस्यौदा तयार गरिएको छ।

**प्रक्रिया १४: मध्यमकालीन खर्च संरचनाको स्वीकृति**

उक्त चरण र प्रक्रिया अनुसार तयार भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकाबाट आवश्यक छलफल गरि गाउँ सभामा पेश गरि गाउँसभाको चौथो अधिबेशनबाट मिति २०८१ असार ३० गते स्वीकृत गरियो।

परिच्छेद – २

# मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचना तर्जमा र कार्यान्वयन गरि प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको बिनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो । सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनु पर्दछ । यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ ।

सङ्घीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यबस्था गरेको छ । उक्त विवरणमा वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम सहितको चालु खर्च, पूँजीगत खर्च खुलाउनु पर्ने व्यवस्था रहेको छ । उपरोक्त सवैधानिक तथा कानूनी व्यवस्था अनुसार सुनकोशी गाउँपालिकाले तय गरेको दीर्घकालीन सोच सहितको प्रस्तावित प्रथम आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको बिनियोजन सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च सरचना आवश्यक रहेको छ ।

नेपाल सरकारले घोषणा गरेको **समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोच** अनुरुप तयार चालु स्रोहौ योजना, बागमती प्रदेश सरकारको प्रथम आवधिक योजना र गाउँपालिकाको प्रस्तावित प्रथम आवधिक योजनाका नीति तथा कार्यक्रमलाई यस दस्ताबेजमा समेट्ने प्रयास गरिएको छ । योजना तथा विकास उपलब्धिको सफलता वित्तीय सङ्घीयताको कुशल व्यवस्थापन, तीब्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । मध्यमकालीन खर्च संरचनाले यस तर्फ गाउँपालिकालाई मार्गदर्शन गर्नेछ ।

आर्थिक वर्ष २०८१/०८२ - २०८३/८४) को लागि तुर्जुमा गरिएको यस मध्यमकालीन खर्च संरचनाले तीनै तहका सरकारहरुका योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता तथा गाउँपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्ग चित्रलाई मुख्य आधारका रुपमा लिइएको छ । गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र सलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस सरचनामा समेट्ने प्रयास गरिएको छ ।

## २.२ चुनौती तथा अवसर

संविधान प्रदत्त २२ वटा एकल अधिकार र संघ प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकारलाई पूर्ण रुपमा कार्यान्वयन गर्न गाउँपालिकासँग पर्याप्त कानून तथा नीतिहरु तयार गर्नु आवश्यक हुन्छ । संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारकी कायर्यान्वयन, दिगो विकास लक्ष्य, स्रोहौ योजना, बागमती प्रदेशको प्रथम आवधिक योजना र सुनकोशी गाउँपालिकाको प्रस्तावित प्रथम आवधिक योजनाको उद्देश्य हासिल गर्न गाउँपालिकामा पर्याप्त ऐन तथा नीतिहरु

बनि नसक्नु, वित्तीय सङ्घीयतको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशलता र नतिजामूलक व्यवस्थापन गरि विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नुलाई प्रमुख चुनौतिको रुपमा लिएको छ। यसै गरि, प्राकृतिक प्रकोप, नदीमा आउने वाढीले पार्ने क्षतिको व्यवस्थापन हुन नसक्नु, कृषि र पशुजन्य पूर्वाधारको अभाव, पर्यटकीय उत्पादनको पूर्वाधार तथा सूचना केन्द्रको अभाव, भौतिक पूर्वाधारको आधुनिकीरण हुन नसक्नु, सामुदायिक तथा संस्थागत विद्यालयहरुमा प्राविधिक शिक्षाको पहुँचमा कमी हुनु, विपन्न वर्गमा स्वास्थ्य सेवाको सहज पहुँच हुन नसक्नु, भौतिक संरचनाहरु बालबालिका, अपाङ तथा महिलामैत्री नहुनु, बाल विवाह, जातिय छुवाछुत कायमै रहनु, सुकुम्बासी परिवारमा खानेपानीको पहुँचमा कमी, गाउँ सरसफाईका लागि फोहोर वर्गीकरण तथा प्रशोधन विधि नअपनाउनु र खेल मैदानहरुको पूर्वाधार विकास पर्याप्त नहुनु चुनौतिपूर्ण रहेका छन्।

समग्र देशकै कुल ग्रार्हस्थ्य उत्पादन, राजस्व एवम् कृषि, उद्योग तथा सेवा क्षेत्रको ठूलो हिस्सा ओगट्ने बागमती प्रदेश अन्तर्गत रहेको सुनकोशी गाउँपालिकाको धरातलीय अवस्थितीले आफैमा धेरै संम्भावना तथा अवसर बोकेको छ। हिमाली प्रदेश अन्तर्गत सिन्धुपाल्चोक जिल्लामा पर्ने सुनकोशी गाउँपालिका नेपालका मध्ययम प्रकृतीको कृषि उत्पादकत्व भएका क्षेत्रहरु मध्ये एक हो। तसर्थ, व्यवसायिक कृषि यहाँको प्रमुख संम्भावना भएको क्षेत्र हो। अर्को तर्फ देश कै राजधानी काठमाडौँसँग नाका जोडिएको भएका कारण पहुँच प्राप्त यो गाउँपालिकाका लागि कृषि, उद्योग व्यवसाय, पर्यटन, बैंक तथा वित्तीय क्षेत्रको विकासको संम्भावना तथा अबसर दुवै छ। अर्को तर्फ यस गाउँपालिकासँग जोडिएको सुनकोशी नदी तथा जैविक विविधता तथा जलाधार युक्त क्षेत्रको प्रवर्द्धनबाट गाउँपालिकाले धेरै लाभ लिन सक्ने देखिन्छ। यहाँ रहेका स-साना रुपमा शुरुवाती चरणमा रहेको पर्यटन व्यवसायलाई थप आकर्षक बनाई "पर्यटकीय हबका रुपमा रहेको सुकुटेमा आउने पर्यटकहरुलाई रणनीतिक रुपमा सुनकोशी गाउँपालिकाले होमस्टे तथा अन्य माध्ययमबाट" को रुपमा विकास गर्न सकिने आधारहरु थुप्रै छन। वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवा मार्फत विश्वस्तरको ज्ञान, सीप, अनुभत्र तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी गाउँपालिकाले उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्दै क्रमिक रुपमा आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ। साथै, अन्य विपदले गर्दा अझ बलियो सुरक्षित निर्माण, उत्थानशीलता र वातावरणीय सन्तुलनका दिशामा यस खर्च संरचना केन्द्रित हुने प्रेरणा दिएको छ।

संघीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकासका कार्यहरु कमशः कार्यान्वयन हुँदै जानु अहिलेका प्रमुख अवसरहरु हुन्। गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निमर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धि, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सास्कृक्तिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन्।

## २.३ सोच, उद्देश्य तथा रणनीति

स्थानीय सरकारको सोच तथा उद्येश्य अनुरुप "सुन्दर सुनकोशी, सम्वृद्ध सुनकोशी र सुखी सुनकोशी" तथा प्रादेशिक सरकारको लक्ष्य तथा सुनकोशी गाउँपालिकाको श्रोत र साधनलाई दृष्टिगत गर्दै गाउँ विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ।

### २.३.१ दीर्घकालीन सोच

गाउँपालिकाको दीर्घकालीन सोच : **"सुन्दर सुनकोशी, सम्वृद्ध सुनकोशी र सुखी सुनकोशी" निर्माण ।**

### २.३.२ गाउँ विकासको लक्ष्य

दीर्घकालीन सोचको आधार तय गरिएको गाउँ विकासको लक्ष्य देहाय अनुसार रहेकोछ ।

**"गुणस्तरीय शिक्षा र स्वास्थ्यको सुविधा तथा दिगो पूर्वाधार विकास, आर्थिक वृद्धि, वातावरण सन्तुलन र समतामूलक एवम् समृद्ध समाजको आधारशिला तयार गर्ने ।**

### २.३.३ गाउँ विकासको उद्देश्य

१. स्थानीय संम्भावनाको पहिचान गरि स्वरोजगार तथा आय आर्जनका अवसरहरुको सिर्जना गर्नु,

२. महिला, विपन्न र सिमान्तकृत वर्गमा आधारभूत शिक्षा, स्वास्थ्य, र सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु,

३. व्यवस्थित पूर्वाधार तथा सुरक्षित बस्ती निर्माण गर्नु,

४. पर्यावरण तथा जैविक विविधताको संरक्षण र हरियाली गाउँ निर्माण गर्नु,

५. विपद् सम्बन्धी सचेतना तथा पूर्व तयारी र जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्नु,

६. गाउँपालिकाले प्रदान गर्ने सेवालाई प्रविधिमैत्री, शीघ्र र गुणस्तरिय तुल्याउनु ।

### २.३.४ गाउँ विकासको रणनीति

सुनकोशी गाउँपालिकाको समष्टिगत लक्ष्य, उद्देश्य तथा परिमाणत्मक लक्ष्यलाई तोकिएको समयावधिमा पूर्णता दिन प्रस्तावित प्रथम गाउँ विकास योजनाले देहायका समष्टिगत रणनीतिहरु अवलम्बन गरेको छ ।

- विकास प्रकृयामा अन्तर सरकार, निजी क्षेत्र, सहकारी, गैसस तथा समुदायसँगको साझेदारी र सहकार्य मजबुद तुल्याउने,
- गाउँपालिकालाई कृषी/पर्यटनको केन्द्रको रुपमा विकास गर्ने,
- कृषिमा व्यवसायिक तथा यान्त्रिकरणको माध्यमबाट प्रतिष्पर्धात्मक र उच्च प्रतिफलयुक्त तुल्याउने ।
- प्राकृतिक तथा सास्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन तथा उच्चतम व्यवस्थापनको नीतिगत व्यवस्थाबाट समुदायको आर्थिक विकास गर्ने,
- पूर्वाधार विकासको गुणस्तरीयता तथा दिगोपना कायम गर्न नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन गर्ने,
- गुणस्तरीय तथा व्यावसायिक शिक्षा तथा आधारभूत स्वास्थ्य सुविधामा गाउँपालिकाका सबै नागरिकको पहुँच विस्तार गर्ने,
- निजी तथा कृषि वन विकास गरी वन पैदावार सम्बन्धि माग लाई सम्बोधन गर्दै गाउँपालिकामा हरियाली प्रवर्द्धन गर्ने,

- जलवायु परिवर्तनको असर न्यूनीकरण र दैविप्रकोप व्यवस्थापनका लागि वडा स्तरमानै सामुदायिक दैवीप्रकोप व्यवस्थापन समितिहरु गठन गर्ने,
- नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरि आन्तरिक राजस्वको दायरा विस्तार गर्ने
- गाउँपालिकाको संस्थागत संरचनाको वर्तमान अवस्थालाई आधुनिक, स्मार्ट, उच्च मनोवल युक्त, सकारात्मक र परिणाममुखी बनाउन नीतिगत व्यवस्था गर्ने ।

## २.४. मध्यमकालीन आर्थिक खाका

हाम्रो राष्ट्रिय सोच तथा संकल्प "समृद्ध नेपाल र सुखी नेपाली" र सुनकोशी गाउँपालिकाको सोच '**सुन्दर सुनकोशी, सम्वृद्ध सुनकोशी र सुखी सुनकोशी**" तथा गाउँ विकासको लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ ।

### तालिका २.१: मध्यमकालीन समष्टिगत आर्थिक खाका तथा लक्ष्य

| सि. नं. | सूचक/लक्ष्य | एकाई | २०७९।०८० सम्मको उपलब्धी | २०८०।०८१ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ |
| १ | कुल बार्षिक उत्पादन | रु. लाखमा | ३०५००० | ३१०००० | ३२०००० | ३२५००० | ३३१००० |
| १.१ | कृषी क्षेत्र | रु. लाखमा | ९०००० | ९३००० | ९५००० | ९८००० | ९९०० |
| १.२ | गैरकृषी क्षेत्र (उद्योग र सेवा) क्षेत्र | रु. लाखमा | ३९०००० | ४००००० | ४३०००० | ४४०००० | ४४५००० |
| २ | बार्षिक औषत पारिवारिक आय | ने.रु | ३९५००० | ४००००० | ४५०००० | ४५५००० | ५६०००० |
| ३ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | संख्या | ३९० | ३९० | ५०० | ५२० | ५३० |
| ४ | आधारभूत खाद्य सुरक्षाको स्थितीमा रहेका परिवार | प्रतिशत | ५८ | ७० | ७५ | ७७ | ८० |
| ५ | प्रतिव्यक्ति बार्षिक औषत आय | अमेरिकी डलर | १२४६ | १४५६ | १७०० | १८०० | २००० |

| सि. नं. | सूचक/लक्ष्य | एकाई | २०७९।०८० सम्मको उपलब्धी | २०८०।०८१ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ |
| ६ | प्रतिव्यक्ति बार्षिक औषत आय | ने.रु | १६०७३४ | १८९२८० | २२४४०० | २३७६०० | २६६००० |
| ७ | बेरोजगार दर | प्रतिशत | ५ | ३ | २ | २ | १ |

*स्रोत : नेपालको आर्थिक सर्वेक्षण, २०८०।०८१ र बिषयगत शाखा प्राप्त तथ्याङ्क*

## २.५ मध्यमकालीन नतिजा खाका :

नेपाल सरकारको सोह्रौँ योजना, बागमति प्रदेशको प्रथम आवधिक योजना तथा सुनकोशी गाउँपालिकाको प्रस्तावित प्रथम आवधिक योजनाले लिएको समष्टिगत्त तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरि आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। यो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०८१/०८२ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व.२०८२/०८३ तथा २०८३/०८४ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य प्रस्तावित प्रथम आवधिक योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ।

### तालिका २.२ : प्रमुख बिषय क्षेत्रगत सूचक तथा मध्यमकालीन नतिजा खाका

| सि. नं. | सूचक/लक्ष्य | एकाई | २०७९।०८० सम्मको उपलब्धी | २०८०।०८१ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ |
| १ | आर्थिक वृद्धीदर | प्रतिशत | ५ | ६ | ७ | ८ | ९ |
| २ | कृषी क्षेत्रको योगदान | प्रतिशत | ८ | ९ | ९.५ | १० | १० |
| ३ | उद्योग क्षेत्रको योगदान | प्रतिशत | ४.५ | ४ | ५ | ६ | ६ |
| ४ | सेवा क्षत्रको योगदान | प्रतिशत | ६ | ७ | ८ | ९ | १० |
| ५ | प्रति व्यक्ति बार्षिक आय | अमेरिकी डलर | १२४६ | १४५६ | १७०० | १८०० | २००० |
| ६ | साक्षरता दर (१५ बर्ष माथि) | प्रतिशत | ९६.६७ | ९७.०० | ९७.५० | ९८.०० | ९९.०० |

| सि. नं. | सूचक/लक्ष्य | एकाई | २०७९।०८० सम्मको उपलब्धी | २०८०।०८१ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ |
| ७ | माध्यमिक तहमा खुद भर्ना दर | प्रतिशत | ९३.३७ % | ९३.५२ | ९५.०० | ९७.५० | ९९.०० |
| ८ | बाल कुपोषण दर | प्रतिशत | २ | २ | १ | ० | ० |
| ९ | मापदण्ड अनुसार बनेका आवाश | प्रतिशत | ७० | ७० | ७५ | ८० | ९० |
| १० | खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ७० | ८० | ८५ | ९० | ९५ |
| ११ | बाह्रै महिना सञ्चालन हुने सडक | प्रतिशत | 0 | १.८ | २ | ३ | ४ |
| १२ | उत्पादनमूलक कार्यमा बैदेशिक रोगजारीबाट प्राप्त आयको उपयोग | प्रतिशत | १ | २ | ४ | ५ | १० |
| १३ | बैंक र बजार केन्द्रमा पुग्न लाग्ने औषत समय | मिनेट | ६० | ५० | ४८ | ४५ | ४२ |
| १४ | औषत आय | बर्ष | १२४६ | १४५६ | १७०० | १८०० | २००० |
| १५ | स्थानीय नीति, कानुन, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | **४५** | **६५** | **७५** | **८५** | **९५** |
| १५ | कम्पूटरमा अभिलेख राख्ने र विधुत्तिय माध्यमबाट रिपोर्टिङ गर्ने वडा | संख्या | ० | २ | ७ | ७ | ७ |
| १६ | नीति, कानूत, कार्यबिधि र मापदण्ड पालना | प्रतिशत | ४० | ४५ | ५० | ६० | ८० |
| १७ | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगती तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा | प्रतिशत | ५ | १८ | २० | २३ | २५ |

**स्रोत : नेपालको आर्थिक सर्वेक्षण २०८०।०८१**

## २.६ मध्यमकालीन बजेट खाका

प्रस्तावित प्रस्तावित प्रथम आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत एवम् विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राचमिकता, बिनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिई गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तयार गरिएको छ। मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लेखित समष्टिगत नतिजा खाका तया विषय क्षेत्रगत नतिजा प्राप्त गर्नका लागि आवश्यक हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ। विभिन्न खालको विपद्, जलवायु परिवर्तनजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ । विपद्ले सिर्जना गरेका विकासका अवसरहरुको उपयोग गर्ने खालका विकास कार्यक्रमको तर्जुमालाई प्राथमिता दिइएको छ।

गाउँ विकास गौरवका योजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, र विपदजन्य घट्नाबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई पनि ध्यान दिइएको छ। त्रिवषीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषयगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची २ मा प्रस्तुत छ।

पहिलो वर्षको खर्च संरचनाको राजस्व तथा खर्च अनुमान गर्दा आर्थिक वर्ष २०८१/०८२ को बजेट राजस्व तथा विनियोजनका आधारमा गरिएको छ भने दोस्रो र तेस्रो बर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको प्रस्तावित प्रथम आवधिक योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ। प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ। आगामी आ.व. २०८२/०८३ तथा २०८३/०८४ का लागि स्रोत अनुमान तथा प्रक्षेपण गर्दा विगत आ.व हरुको स्रोत संकलन, चालु आ.व को अनुमान तथा जेष्ठ मसान्तसम्मको संकलन, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानका सिलिङ्ग तथा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले सिफारिस गरेका रोयल्टी तथा राजस्व बांडफाँटका दस्तावेजहरुलाई मुख्य आधारका रुपमा लिईएको छ।

गाउँपालिकाको आगामी तीन वर्षको अवधिमा कुल बजेट रु.१ अर्ब ६५ करोड ६२ लाख ३२ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ। स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. ८ करोड १८ लाख ८१ हजार, राजश्व बाँडफाटबाट रु.२९ करोड ९९ लाख ३० हजार र नेपाल सरकारको वित्तीय हस्तान्तरण, सशर्त, बिषेश तथा समपुरक समेतबाट रु. १ अर्ब १० करोड ५९ लाख ६७ हजार र प्रदेश सरकार वित्तीय हस्तान्तरण, समपुरक, सशर्त र बिषेश योजना समेतबाट रु. १६ करोड ८५ लाख ५५ हजार व्यहोरिने प्रक्षेपण गरिएको छ। यस सम्वन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ।

## तालिका २.३ त्रिवर्षीय बजेट बिनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)

| सि. नं. | बजेटका स्रोतहरु | गत आ.व. को २०७९।०८० को अथार्थ | २०८०।०८१ को संशोधित अनुमान | आय र प्रक्षेपण | | | ३ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८१।०८२ को यथार्थ | २०८२।०८३ को प्रक्षेपण | २०८३।०८४ को प्रक्षेपण | |
| १ | खर्च अनुमान | | | | | | |
| | चालु खर्च | ३५६२३० | ३८६००० | ३५१८१८ | ३७२५५७ | ३९५५८० | १११९९५५ |
| | पुँजीगत खर्च | १६१९०७ | १८२१८९ | २०३३१५ | १६८१८८ | १६४७७४ | ५३६२७७ |
| | वित्तिय व्यवस्था | ० | ० | ० | ० | ० | ० |
| | **कुल** | ५१८१३६ | ५६८१८९ | ५५५१३३ | ५४०७४५ | ५६०३५५ | १६५६२३२ |
| २ | आय | | | | | | |
| क | राजश्व तथा अनुमान | | | | | | |
| ३ | आन्तरिक आय/राजश्व | १८५४२ | १३२२१ | ५०८६० | १५०२१ | १६००० | ८१८८१ |
| | राजश्व बाँडफाँटबाट प्राप्त (संघ) | ५६८६३ | ६२०२३ | ७३५०० | ७८०७५ | ८०१६२ | २३१७३७ |
| | राजश्व बाँडफाँटबाट प्राप्त (प्रदेश) | १८८४८ | १८८५९ | २१५७७ | २२७५५ | २३८६१ | ६८१९३ |
| ४ | संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण | | | | | | |
| | वित्तिय समानीकरण अनुदान | ११४५१५ | १००६२६ | १०९७०० | १२१७९४ | १२५०३२ | ३४७६२६ |
| | सशर्त अनुदान | २४६४३२ | २४२७८८ | २१९२४१ | २२०००० | २२०२०० | ६५९४४१ |
| | समपुरक अनुदान | २०००० | २५००० | १३५०० | १५००० | १६००० | ४४५०० |
| | बिषेश अनुदान | ० | ११५०० | १२५०० | १६००० | १७००० | ४५५०० |

| सि. नं. | बजेटका स्रोतहरु | गत आ.व. को २०७९।०८० को अथार्थ | २०८०।०८१ को संशोधित अनुमान | आय र प्रक्षेपण | | | ३ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८१।०८२ को यथार्थ | २०८२।०८३ को प्रक्षेपण | २०८३।०८४ को प्रक्षेपण | |
| ५ | प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण | | | | | | |
| | वित्तिय समानिकरण अनुदान | ११७९९ | ११११२५ | १०९७७ | ११००० | ११६०० | ३३५७७ |
| | सशर्त अनुदान | १९०१० | २३६८६ | १४३७८ | १५००० | १५५०० | ४४८७८ |
| | समपुरक अनुदान | ३०००० | २५००० | २०००० | ३०००० | ३०००० | ८०००० |
| | बिषेश अनुदान | ११००० | ३००० | ० | ५००० | ५००० | १०००० |
| ६ | अन्तर स्थानीय तहबाट प्राप्त अनुदानहरु | | | | | | |
| ७ | जनसहभागिता | | | | | | |
| ८ | ऋण | | | | | | |
| ९ | नगद तथा बैक मौज्दात | ० | ३३९२०८९ | ० | ० | ० | ० |
| **ख** | कुल खर्च | ५१८१३६ | ५६८१८९ | ० | ० | ० | ० |
| १० | चालु खर्च | ३५६२३० | ३८६००० | ८३४३९ | ३७२५५७ | ३९५५८० | ११११९५५ |
| ११ | पुंजीगत खर्च | १६१९०७ | १८२१८९ | १९२९०४ | १६८१८८ | १६४७७४ | ५३६२७७ |
| **ग** | बचत (± वा –) | | | | | | |

## २.७ बजेट बिनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन बर्षको बजेट अनुमान र प्रक्षेपणको बिभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ।

**क. प्राथमिकताक्रमको आधारमा बाँडफाँट**

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ।

### तालिका २.४ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| प्राथामिकताक्रम | आयोजना /कार्यक्रम संख्या | २०८१/०८२ को अनुमान | | आ.व.२०८२/०८३ को प्रक्षेपण | | आ.व.२०८३/०८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | ३९ | ४६८५१४ | ८४ | ४१८६२३ | ७७ | ४४३७८५ | ७९ |
| प्राथमिकता पहिलो (P2) | ३५ | ८६६१८ | १६ | १२२१२२ | २३ | ११६५७० | २१ |
| जम्मा | ७४ | ५५५१३२ | १०० | ५४०७४५ | १०० | ५६०३५५ | १०० |

**ख. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट**

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका न. २.५ मा प्रस्तुत गरिएको छ।

### तालिका २.५ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| संकेत नम्बर | दिगो विकास लक्ष्य | आयोजना/ कार्यक्रम संख्या | २०८१/०८२ को अनुमान | | २०८२/०८३ को प्रक्षेपण | | २०८३/०८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिवीको अन्त्य | ३ | ९४७२ | २ | १०८०८ | २ | १०९०८ | २ |
| २ | शुन्य भोकमरी | ७ | २५२३३ | ५ | २५३०५ | ५ | २२८०८ | ४ |

| संकेत नम्बर | दिगो विकास लक्ष्य | आयोजना/ कार्यक्रम संख्या | २०८१/०८२ को अनुमान | | २०८२/०८३ को प्रक्षेपण | | २०८३/०८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ३ | स्वस्थ जीवन | ५ | ५८९६१ | ११ | ७०७५३ | १३ | ८४९०४ | १५ |
| ४ | गुणस्तरीय शिक्षा | ७ | १९२०४१ | ३५ | १९५९०६ | ३६ | २०१८१९ | ३६ |
| ५ | लैङ्गिक समानता | २ | ८०० | ० | ६५० | ० | ७०० | ० |
| ६ | स्वच्छ पानी र सरसफाइ | ९ | ३५०० | १ | ४१७० | १ | ४६७७ | १ |
| ७ | आधुनिक उर्जामा पहुँच | ३ | २४०० | ० | ५०० | ० | ५१५ | ० |
| ८ | समावेशी आर्थिक वृद्धी र मर्यादित काम | ४ | १८४६२८ | ३३ | १५१८८४ | २८ | १४७५८९ | २६ |
| ९ | उद्योग नवीन खोज र पूर्वाधार | १ | १००० | ० | १५०० | ० | १०५१ | ० |
| १० | असमानता न्यूनीकरण | ७ | १८३८ | ० | २३५० | ० | ७७१३ | १ |
| ११ | दिगो शहर र बस्ती | १ | ० | ० | २०० | ० | २०६ | ० |
| १२ | दिगो उपभोग उत्पादन | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | जलवायू परिवर्तन अनुकुल | ३ | ४००० | १ | ८००० | १ | ८००० | १ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | भूसतह स्रोतको उपयोग | १ | ० | ० | ४०० | ० | ६०० | ० |
| १६ | शान्ती, न्याय र सबल संस्था | १७ | ६९५५९ | १३ | ६६८१९ | १२ | ६७३६५ | १२ |
| १७ | दिगो विकासका लागि साझेदारी | २ | १७०० | ० | १५०० | ० | १५०० | ० |
| | **कुल जम्मा** | ७२ | ५५५१३२ | १०० | ५४०७४५ | १०० | ५६०३५५ | १०० |

### ग. लैङ्गिक सकेतको आधारमा बाँडफाँट

लैङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका न. २.६ मा प्रस्तुत गरिएको छ।

**तालिका २.६ : लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| लैङ्गिक संकेत | आयोजना/कार्यक्रम संख्या | आ.व.२०८१/०८२ को अनुमान | | आ.व. २०८२/०८३ को प्रक्षेपण | | आ.व.२०८३/०८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | ६ | १७१३ | ० | १९०५ | ० | ७८६३ | १ |
| सहयोगी | १० | ४६५३२ | ८ | ५०९०९ | ९ | ४८१५० | ९ |
| तटस्थ | ५८ | ५०६८८७ | ९१ | ४८७९३१ | ९० | ५०४३४२ | ९० |
| **जम्मा** | ७४ | **५५५१३२** | **१००** | **५४०७४५** | **१००** | **५६०३५५** | **१००** |

### ङ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत गरिएको छ।

**तालिका २.७ : जलवायु संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| जलवायु | आयोजना /कार्यक्रम संख्या | २०८१/०८२ को अनुमान | | आ.व.२०८२/०८३ को प्रक्षेपण | | आ.व. २०८३/०८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | ७ | ३५०० | १ | १८७० | ० | ६३९२ | १ |
| सान्दर्भिक | ९ | २४०० | ० | ३७०० | १ | २७०० | ० |
| तटस्थ | ५८ | ५४९२३२ | ९९ | ५३५१७५ | ९९ | ५५१२६३ | ९८ |
| **जम्मा** | ७४ | **५५५१३२** | **१००** | **५४०७४५** | **१००** | **५६०३५५** | **१००** |

**च. गाउँपालिकाका बहुबर्षे तथा गौरव आयोजना**

सुनकोशी गाउँपालिकाले वातावरणमैत्री पूर्वाधार निर्माण, शैक्षिक तथा आर्थिक क्षेत्रमा उच्च योगदान पुऱ्याउने रणनीतिक महत्वका आयोजनालाई गौरवका आयोजनाको रुपमा प्रस्ताव गरेको छ । गाउँपालिकाको गौरवका आयोजनाहरुलाई आर्थिक वर्ष २०८१/८२ को खर्च अनुमान र त्यस पछिका दुई वर्षको खर्च प्रक्षेपणलाई तालिका २.८ मा प्रस्तुत गरिएको छ।

**तालिका २.८ : गाउँपालिकाको बहुबर्षे तथा गौरबका आयोजना**

| सि. नं. | आयोजना तथा कार्यक्रम | त्रिवर्षीय खर्च अनुमान (रु. हजारमा) | | |
|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १ | सियाले यमुनाडाँडा सुनखानी सडक स्तरोउन्नती, सुनकोशी | ५००० | १०००० | १०००० |
| २ | स्वास्थ्य कार्यालय सडक स्तरोउन्नती, सुनकोशी – २ | ५००० | ० | ० |
| ३ | मानेडाँडा बरपिपल उकालो सिल्कु बाघखोर सडक स्तरोउन्नती, सुनकोशी - ५ | ५००० | ३००० | ३००० |
| ४ | ठकुरीगाउँ रैकर डाँडा सडक ढलान, सुनकोशी -२ | ५००० | ३००० | ३००० |
| ५ | सुकुटे महेन्द्र कान्ति मिल्डाँडा सडक स्तरोउन्नती, सुनकोशी - ३ | ५००० | २०००० | २०००० |
| ६ | पूर्वाधार निर्माण तथा रणनीतिक महत्वका योजनाहरु निर्माण | २७००० | २०००० | २०००० |
| | **जम्मा रु** | **५२०००** | **५६०००** | **५६०००** |

## २.८ विषय क्षेत्रगत बाँडफाँट

सुनकोशी गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (२०८१/८२ -२०८३/०८४) विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं.२.९ मा प्रस्तुत गरिएको छ। विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची - ३ समावेश गरिएको छ।

### तालिका २.९: आगामी तीन आ.व.को विषय उप-क्षेत्रगत खर्चको बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा)

| सि.न | बिषय क्षेत्र | २०८१/०८२ को यथार्थ आय | | | २०८२/०८३ को व्यय प्रक्षेपण | | | २०८३/०८४ को व्यय प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पूँजिगत | कुल | चालु | पूँजिगत | कुल | चालु | पूँजिगत |
| १ | कृषी तथा खाद्य सुरक्षा | १४३५१ | १८५१ | १२५०० | १६१६३ | ३१६३ | १३००० | १३००० | ४००० | ९००० |
| २ | सिंचाई | ५५०० | ० | ५५०० | ५६१० | ० | ५६१० | ५००० | ० | ५००० |
| ३ | पशु सेवा | २४८२ | २४८२ | ० | २५३२ | २५३२ | ० | २६०८ | २६०८ | ० |
| ४ | उद्योग, व्यापार तथा व्यवसाय | २५० | २५० | ० | २५५ | २५५ | ० | २७० | २७० | ० |
| ५ | पर्यटन तथा संस्कृती | २९०० | ४०० | २५०० | १००० | ९०० | १०० | २२०० | २१०० | १०० |
| ६ | भूमी व्यवस्था, सहकारी र वित्तीय सेवा | १५० | १५० | ० | ३०० | ३०० | ० | ३०६ | ३०६ | ० |
| ७ | श्रम तथा रोजगार | ७६०७ | ७६०७ | ० | ८७५९ | ८७५९ | ० | ८८०० | ७८०० | १००० |
| ८ | गरिवी निवारण | १७१५ | १५७५ | १४० | १७४९ | १५०० | २४९ | १८०२ | १८०२ | ० |
| ९ | शिक्षा, वित्तान तथा प्रविधि | १९२०४१ | १९१४४१ | ६०० | १९५८८२ | १९५२८२ | ६०० | २०१७५८ | २००९५८ | ८०० |
| १० | स्वाथ्य तथा पोषण | ५८९६१ | ५८९६१ | ० | ७०७५३ | ७०७५३ | ० | ८४९०४ | ८४९०४ | ० |
| ११ | खानेपानी तथा सरसफाइ | ३५०० | ३५०० | ० | २५०० | २५०० | ० | २५७५ | २५७५ | ० |
| १२ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | २६३८ | २६३८ | ० | ३००० | ३००० | ० | ४००० | ४००० | ० |

| सि.न | बिषय क्षेत्र | २०८१/०८२ को यथार्थ आय | | | २०८२/०८३ को व्यय प्रक्षेपण | | | २०८३/०८४ को व्यय प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पूँजिगत | कुल | चालु | पूँजिगत | कुल | चालु | पूँजिगत |
| १३ | युवा तथा खेलकुद | १२०० | १२०० | ० | १३०० | १३०० | ० | १३३९ | १३३९ | ० |
| १४ | बस्ती विकास, आवाश र भवन | ० | ० | ० | २०० | २०० | ० | २०६ | २०६ | ० |
| १५ | सडक तथा यातयात | १००० | ० | १००० | १५०० | ० | १५०० | १०५१ | ० | १०५१ |
| १६ | विधुत्त तथा स्वच्छ उर्जा | २४०० | २४०० | ० | ५०० | ५०० | ० | ५१५ | ५१५ | ० |
| १७ | सूचना, संचार तथा प्रविधि | १००० | १००० | ० | १००० | १००० | ० | १०३० | १०३० | ० |
| १८ | वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण | ० | ० | ० | ५०० | ५०० | ० | १००० | १००० | ० |
| १९ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ० | ० | ० | ५०० | ० | ५०० | ६०० | ० | ६०० |
| २० | विपद् जोखिम व्यवस्थापन तथा जलवायु अनुकुलता | ४००० | १५०० | २५०० | ८००० | ८००० | ० | ८००० | ६००० | २००० |
| २१ | नीति, कानून, न्याय र शुशासन | २१५० | २१५० | ० | १८०० | १८०० | ० | १८५४ | १८५४ | ० |
| २२ | संगठन, मानव शंशाधन र क्षमता विकास | ६५३०९ | ६२२०९ | ३१०० | ६२५१३ | ५९४१३ | ३१०० | ६५०१४ | ६२०१४ | ३००० |
| २३ | राजश्व तथा स्रोत परिचालन | २५० | २५० | ० | ३०० | ३०० | ० | ३०० | ३०० | ० |

| सि.न | बिषय क्षेत्र | २०८१/०८२ को यथार्थ आय | | | २०८२/०८३ को व्यय प्रक्षेपण | | | २०८३/०८४ को व्यय प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पूँजिगत | कुल | चालु | पूँजिगत | कुल | चालु | पूँजिगत |
| २४ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन | १८५७२८ | १०२५३ | १७५४७५ | १५४१२९ | ११६०० | १४२५२९ | १५२२२४ | १०००० | १४२२२३ |
| | **कुल जम्मा** | **५५५१३२** | **३५१८१७** | **२०३३१५** | **५४०७४५** | **३७३५५७** | **१६७१८८** | **५६०३५५** | **३९५५८०** | **१६४७७४** |

आर्थिक वर्ष २०८१/८२ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपणको विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद - ३ देखि परिच्छेद - ७ सम्म प्रस्तुत गरिएको छ।

परिच्छेद - ३

# आर्थिक विकास

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### २.१.१ पृष्ठभूमि

कृषी क्षेत्र प्रमुख पेशाका रुपमा रहेको सुनकोशी गाउँपालिकाको व्यावसायिक कृषि मुख्य व्यवसाय हो। सबै वडामा प्रयाप्त खेतीयोग्य जमिन रहेको गाउँपालिकाको प्रमुख उत्पादनमा धान, मकै, गहुँ, आलु जस्ता अन्न बाली रहेको छ भने नगदे बालीका रुपमा तरकारी, फलफूल, केरा खेती रहेका गरेका छन। कृषि यस क्षेत्रका जीविकोपार्जन तथा रोजगारीको मुख्य आधारका रूपमा रहेको छ। गाउँपालिकाले आवश्यकता महशुस गरी निर्माण गरिए अनुसार तथा संघीय सरकारको बिषेश अनुदानका रुपमा कृषि तथा पशुपंक्षि विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम मुख्य कार्यक्रमका रुपमा कार्यान्वयनमा रहेको छ। आफने ब्रान्डिङ सहित कफी प्रशोधन तथा बजारीकरण कार्य लक्ष्य अनुसार उपलब्धी हासिल भई रहेको छ। कृषिको उत्पादन तथा उत्पादकत्व बृद्धी गर्न बृहत्त सिंचाई योजना कार्यान्वयन गर्ने, कृषि उत्पादनको लागतमा न्यूनीकरणका लागि कृषि अनुदान तया कृषि विमा कार्यक्रमलाई प्राथामिकतामा राखि कार्यान्वयन गर्ने लक्ष्य लिएको छ।

### ३.१.२ समस्या तथा चुनौती

ग्रामिण भूभागका मुख्य समस्याको रुपमा रहेको निर्वाहमुखी कृषि उत्पादन, कृषि संकलन केन्द्र पर्याप्त नहुनु, मल बिउ तथा प्राविधिक सेवाको अभाव र जंगली जनावरको अतिक्रमण जस्ता समस्याहरु प्रमुख समस्याका रुपमा रहेका टन्। केही मात्रमा उत्पादनको शुरुवात भएमा पनि चिस्यान केन्द्रको कमी, कृषिमा श्रोत साधनको कमी, बजार मूल्यको अस्थिरता र कृषिमा व्यवसायिकताको कमी, बाढीले बर्षेनी पार्ने क्षति यस क्षेत्रको कृषिका प्रमुख समस्या हुन। कृषि पेशामा आकर्षण कायम गर्नु र तुलनात्मक लाभको क्षेत्रका रुपमा तयार गर्नु चुनौतिका रुपमा रहेको छ।

### ३.१.३ सोच

**"व्यवसायिक, उत्पादनशील कृषि र आत्मनिर्भर कृषक"**

### ३.१.४ उद्देश्य

१. कृषि क्षेत्रलाई आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायिकरण तथा मुल्य श्रङ्खलामा आवद्ध गर्न,

२. कृषि उपजको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु,

३. कृषि उपजको व्यवस्थित बजारीकरण गर्नु।

### ३.१.५ रणनीति

१. वैज्ञानिक भूमि व्यवस्थापनद्वारा उत्पादकत्व वृद्धि गरी आत्मनिर्भर कृषि प्रणालीको विकास गर्ने।

२. कृषि व्यवसायलाई व्यवस्थित बनाउन दीर्घकालीन कृषि नीति तथा योजना निर्माण गर्ने।

३. मागमा आधारित तुलनात्मक र प्रतिष्पर्धात्मक लाभका क्षेत्रको पहिचान गरी व्यवसायिकतामा जोड दिने।

४. सहकारीतामा आधारित कृषि प्रणालीको माध्यमबाट कृषिमा व्यवसायिकताको अभिवृद्धि गर्ने।

५. भूमिको उत्पादकत्व र उत्पादनशिलता अभिवृद्धिका लागि खण्डिकरण न्यूनीकरण र एकीकृत खेती प्रणाली गर्ने नीति अबलम्बन गर्ने।

६. गाउँपालिकाको धरातलीय स्वरुप अनुसार कृषि क्षेत्रको विशिष्टिकरण गर्ने।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

प्रस्तावित आवधिक योजना अनुसार आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं ३.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१ कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| स्थानीय व्यवसायिक कृषी फार्म | संख्या | ५१ | ५६ | ६० | ६४ | ७० |
| अगुवा/व्यवसायिक कृषक | संख्या | ४४ | ५९ | ५५ | ६२ | ६७ |
| आलु व्यवसायिक उत्पादन क्षेत्र | रोपनी | १३० | १५० | २०० | २३० | २४० |
| खाद्ययन्न (धान,मकै,गहुँ) उत्पादन | मे.ट. | २७० | २८२ | २८५ | २९० | २९५ |
| तरकारी उत्पादन | मे.ट. | ८ | १० | १२ | १५ | २० |
| व्यवसायिक कृषी नर्सरी | संख्या | ३ | ३ | ३ | ३ | ४ |
| कृषी सहकारी संस्था | संख्या | १२ | १२ | १२ | १३ | १३ |
| दुग्ध उत्पादन सहकारी संस्था | संख्या | ७ | ७ | ८ | ९ | १० |
| कृषक समूह | संख्या | ८३ | २०० | २०५ | २०८ | २११ |
| कृषी उपज संकलन केन्द्र तथा बजार प्रवर्द्धन केन्द्र | संख्या | ० | १ | १ | २ | २ |

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम तथा मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान ३.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.२ : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | १४३५१ | १८५१ | १२५०० | ० | ५६५ | १३२८६ | ५०० | ० |
| २०८२/०८३ | १६१६३ | ३१६३ | १३००० | ० | ६६३ | १५००० | ५०० | ० |
| २०८३/०८४ | १३००० | ४००० | ९००० | ० | ३७०० | ९००० | ३०० | ० |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि लागत तथा अपेक्षित उपलब्धी सहितको कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको संक्षिप्त विवरण तालिका नं ३.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.३ : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषी तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम | कृषी तथा पशु विकासमा प्रवर्द्धन गर्ने | सालबसाली | ३४१६३ | कृषी तथा पशुपालनका क्षेत्रमा व्यवसायिक क्षेत्रमा युवा कृषहरु अभिप्रेरित हुने छन्। |
| २ | कृर्षी प्रवर्द्धन कार्यक्रम | कृषी क्षेत्रलाई प्रवर्द्धन गर्ने | सालबसाली | ९३५१ | कृषी प्रवर्द्धन कार्यक्रम प्रति आकर्षित हुने छन। |

### ३.१.९ जोखिम तथा अनुमान

गाउँपालिकाले कृषी सम्बन्धी आवश्यक मानदण्ड, कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरिसकेको हुनेछ। बेरोजगार युवाहरु कृषिमा आधारित भई व्यवसायमा आत्मनिर्भर हुने वातावरणको शुरुवात हुनेछ। कृषि प्रविधि तथा मल गुणस्तरीय बिउ र कृषि सामग्री, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ। साथै, कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको असरले लक्ष्य हासिल गर्नमा जोखिम रहन सक्दछ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

सुनकोशी गाउँपालिकाको पाश्वचित्र, २०८०।०८१ तथा राष्ट्रिय कृषि गणना, २०७८ मा उल्लेखित विवरणण अनुसार यस गाउँपालिकामा भएको कुल क्षेत्रफलको १३८२।७० हेक्टर कृषीयोग्य भूमी मध्ये अधिकांश कृषीयोग्य भूमी कृषीका लागि उपयोग भएको पाइएको देखिन्छ। जस मध्ये उपलब्ध सिंचाई सुविधा उपलब्ध भएको ६७७।८० हेक्टर (२२.१५ प्रतिशत) रहेको छ।

### ३.२.२ समस्या तथा चुनौति

- गाउँपालिकाका सबै वडामा अझै पनि सिंचाईको सुबिधा पर्याप्त नहुनु,
- प्राकृतिक विपदको कारणले सिंचाईको कुलोहरुमा क्षति पुगेको हुनाले मर्मतमा धेरै खर्च हुने,
- १२ मासे सिंचाईहरु पर्याप्त नभएको,
- लिफ्ट र थोपा सिंचाई जस्ता आधुनिक सिंचाई प्रविधिहरुको कमि रहनु।

### ३.२.३ सोच

**"व्यवस्थित तथा सुविधायुक्त सिचाई"**

### ३.२.४ उद्देश्य

- खेतीयोग्य जमिनमा प्रर्याप्त सिंचाईको व्यबस्था गर्नु,
- आधुनिक प्रविधिमा आधारित सिंचाई सुविधाको विस्तार गर्नु।

### ३.२.५ रणनीति

- प्राकृतिक सिंचाईका स्रोतको पहिचान र दिगो उपयोगलाई प्रवर्द्धन गर्ने,
- सिंचाई सुविधा नपुगेका ग्रामीण र भिराली क्षेत्रमा लिफ्ट तथा अन्य प्रविधिमा आधारित सिंचाई प्रणालीको बिस्तार गर्ने,
- आधुनिक सिंचाई प्रविधिको उपयोग मार्फत थोपा सिंचाई लगायतका विधिको उपयोगलाई प्रोत्साहन गर्ने।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

प्रस्तावित प्रथम आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार गरिएको नतिजा सूचक र मध्यमकालीन लक्ष्य तालिका नं. ३.४ मा प्रस्तुत गरिएको छ।

## तालिका ३.४: सिंचाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १२ महिना सिंचाई हुने क्षेत्र | हेक्टर | ६७७.८ | ६७७.८ | ७०० | ७७० | ८५० |
| प्रयोगमा आएका सिंचाई प्रविधी (कुलो) | संख्या | २१ | २१ | २३ | २५ | ३० |
| सिंचाई प्रबिधिको प्रकार (कुलो, लिफ्ट, अन्य) | संख्या | कुलो २१, बोरिंग १ | कुलो २१ बोरिङ २ | कुलो २३, बोरिंग २ | कुलो २५, बोरिंग ३ | कुलो ३०, बोरिंग ५ |
| थोपा सिंचाई प्रबिधिबाट सिंचित क्षेत्र | रोपनी | छैन | छैन | ० | ० | १ |

स्रोत : सुनकोशी गाउँपालिकाको पाश्वचित्र, २०८१।०८१

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सिमा तथा मार्गदर्शन, कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका २.५ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.५ : सिंचाई उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ५५०० | ५००० | ५०० | ० | ० | ० | ५५०० | ० |
| २०८२/०८३ | ५६१० | ० | ५६१० | ० | ० | ० | ५६१० | ० |
| २०८३/०८४ | ५००० | ० | ५००० | ० | ० | ० | ५००० | ० |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.६ मा प्रस्तुत गरिएको छ।

### तालिका ३.६: सिंचाई उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाई संरचनाको नियमित मर्मत समंभार तथा नयाँ सिंचाई आयोजनाहरु निर्माण | खेती योग्य जमिनमा सिंचाई सुविधा बिस्तार गर्ने। | सालबसाली | १६११० | कुल खेती योग्य जमिनको ६० प्रतिशत सिंचित हुनेछ। |

### ३.२.९ जोखिम तथा अनुमान

सिंचाई क्षेत्रको विस्तार भई प्रविधीमैत्री कृषिमा आधारित व्यवसायमा बेरोजगार युवाहरुलाई आकर्षित हुनेछन्। प्रविधियुक्त तथा नविनतम सिंचाई व्यवस्थापन सहितको भरपर्दो सिंचाई प्रणाणीको विकास गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ।

## ३.३ पशु विकास

### ३.३.१ पृष्ठभूमि

सुनकोशी गाउँपालिका क्षेत्रमा पशुजन्य उत्पादन र उत्पादकत्व मध्यम प्रकारको रहेको छ। उन्नत नश्लका गाई भैँसी, बाख्रा तथा कुखुरापालनको अभ्यास विस्तार हुँदै गएको यस क्षेत्रमा प्रशस्त जंगल तथा चरन क्षेत्र पशु आहारको सहज उपलब्धता रहेको छ। व्यवसायिक पशुपालनका लागि गाई, बंगुर, माछापालन, मौरी ब्लक तथा बाख्रा पकेट क्षेत्रको विक्रास जस्ता कार्यक्रम गाउँपालिकाले सहयोग उपलब्ध गराउँदै आएको छ। गाउँपालिकाले कृषि सहकारीको माध्यमबाट पशुपंन्छीपालन व्यवसायलाई एकद्वार प्रणाली तथा व्यवस्थित र वैज्ञानिक बनाई उन्नत नश्ल तथा शुपालन व्यवसायलाई प्राथमिकता दिने, पशुपालन व्यवसायलाई आधुनिक प्रविधिमैत्री बनाउने नीति लिएको छ। यस क्षेत्रमा पशुजन्य उत्पादनको बाइप्रोडक्ट प्रशोधन तथा बजारीकरण कार्यक्रम व्यवसायिक पशुपंक्षी तथा पशु विमा कार्यक्रम र निजी तथा सहकारी क्षेत्रको सहभागितामा मुल्य श्रृङ्खलामा आधारित पशुपंछीपालन व्यावसायिकरण कार्यक्रम सञ्चालनमा रहेका छन।

### ३.३.२ समस्या तथा चुनौती

पशु विशेषज्ञता तथा प्राविधिक सेवाको अन्य पशुजन्य उत्पादनका लागि बजार व्यवस्थापन भरपर्दो नहुनु, कृषि तथा पशु अनुदानको भरपर्दो व्यवस्था नहुनु, पशु आहारमा गुणस्तरीयताको अभाव, सहुलियत दरमा ऋण व्यवस्थापन नहुनु र पशु बीमा सर्वसुलभ नहुनु मुख्य समस्याका रुपमा रहेका छन्। पशुजन्य उपजमा गुणस्तरीयता कायम गर्नु बजार माग बमोजिम उत्पादन गर्नु र पशुजन्य व्यवसायमा आर्कषण कायम राख्नु मुख्य चुनौतिका रुपमा रहेका छन्।

### ३.३.३ सोच

**"उत्पादनशिल दिगो पशुपालन र व्यवसायिक कृषक"**

### ३.३.४ उद्देश्य

१. पशुपालन व्यवसायलाई आधुनिकीकरण, विविधिकरण तथा व्यवसायिकरण गर्नु,

२. पशुपालन क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु,

### ३.३.५ रणनीति

१. पशुपंक्षीपालनलाई कृषकहरुको दिगो तथा भरपर्दो आयश्रोतको रुपमा स्थापित गर्ने ।

२. पशुपंछीपालनलाई अत्याधुनिक तथा प्रतिष्पर्धात्मक बनाउने ।

३. पशुपंछीपालनको अभिवृद्धिमा संघ, प्रदेश र अन्तरपालिकाका सहकार्यमा जोड दिने ।

४. कृषि तथा पशु उत्पादनको बजार पहुँच वृद्धि गर्न सार्वजनिक, नीजि, सहकारी अवधारणामा आधारित उत्पादन र बजारीकरण नीति अवलम्बन गर्ने ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

प्रस्तावित आवधिक योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक बर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ३.७ मा प्रस्तुत गरिएको छ ।

**तालिम ३.७.: पशु विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| भैँसी फार्म | वटा | २ | ३ | ५ | ७ | १० |
| गाई फार्म | वटा | २ | ३ | ४ | ६ | ९ |
| बाख्रा फार्म | वटा | ६१ | ७८ | ८१ | ८३ | ८८ |
| बंगुर फार्म | वटा | ४ | ५ | ७ | ९ | ११ |
| लेयर्स कुखुरा फार्म | वटा | ० | ४ | १ | १ | २ |
| ब्रोइलर कुखुरा फार्म | वटा | १ | १ | १ | २ | ४ |
| सकृय पशुपालन समूह | वटा | १० | १३ | ५१ | ६२ | ७२ |
| दुग्ध सहकारी | वटा | ७ | ७ | ७ | ८ | १० |
| दुग्ध उत्पादन/दैनिक | लिटर | ६६०० | ७००० | ९२०० | ११००० | १३५०० |

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| व्यवस्थित चरण क्षेत्र | वटा | ० | छैन | ० | ० | ० |
| दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | वटा | ४ | ५ वटा | ५ | ५ | ६ |
| भुइघाँसे व्यवसायिक उत्पादन क्षेत्र | वटा | ० | छैन | ० | ० | ० |
| नश्ल सुधार तथा उपचार केन्द्र | वटा | ० | छैन | १ | १ | २ |
| क्रियाशिल ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता | वटा | ११ | १२ | १३ | १५ | १७ |
| कृत्रिम गर्भाधान केन्द्र | वटा | ० | छैन | १ | १ | २ |
| पशुपंक्षी वधशाला | वटा | ० | छैन | ० | ० | १ |

*स्रोत : सुनकोशी गाउँपालिकाको डिजिटल प्रोफाइल, २०८१*

### ३.३.७ विषय क्षेत्रगत वर्ष तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा मार्गदर्शनमा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट कामको आधारमा पशु विकास उप-क्षेत्रको स्रोत अनुमान तालिका ३.८ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.८ पशु विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | २४८२ | २४८२ | ० | ० | ५०० | ७२ | १९१० | ० |
| २०८२/०८३ | २५३२ | २५३२ | ० | ० | ५०० | २५० | १७८२ | ० |
| २०८३/०८४ | २६०८ | २६०८ | ० | ० | ८०० | २६० | १५४८ | ० |

### ३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तया आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.९ मा प्रस्तुत गरिएको छ।

### तालिका ३.९: पशु विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | दुधमा प्रोत्साहन तथा अनुदान | कृषकलाई मासुमा आत्मनिर्भर बनाई, आर्थिक अवस्था सुधार गर्ने | सालबसाली | १९१० | मासुमा आत्मनिर्भर हुनेछ। |
| २ | बाख्रा पकेट कार्यक्रम | नश्ल सुधार र संख्या बृद्दी | सालबसाली | ३००० | व्यवसायिक रुपमा बाख्रापालनको शुरुवात भएको हुनेछ। |
| ३ | माहामारी तथा आकस्मिक रोग नियन्त्रण कार्यक्रम | भैपरी आउने माहामारीलाई रोकथाम गर्न | सालबसाली | २७११ | आकस्मिक रुपमा फैलिने रोग तथा महामारीको नियन्त्रण हुनेछ। |

### ३.३.९ जोखिम तथा अनुमान

संघीय शासन प्रणाली अनुसार तीन तहबीच नीति, कार्यक्रम बीच सामान्यजस्यता, समन्वय र सहकार्यमा पूर्वाधार प्रविधि तथा सीप विकास, बेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुने छन्। प्रयाप्त चरण क्षेत्र र आहार पशुपंक्षी एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ।

## ३.४ उद्योग, व्यापार तथा व्यवसाय

### ३.४.१ पृष्ठभूमि

गाउँपालिकामा दर्ता भएका तथ्याङलाई आधारमान्दा दुधजन्य, मासुजन्य र पशु आहारा लगायत १८४ वटा उद्योग तथा व्यवसाय सञ्चालनमा रहेका छन। पूर्वाधारको विकास, कच्चा पदार्थको सहज उपलब्धता, रणनीतिक अवस्थिति र पर्यावरणीय दृष्टिले गाउँ क्षेत्रमा उद्योगको स्थापना र सञ्चालनको लागि अनुकूल परिवेश रहेकोछ। गाउँपालिकामा ग्रामिण रोजगारी प्रवर्द्धनका लागि घरेलु उद्योगको विकास, औद्योगिक डेस्क स्थापना, एक वडा एक उत्पादनको नीति तयार गरी त्यसै अनुरुप संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा एक औद्योगिक ग्राम स्थापनाका लागि पहल भई रहेको छ। व्यवसाय सिर्जना, उद्यमशिलता विकास, प्रविधि हस्तान्तरण तथा बजारीकरणका लागि युवा लक्षित क्षमता अभिवृद्धिका कार्यक्रमहरू सन्चालन गरिएका छन्।

### ३.४.२ समस्या तथा चुनौती

ग्रामिण भू-भागमा सहज रुपमा ऋण प्राप्त गर्न नसक्नु, औद्योगिक कच्चा पर्दाथको अभाव, पूर्वाधारको अपर्याप्तता, सञ्चालन तथा कर प्रणालीमा जटिलताका कारण नयाँ लगानी, उद्यमशीलता र व्यवसाय गर्ने वातावरण नरहेको, परम्परागत सीपमा

आधारित साना तथा घरेलु उद्योगहरूको स्थापनामा प्रोत्साहनको कमी, गुणस्तरीय एवम् प्रतिस्पर्धी बस्तु साथै औद्योगिक फोहोर व्यवस्थापन चुनौति रहेको छ ।

### ३.४.३ सोच

**"प्रविधीमैत्री, वातावरणमैत्री, र दिगो उद्योग व्यवसायको विकास"**

### ३.४.४ उद्देश्य

१. स्थानीय श्रोत, साधन एवं श्रम सीपमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन गर्नु,

### ३.४.५ रणनीति

१. औद्योगिक क्षेत्रको विकासमा अन्तर सरकार समन्वयमा वृद्धि गर्ने ।

२. स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको विकासलाई प्रोत्साहित गर्ने ।

३. बजार माग अनुरुपको उत्पादनलाई प्रवर्द्धन र स्वरोजगारका अवसर सृजना गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा आवधिक योजना तथा आयोजनाको संक्षिप्त विवरणमा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ३.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१० उयोग तथा व्यापार उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन संख्या**

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगारी | जना | ७० | १२० | १५० | १६० | १६३ |
| गाउँपालिकामा दर्ता उद्योग व्यवसाय | संख्या | १५० | १८० | २०० | २१० | २२० |
| व्यवसाय करबाट संकलित राजश्व | रु. हजारमा | १,४०,९०० | १५७२५० | २००००० | २२३०००० | २५०००० |
| सञ्चालित औद्योगिक तथा व्यापार मेला | पटक | ० | ० | ० | १ | १ |

स्रोत : गाउँपालिकाको डिजिटल प्रोफाईल, २०८१ तथा राजश्व शाखाबाट प्राप्त तथ्याङ्कक

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा, मार्गदर्शन तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ३.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.११: उद्योग तथा व्यापार उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | २५० | २५० | ० | ० | २५० | ० | ० | ० |
| २०८२/०८३ | २५५ | २५५ | ० | ० | २५५ | ४००० | १००० | ० |
| २०८३/०८४ | ५२६३ | २७० | ५००० | ० | २७० | ४००० | ९९३ | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१२ : उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | व्यवसाय सचेतना तथा व्यवसाय दर्ता अभियान | गाउँपालिमा रहेका सम्पूर्ण व्यवसायहरु दर्ताको प्रकृयामा ल्याउने | सालबसाली | २०० | आ.व.२०८२।०८३ सम्ममा गाउँपालिका भित्र भएका सम्पूर्ण व्यवसाय दर्ता भएको हुनेछ । |
| २ | दलित र लोपउन्मुख समुदायका लागि सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम | आर्थिक रुपमा आत्म निर्भर बनाउने । | सालबसाली | ४०० | दलित र लोपउन्मुख समुदायका निश्चित लाभग्राहीहरु सीप प्राप्त गरी आर्थिक वृद्धी भएको हुनेछ । |

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | गाउँपालिका स्तरीय लघु तथा घरेलु प्रवर्द्धन सञ्जाल गठन तथा क्षमता विकास कार्यक्रम | नीजि क्षेत्र र सरकारी निकाय बीच समन्वय गरी | सालबसाली | १६८ | गाउँपालिका स्तरीय लघु तथा घरेलु प्रर्वद्धा सञ्जाल गठन भएको हुनेछ । |

### ३.४.९ जोखिम तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्यता, समन्वय र सहकार्यमा पूवाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र बेरोजगार युवाहरुलाई कृषि तथा गैर कृषीमा आधारित व्यवसायमा आकर्षिक हुने छन् । उपरोक्त अवस्था कायम रहन नसकेमा लक्ष्य हासिल गर्न कठिनाई हुन सक्नेछ ।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

यस गाउँपालिकालाई छिमेकी स्थानीय तहसँग नजिकको बजार सुकुटे विस्तारै **"पर्यटकीय हब"** को रुपमा विकास हुँदै गएको छ र सुनकोशी गाउँपालिकालाई उक्त पर्यटकीय नगरीसँग अन्तर सम्बन्धित गर्दैं पर्यटकीय क्षेत्रको गुरुयोजना निर्माण तथा अन्य आवश्यक पूर्वाधारको विकासका लागि अन्तरपालिका, प्रदेश र संघ सरकारसँगको पहलद्धारा विविध कियाकलापहरु कायान्वयन हुँदै आएको छ । स्थानीय स्तरमा पर्यटन वस्तु (Tourist products) को पहिचान गरी त्यसको प्रचार प्रसार, पर्यटकको औषत बसाई तथा खर्च वृद्धि गर्न जोड सहित पर्यटन विमाको अवधारणा विकास तथा कार्यान्वयनमा अग्रसर रहेको छ ।

### ३.५.२ समस्या तथा चुनौती

सिमित पर्यटकीय उत्पादन, पर्यटन सम्बन्धि नविनतम ज्ञान, सीप र योजनाको अभाव, कृषि प्रर्यटन प्रवर्द्धन लगायतका अन्य पर्यटकीय क्षेत्रको पूर्वाधारमा कमी, पर्यटक गाईडको अभाव र प्राविधिक तथा सूचना केन्द्रको अभाव, युवा वर्गमा पुरानो रैथाने भाषा, कला र सांस्कृतिक परम्पराका साथैं ऐतिहासिक तथा संम्पदाप्रति आकर्षण घट्दै जानु र आधुनिकताका नाममा विभिन्न विदेशी संस्कृतिको नक्कल र विकृती मौलाउँदै जानु प्रमुख चुनौतिका रुपमा देखा परेको छ ।

### ३.५.३ सोच

**"पर्यटकीय आधार, सुनकोशी करिडोर"**

### ३.५.४ उद्देश्य

१. सुनकोशीमा पर्यटन विकास बोर्ड गठन गरी पर्यटन तथा होमस्टे प्रर्वद्धनलाई पर्यटनसँग जोडी समृद्ध सुनकोशी निर्माणमा थप टेवा पुर्याउने ।

२. पर्यटन क्षेत्रलाई स्थानीय अर्थतन्त्रकोलाई मेरुदण्डको रुपमा विकास गर्नु,

२. पर्यटन बजारको माग अनुरूपका पूर्वाधार तथा सुबिधाका विकास एवम् विस्तार गर्नु ।

### ३.५.५ रणनीति

१. पर्यटनको क्षेत्रको विस्तार मार्फत आयआर्जन तथा रोजगारीको अवसर सृजना गर्ने,

२. पर्यटकीय गन्तव्यको विकास र विस्तार गरि आधारभूत सेवा सुविधाको सुनिश्चित गर्ने,

३. पर्यटन विकासका लागि उपयुक्त नीतिगत तथा सस्थागत सरचनाको स्थापना गरि परिचालन गर्ने ।

४. पर्यटन क्षेत्रको विकासका लागि अन्तर सरकार एवम् निजी क्षेत्रसँग समन्वय र सहकार्यमा गर्ने ।

५. संस्कृक्ति र सम्पदाहरूको संरक्षण र सवर्द्धन गर्दै माग अनुसारका पर्यटकीय पूर्वाधार र सेवाको विस्तार गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लेखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ३.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१३: पर्यटन तथा संस्कृति उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| व्यबस्थित पर्यटकीय स्थान | संख्या | ० | ० | ० | १ | ३ |
| व्यवस्थित होमस्टे र पर्यटकीय गाउँ | संख्या | ० | ० | ० | १ | १ |
| पर्यटकीय स्तरको होटल तथा रेष्टुडेन्ट | संख्या | २ | २ | ४ | ४ | ५ |
| पर्यटकको औषत बसाई | दिन | २ | ३ | ४ | ५ | ७ |
| तालिम प्राप्त कुक | संख्या | ६ | ८ | १० | १० | १० |
| सुनकोशीमा रहेका व्यबस्थित पर्दमार्गको लम्वाई | कि.मी. | ५० | १०० | १२० | १३० | १२० |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृक्ति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवषीय अनुमान तालिका ३.१४ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१४ : पर्यटन तथा संस्कृति उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान बजेटको स्रोत (रु. हजारमा)**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | २९०० | ४०० | २५०० | ० | ४०० | ० | २५०० | ० |
| २०८२/०८३ | १००० | ९०० | १०० | ० | ५०० | ० | २४५८ | ० |
| २०८३/०८४ | २२०० | २१०० | १०० | ० | २०० | ० | २००० | ० |

### ३.५.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.१५ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१५ : पर्यटन तथा संस्कृति उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पर्यटन प्रर्वद्धन कार्यक्रम तथा पूर्वाधार निर्माण | पर्यटन प्रर्वद्धन गर्ने | सालबसाली | ६१०० | होमस्टे तथा प्रर्यटक आगमनमा वृद्धी भई अर्थतन्त्र निर्माणमा थप टेवा पुग्नेछ। |

### ३.५.९ जोखिम तथा अनुमान

अपेक्षा अनुसारको नतिजा प्राप्त गर्नका लागि अन्तर सरकार, नीजि क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुर्विधाको विकास र विस्तार हुनेछ। यदी यसो हुन नसकेमा अपेक्षा अनुसारको नतिजा हासिल गर्न कठिनाई हुनेछ।

## ३.६ भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा

### ३.६.१ पृष्ठभूमि

गाउँपालिकाको तर्फबाट कृषि तथा पशुपालन व्यवसाय, महिला, दलित, अपाङ्ग, असाहायका क्षेत्रमा उल्लेखनीय कार्य गर्ने वित्तीय तथा सहकारी संस्थाहरुलाई प्रोत्साहन गर्ने व्यवस्था रहेको छ। कृषि सहकारीहरु सञ्चालनमा रहेको र वित्तीय सेवामा पहुँचको सहजता रहेको छ। त्यसै गाउँपालिकाले कमजोर क्षमतामा सञ्चालित सहकारीहरूको एकीकरण कार्यमा सहजीकरण, स्थानीय नागरिकको क्रयशिल अभिवृद्धि र सहकारीताका माध्यमबाट निरपेक्ष गरिबी घटाउन सहकारीको विशेष कार्यक्रम सञ्चालनको नीति लिएको छ।

### ३.६.२ समस्या तथा चुनौती

कारोवार र कर्जा तथा बचत सम्बन्धित प्रावधानको ज्ञान नहुँदा सर्वसाधारणका लागि सहज वित्तीय पहुँच कायम हुन नसकेको, बैंक प्रतिको विश्वसनीयतामा कमि, सार्वजनिक तथा सरकारी भूमि अतिक्रमण र अव्यवस्थित बसोबास तथा सुकुम्बासी समस्या चुनौतिहरु हुन।

### ३.६.३ सोच

**"सहकारीद्वारा रोजगारी"**

### ३.६.४ उद्देश्य

१. सार्वजनिक जग्गाको अतिक्रमणलाई निस्तेज तुल्याउनु,
२. सहज, सुलभ तथा विश्वासनीय वित्तीय सेवाको विस्तार गर्नु,
३. वित्तीय सेवामा सबै गाउँबासीको पहुँच र सहकारीमा सबै घरपरिवारको सहभागिता स्थापित गर्नु।

### ३.६.५ रणनीति

१. भू-स्वामित्व र अतिक्रमणसँग सम्बन्धित समस्यालाई अन्तरसरकार साझेदारीमा दीर्घकालीन समाधान गर्ने,
२. सहकारी सस्थालाई गाउँपालिकाको प्रमुख विकास साझेदारको रुपमा विकास गर्ने।
३. गाउँपालिका भित्र हुने गरेका अनौपचारिक आर्थिक गतिविधिलाई बैंक, सहकारी, वित्तीय संस्था र बचत ऋण समूह जस्ता औपचारिक क्षेत्रबाट कारोबार हुने बाताबरण तयार गर्ने।
४. वित्तीय साक्षरता विस्तार गर्ने।
५. सहकारीलाई आर्थिक विकासको आधारका रुपमा विकास गरी कृषि, उद्योग र पर्यटनसँग आवद्ध गराउने।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

प्रस्तावित आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ३.१६ मा प्रस्तुत गरिएको छ।

### तालिका ३.१६ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| स्थानीय स्तरमा सञ्चालित सहकारी | संख्या | ४७ | ४७ | १ | १ | १ |
| सहकारीमा पहुँच (घरबाट ३० मिनेट भित्रको) पैदल यात्रामा सहकारीमा पहुँच भएका परिवार | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९८ |
| बिमालेखले समेटेका जनसंख्या | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० |

## ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवषीय अनुमान तालिका ३.१७ मा प्रस्तुत गरिएको छ।

### तालिका ३.१७ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | १५० | १५० | ० | ० | १५० | ० | ० | ० |
| २०८२/०८३ | ३०० | ३०० | ० | ० | ३०० | ० | ० | ० |
| २०८३/०८४ | ३०६ | ३०६ | ० | ० | ३०६ | ० | ० | ० |

## ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.१८ मा प्रस्तुत गरिएको छ।

### तालिका ३.१८ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उपक्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सहकारी प्रर्वद्धन, क्षमता विकास तथा व्यवस्थापन कार्यक्रम | सहकारीहरुलाई व्यवस्थित गर्ने | सालबसाली | ७५६ | सहकारीहरु नियमानुसार सञ्चालन तथा व्यवस्थापन भएको हुनेछ। |

### ३.६.९ जोखिम तथा अनुमान

सहकारी संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक भई स्थानीय उत्पादनको बजारीकरणमा बढी क्रियाशिल हुने छन्। सहकारी संस्थाहरुको खराब कर्जाले गर्दा भने सहकारीहरु उच्च जोखिमका रुपमा रहेका छन्।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

ग्रामीण स्तरमा सीप विकास तथा स्वरोजगारीका लागि सरकारीस्तरबाट विभिन्न अनुदान सहित आर्थिक तथा प्राविधिक सहयोगको अभ्यास रहेको छ। ग्रामिण रोजगारी प्रवर्द्धनका लागि घरेलु उद्योगको विकास गर्न सकिने प्रशस्त आधारहरु रहेका छन्। कृषि तथा गैर कृषि क्षेत्रमा औपचारिक तथा अनौपचारिक रोजगारीका अवसरहरु विस्तार हुँदै गएको छ। वैदेशिक रोजगारी तथा सरकारी सेवाको रोजगारिमा आकर्षण उच्च रहेको छ।

### ३.७.२ समस्या तथा चुनौति

युवा जनशक्ति विदेश पलायन हुने, वाह्य क्षेत्रको रोजगारीमा आक्रर्षण र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नुपर्ने अवस्था रहेको छ। तालिम तथा क्षमता विकास क्षेत्रको कमीका कारण श्रम बजारको माग अनुसारको दक्ष जनशक्तिमा कमी रहेको छ। रोजगारीको अनिश्चितता र स्थानीय रोजगारीमा न्यून प्रतिफल प्रमुख चुनौतिका रुपमा रहेको छन्।

### ३.७.३ सोच

**"रोजगारी र आयमा वृद्धि"**

### ३.७.४ उद्देश्य

१. दक्ष जनशक्तिको विकास रोजगारी प्रवर्द्धन गर्नु।

### ३.७.५ रणनीति

१. संघ, प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय श्रम बजारका लागि आवश्यक, पेशा, सीप, दक्षताको

विषयमा गहन अध्ययन गरी कामदारको माग र आपूर्तिको प्रोफाइल तयार गरी श्रम बजारलाई व्यवस्थित गर्ने।

२. सरकारी निकायहरू, गैरसरकारी संस्थाहरू, सहकारी तथा निजी क्षेत्रहरू बीच समन्वय, संयोजन र सञ्चारलाई प्रभावकारी बनाउँदै रोजगारी सिर्जनाको एकीकृत प्रयास गर्ने।

३. कार्य क्षेत्रमा आधारित तालिम, रोजगार सूचनाको प्रवाह तथा परामर्श र वित्तीय सहयोग मार्फत रोजगारीका अवसरहरूको सिर्जना गर्ने।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

प्रस्तावित आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.१९ मा प्रस्तुत गरिएकोछ।

**तालिका ३.१९ : श्रम तथा रोजगारी उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| रोजगारी सिर्जना गर्न सञ्चालित आयोजना | संख्या | १० | ७ | १४ | १५ | २१ |
| रोजगारीको वृद्धीदर | प्रतिशत | १३ | ७ | १५ | २० | २५ |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगारी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं ३.२० मा प्रस्तुत गरिएको छ।

**तालिका ३.२० : श्रम तथा रोजगारी उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ७६०७ | ७६०७ | ० | ० | ४०० | ७६०७ | ० | ० |
| २०८२/०८३ | ८७५९ | ८७५९ | ० | ० | १०० | ८०० | ० | ० |
| २०८३/०८४ | ८८०० | ७८०० | १००० | ० | ४०० | ८४०० | ० | ० |

### ३.७.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका नं. ३२१ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.२१ : श्रम तथा रोजगारी उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वेरोजगारहरुको संख्या पहिचान गरी नियमानुसार सुचिकृत गर्ने र रोजगारी प्रदान गर्ने। | वेरोजगारको दर घटाउँदै जाने | सालबसाली | २५१६६ | रोजगारीको सृजना भई संख्यामा वृद्धी भएको हुनेछ। |

### ३.७.९ जोखिम तथा अनुमान

श्रम, रोजगारी तथा गरिबी न्यूनीकरण सम्बन्धी आवश्यक नीति, कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। रोजगार प्रवर्द्धनका कार्यक्रममा निरन्तरता नभएमा अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहनेछ।

## ३.८ गरिबी निवारण

### ३.८.१ पृष्ठभूमि

गरिबी निवारण राष्ट्रिय सकल्प र स्थानीय सरकारको उच्च सरोकारको सवाल हो। विकासको प्रयासबाट प्रत्यक्ष अथवा अप्रत्यक्ष रुपमा हासिल हुने नतिजा मध्ये गरिबी निवारण एक हो। हाल नेपालमा ५० भन्दा बढी गरिब लक्षित कार्यक्रम सञ्चालन भइरहेका छन्। गाउँपालिकाले क्षिक्षा, पूर्वाधार विकास, सिंचाई तथा उद्यम विकासको एक अपेक्षित लक्ष्यका रुपमा गरिबी निवारणलाई लिएको छ। यस गाउँपालिकाको प्रोफाइलका आधार आफ्नो कमाईले ३ महिना पनि खान नपुग्ने परिवार करिव १६ प्रतिशत रहेको देखिन्छ भने ११ प्रतिशत जनसंख्यालाई ६ महिनासम्म मात्र खान पुगेको अवस्था रहेको देखिन्छ।

### ३.८.२ समस्या तथा चुनौती

नेपालमा गरिबी निवारणका लागि भएका प्रयत्नहरु सार्थक हुन सकेका छैनन्। क्षमता विकास भन्दा वितरणमूखी कार्यक्रम, वास्तविक गरिब पहिचानमा कमी, गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमबीचको समन्वयको कमी यस क्षेत्रका प्रमुख समस्याहरू हुन। अज्ञानता, कुसस्कार, सीप तथा दक्षतामा कमी र न्यून आय आर्जनका अवसरहरूले गरिवी निवारणका प्रयासहरू प्रभावकारी हुन सकिरहेका छैनन्। कृषि, पशुपालन, उद्योग तथा पर्यटन क्षेत्रबाट अति विपन्न वर्गको आयआर्जनलाई तुलनात्मक फाइदा पुर्याउन सकेको छैन। लक्ष्य अनुरूप गरिबी घटाउनु, असमानता बढ्नु र दिगो रोजगारीका अवसर सिर्जना गर्नु प्रमुख चुनौतिका रूपमा रहेका छन्।

### ३.८.३ सोच

**"दिगो आर्थिक वृद्धि, गरिवी निवारण र सम्मृद्धि"**

### ३.८.४ उद्देश्य

१. निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या घटाउनु,

२. गरिब वर्ग लक्षित उद्यम, व्यवसाय, सीप विकास तथा रोजगारीका अवसर सिर्जना गर्नु,

### ३.८.५ रणनीति

१. गरिब घरपरिवार पहिचान कार्यलाई व्यवस्थितर सोसँग सम्बन्धित विवरण अद्यावधिक गर्ने।

२. गरिब वर्गलाई लक्षित गरी क्षमता विकास, रोजगार तथा स्वरोजगारमूलक सीप विकास तालिम तथा शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने।

३. उत्पादनमूलक रोजगारीका अवसरमा गरिबको पहुँच सुनिश्चित गरी आधारभूत आवश्यकताबाट बञ्चित गरिब घरपरिवारलाई तत्कालिन तथा दीर्घकालीन रूपमा आवश्यकताको सम्बोधन गर्ने।

### ३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक बर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.२२ मा प्रस्तुत गरिएकोछ।

**तालिका ३.२२ : गरिबी निवारण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| प्रतिव्यक्ति बार्षिक ओषत आय | (ने रु. हजारमा) | १२४६ | १४५६ | १७०० | १८०० | २००० |
| निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या | प्रतिशत | १० | १० | ९ | ९ | ८ |

### ३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा गरिबी निवारण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.२३ मा प्रस्तुत गरिएको छ।

### तालिका ३.२३ : गरिबी निवारण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | १७१५ | १५७५ | १४० | ० | ० | १७१५ | ० | ० |
| २०८२/०८३ | १७४९ | १५०० | २४९ | ० | ० | १७४९ | ० | ० |
| २०८३/०८४ | १८०२ | १८०२ | ० | ० | ० | १८०२ | ० | ० |

## ३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका नं ३.२४ मा प्रस्तुत गरिएको छ ।

### ३.२४ : गरिबी निवारण उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | लघु उद्यमी सृजना तथा स्तरोउन्नती गर्ने | सालबसाली | ५२६६ | कार्यक्रमको प्राधान अनुसार लघु उद्यमी सृजना भएको हुनेछ । |

## ३.८.९ जोखिम तथा अनुमान

गरिबी निवारणको राष्ट्रिय लक्ष्य अनुरुप सबै तहको सरकारबाट अग्रसरता प्रभावकारी भएको हुनेछ । गरिबीको तथ्यांक यथार्थ तथा अद्यावधिक भएको हुनेछ । गरिवी निबारणलाई विकास कार्यक्रमको अन्तर सम्बन्धित क्षेत्रका रूपमा लिईएको हुनेछ । उपरोक्त परिवेश कायम हुन नसके अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहन सक्छ ।

परिच्छेद - ४

# सामाजिक विकास क्षेत्र

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

सुनकोशी गाउँपालिकालाई शिक्षाको क्षेत्रमा पृथक रुपमा विकास गर्न सक्ने प्रयाप्त अवसरहरु रहेका छन् । गाउँपालिकाको शिक्षा प्रणालीमा स्थानीय आवश्यकता अनुसार सुहाउँदो शिक्षा ऐन, नियमावली र कार्यविधि बनाई त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ । विद्यालयहरुको शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्न स्थानीय पाठ्यक्रमको विकास तथा व्यवहारिक तथा रोजगारमूलक शिक्षा प्रणालीलाई अवलम्बन गर्ने, शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम लागु गर्ने, सबै विद्यालयहरुलाई सूचना र प्रविधियुक्त बनाउने र प्रत्येक वडामा नमुना व्यावसायिक विद्यालय सञ्चालन गर्ने नीति लिइनेछ । विभिन्न भाषाभाषी रीतिरिवाज धर्म संस्कृत्तिहरुको अध्ययन र अनुसन्धान, संरक्षण विकास र त्यसको जर्गेना गर्ने कार्यलाई विशेष जोड दिइएको छ ।

### ४.१.२ समस्या तथा चुनौती

विद्यालयहरुको विकासमा भौतिक पूर्वाधारको आधुनिकीरण नहुन, बडागत जनधनत्वका आधारमा विद्यालयको व्यवस्था हुन नसक्नु, परिवर्तित अवस्थामा शिक्षा प्रणाली व्यावसायिक र उत्पादनमुखी हुन नसक्नु, मध्यम तथा निम्न आय भएका र आदिवासी, जनजाति साथै सुकुम्वासी परिवारका बालबालिकाहरुका लागि विद्यालयमा शैक्षिक सामग्री अभाव, विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धान तथा आविष्कारका लागि प्रोत्साहनको कमी रहेका छन् ।

### ४.१.३ सोच

**"परिवर्तित शिक्षा, संरक्षित तथा सस्कृति पहिचान"**

### ४.१.४ उद्देश्य

१. गुणस्तरीय शिक्षामा सबै क्षेत्र र बर्गकोको पहुँच कायम गर्नु,

२. भौतिक सुविधा एवम् स्रोसाधन सम्पन्न विद्यालय तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने,

३. विज्ञान तथा प्रविधिको प्रवर्द्धन गर्ने ।

### ४.१.५ रणनीति

१. गुणस्तरिय तथा व्यावसायिक शिक्षा प्रणाली अवलम्बन गर्ने ।

२. विद्यालयलाई प्रविधिक शिक्षा केन्द्रको रुपमा विकास गर्ने ।

३ आर्थिक सामाजिक रुपमा पछाडी परेको वर्गका विद्यार्थीलाई शिक्षामा समान अवसर कायम गर्न विशेष छात्रवृत्तिको व्यवस्था गर्ने ।

४. विज्ञान तथा प्रविधिको सरक्षण तथा सम्बर्द्धनमा जोड दिने।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सुनकोशी गाउँपालिकाको प्रस्तावित गाउँ विकास/आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक बर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.१ : शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व. सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| प्राथमिक तहमा (१ देखि ५ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ९३.३७ % | ९३.५२ | ९५.०० | ९७.५० | ९९.०० |
| प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४-५ बर्ष सम्मका बालबालिका | प्रतिशत | ६१.७७ | ६८.७६ | ७०.५० | ७२.०० | ७५.०० |
| आधारभूत तह (१ देखि ८ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ९६.३३ | ९७.०० | ९८.०० | ९८.०० | ९९.०० |
| माध्यमिक तह (९ देखि १२ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ९७.८४ | ९८.०० | ९९.०० | ९९.५० | ९९.५० |
| कक्षा १० को उतिर्ण दर | प्रतिशत | ६०.०० | ६७.०० | ७०.०० | ७५.०० | ८०.०० |
| १५ देखि २४ बर्ष उमेर समूहका महिलाको साक्षरता दर | प्रतिशत | ९६.६७ | ९७.०० | ९७.५० | ९८.०० | ९९.०० |
| १५ देखि २४ बर्ष उमेर समूहका पुरुषको साक्षरता दर | प्रतिशत | ९८.५० | ९९.१० | ९९.२५ | ९९.५० | ९९.७५ |
| पक्की शौचालय भएका विद्यालय | प्रतिशत | ९५.७ | ९८.५० | ९९.०० | ९९.५० | १०० |
| छात्रछात्राको अलग-अलग शौचालय भएको विद्यालय | प्रतिशत | ५७.६९ | ६०.५० | ७०.०० | ७५.५० | ८०.०० |
| अपाङ्ग मैत्री शौचालय भएका विद्यालय | प्रतिशत | २६.९२ | ३०.९० | ४०.०० | ५५.०५ | ६०.०० |
| महिला शिक्षकको अनुपात | प्रतिशत | ४७.६२ | ४८.०० | ४८.५० | ४९.०० | ५०.०० |

| सूचक | एकाई | गत आ.व. सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| स्थानीय संस्कृती, कला, सम्पदा र साहित्य सम्बन्धी अध्ययन तथा अनुसन्धान | संख्या | ३ | ५ | ७ | १० | १२ |

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवषीय अनुमान तालिका ४.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.२ : शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | १९२०४१ | १९१४४१ | ६०० | ० | १४१४३ | १७७३३० | ५६८ | ० |
| २०८२/०८३ | १९५८८२ | १९५२८२ | ६०० | ० | २३६३ | १६२७६२ | ४२९८१ | ० |
| २०८३/०८४ | २०१७५८ | २००९५८ | ८०० | ० | ० | १६००८९ | ४२९८१ | ० |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.३ : शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सबैका लागि निशुल्क विद्यालय शिक्षा | गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने | सालबसाली | ७५००० | विद्यालय शिक्षा सबैले प्राप्त गर्ने |
| २ | बालविकास शिक्षाको व्यवस्थापन | विद्यालय शिक्षाको आधार निर्माण गर्ने | सालबसाली | ३७५० | विद्यालय शिक्षालाई आधारशिला निर्माण |

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | विद्यालय डिजिटलाइजेसन कार्यक्रम | प्रविधिमैत्री शिक्षाको प्रत्याभुति गराउने | सालबसाली | ५००००० | विज्ञान प्रविधिमैत्री विद्यालय शिक्षा |
| ४ | शिक्षक कर्मचारी क्षमता विकास कार्यक्रम | गुणस्तरीय मानव संसाधनको विकास गर्ने | सालबसाली | ५००० | शिक्षक सक्षम र उत्प्रेरित |
| ५ | एक विद्यालय एक पुस्तकालय कार्यक्रम | नियमित पठन संस्कारको विकास गर्ने | सालबसाली | ६२५० | सबै विद्यालयमा पुस्तकालय |

### ४.१.९ अनुमान तथा जोखिम

यस गाउँपालिकाले सामाजिक विकास सम्बन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरिसकेको हुनेछ। अन्तर सरकार र समुदायको सहकार्य र साझेदारीमा वृद्धि नभए लक्ष्य हासिल हुन कठिनाइ उत्पन्न हुन सक्नेछ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

गाउँपालिकामा पालिका स्तरको सेवा सुविधा प्राप्त अस्पतालका साथै स्वास्थ्य केन्द्रहरु रहेका छन्। गाउँपालिकाले नि-शुल्क स्वास्थ्य शिविरको व्यवस्था, खोप कार्यक्रमलाई व्यवस्थित बनाउने, मातृ तथा नवजात शिशु मृत्यु दर घटाउने, तथा ५ बर्ष मुनिका बालबालिकाहरु तथा १५ देखि ४९ वर्षका महिलाको पोषण स्वास्थ्य स्थिति सुधार गर्न प्रत्येक वडामा बर्थिङ्ग सेन्टर सहितको स्वास्थ्य चौकीको व्यवस्था गर्ने, व्यवहार परिवर्तनका लागि आवश्यक कार्यक्रम अघि सार्ने र स्वास्थ्य सेवालाई ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्ग मैत्री बनाउने कार्यकमहरु सञ्चालन गरेको छ। पछिल्ला दिनमा स्वास्थ्य तथा पोषणका क्षेत्रमा सकारात्मक सुधारहरु भएका छन्।

### ४.२.२ समस्या तथा चुनौती

विपन्न वर्गमा स्वास्थ्य सेवाको सहज पहुंच हुन नसक्नु, सबै वडामा स्वास्थ्य केन्द्र नहुनु, स्वास्थ्य सेवा प्रवाह गर्न प्राविधिक सामग्रीको कमी रहेको छ भने वातावरण प्रक्षण, विषादी, अस्वस्थकर खाना, जीवनशैली स्वास्थ्य तथा पोषणको क्षेत्रका चुनौतिको रुपमा रहेको छ।

### ४.२.३ सोच

**"सहज र प्रविधीमैत्री स्वास्थ्य, खुशी गाउँबासी"**

### ४.२.४ उद्देश्य

१. आधारभूत स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्नु,

२. सबै नारिकहरुको आधारभूत स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्नु ।

### ४.२.५ रणनीति

१. स्वस्थ नागरिक तयार गर्न उपचारात्मक र रोकथाममूलक बिधिमा जोड दिने,

२. गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने,

३. प्रविधि मैत्री स्वास्थ्य सुविधाको विकास गर्ने,

४. उच्चस्तरीय स्वास्थ्य सेवामा नागरिकको सहज पहुंच कायम गर्ने,

५. स्वस्थ जीवनशैलीको प्रवर्द्धन गर्न जनचेतना अभिवृद्धिलाई व्यापक तुल्याउने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सुनकोशी गाउँपालिकाको प्रस्तावित गाउँ विकास/आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार स्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| २५०० ग्राम भन्दा कम जन्म तौल भएका शिशु | प्रतिशत | २ | १ | १ | १ | ० |
| स्वास्थ्य संख्थामा दक्ष प्रसुति गराउने गर्भवती | प्रतिशत | ७३ | ७५ | ७५ | ८० | ८० |
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | ७४ | ७५ | ७५ | ८० | ८० |
| भिटामिन ए पाएका बालबालिका | प्रतिशत | १०५ | १०० | १०० | १०० | १०० |
| पूर्ण खोप पाएका बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

| सूचक | एकाई | आ.व. सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| महिला स्वास्थ्य स्यंम सेविका | संख्या | ५४ | ५४ | ५४ | ६३ | ६३ |
| २३ महिना सम्मका बालबालिकाको वृद्धी अनुमान दर | प्रतिशत | १८ | १९ | २० | २२ | २४ |
| ३० मिनेट भित्र स्वास्थ्य संस्थाको पँहुचमा रहेको जनसंख्या | प्रतिशत | ७० | ७० | ८० | ८० | ९० |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४.५ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.५ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ५८९६१ | ५८९६१ | ० | ० | १०४५० | ३८१२७ | १०३८४ | ० |
| २०८२/०८३ | ७०७५३ | ७०७५३ | ० | ० | ५७८५ | ३४२७७ | ५२२९७ | ० |
| २०८३/०८४ | ८४९०४ | ८४९०४ | ० | ० | २९३५ | २८६७६ | ५३२९३ | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.६ मा प्रस्तुत गरिएको छ।

### तालिका ४.६ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य पोषण कार्यक्रम | पोषणमैत्री स्वाथ्य संस्था घोषणा गरी गुणस्तरीय पोषण सेवा प्रवाह गर्नु। | आ.व. २०८१।०८४ सम्म | १५००० | पोषणमैत्री स्वास्थ्य संस्था तथा पालिका घोषणा भएको हुनेछ। |
| २ | सुनकोशी आधारभूत अस्पताल र स्वास्थ्य सस्थ्या संचालन खर्च | गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु। | सालबसाली | १०००० | गाउँपालिकाका नागरिकले गुणस्तरीय सेवा प्राप्त गरेका हुने छन्। |
| ३ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद, महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन खर्च, गुणस्तर बृद्धि लागि सामाग्रीहरु ब्यबस्थापन | आवश्यक स्वाथ्थय औषधी उपकरण तथा प्राविधिक सामग्रीको उपलब्धता गराउनु। | सालबसाली | २१००० | आवश्यक औषधी तथा सामग्रीहरुको व्यवस्था भएको हुनेछ। |
| ४ | स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | सुनौला हजार दिनका आमाहरुलाई पोषण सेवा प्रदान गर्ने। | सालबसाली | १०००० | मृत तथा नवजातशिशु कार्यक्रम मार्फत ९५ प्रतिशत सेवाग्राहीले सेवा प्राप्त गरेका हुने छन। |
| ५ | स्वास्थ्य व्यवस्थापन तथा प्रशासनिक खर्च एक विद्यालय एक नर्श लगाएतका कार्यक्रमहरु | दक्ष डाक्टर र स्वाथ्यकर्मीको व्यवस्था गरी ब्यबस्था गरी सेवा प्रदान गर्ने | सालबसाली | ६८६१८ | विद्यालय तथा गाउँघरमा स्वाथ्य शिविर मार्फत नियमित रुपमा गुणस्तरीय सेवा लिएका हुनेछन्। |

### ४.२.९ जोखिम तथा अनुमान

सुनकोशी गाउँपालिकाको प्रस्तावित कार्यक्रमको लागि सस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुन नसकेकमा अपेक्षित नतिजा हासिल नहुन सक्छ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

सुनकोशी गाउँपालिकाले खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरी गाउँबासीलाई शुद्ध खानेपानीको व्यवस्था मिलाउने प्रयास गरेको छ । गाउँपालिकामा ७० प्रशतिशत खानेपानीको पहुँच पुगेको छ । सबै घरपरिवारमा शौचालयको निर्माण भई सकेको छ । सरकारी, नीजि र समुदायको त्रिपक्षीय सहकार्यमा आधारित खानेपानी तथा सरसफाई कार्यक्रम पूर्ण सरसफाईका सूचकहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र स्वच्छ खानेपानी तथा सरसफाई सम्वन्धी सचेतना तथा व्यवहार परिवर्तनबारे कार्यक्रम सञ्चालन गरिएको छ ।

### ४.३.२ समस्या तथा चुनौती

सुनकोशी गाउँपालिकामा खानेपानीका क्षेत्रमा व्यवस्थित रुपमा खानेपानी व्यवस्थापनको दीर्घकालीन तथा वैज्ञानिक विधि अपनाउन नसक्नु, सुनकोशी गाउँपालिकामा केही मात्रामा डीप बोरिङको प्रयोगले खानेपानीको स्रोत सुक्ने संम्भावना बढ्दै जानु, विपन्न र सुकुम्बासी परिवारमा खानेपानीको पहुँचमा कमी, खानेपानी वितरणमा समानता नहुनु, गाउँपालिका भरनै व्यवस्थित ढल व्यवस्थापनको भरपर्दो विधि अपनाउन नसक्नु ।

### ४.३.३ सोच

**"स्वच्छ, सुरक्षित, सुविधायुक्त दिगो खानेपानी"**

### ४.३.४ उद्देश्य

१. गाउँपालिकामा स्वच्छ खानेपानीको पहुँच स्थापित गर्नु,

२. गुणस्तरीय सरसफाई सुबिधा विकास र विस्तार गर्नु ।

### ४.३.५ रणनीति

१. खानेपानीको गुणस्तर कायम गर्न नियमित परिक्षण र सुधारका उपायलाई जोड दिने,

२. एकीकृत ढल निकास प्रणालीका लागि अन्य सरोकारवाला निकायहरूसँग समन्वयमा काम गर्ने,

३. सिन्धुपाल्चोक जिल्ला खुल्ला दिशामुक्त घोषणा भई सकोले सुनकोशी गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त तथा दिगो सरसफाईयुक्त गराउने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको प्रस्तावित आवधिक योजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.७ मा प्रस्तुत गरिएको छ ।

### तालिका ४.७ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | आ.व. सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| गाउँपालिकामा दर्ता भएका खानेपानी उपभोक्ता समितिहरु | संख्या | ० | ० | १० | ४० | ७० |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ७० | ८० | ८५ | ९० | ९५ |
| सुचारु खानेपानी आयोजना | संख्या | २ | २ | १ | ३ | ५ |
| गाउँपालिकाबाट नियमित फोहोर संकलन हुने शहरी घरपरिवार | प्रतिशत | ० | ० | ० | ५० | १०० |
| शौचालय भएका परिवार | प्रतिशत | ९० | ९५ | ९८ | ९९ | ९९ |
| सार्वजनिक शौचालय | संख्या | ० | ० | ० | ५ | १० |
| छात्र वा छात्राको अगल शौचालय भएका विद्यालय | प्रतिशत | १० | १०० | १०० | १०० | १०० |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा, मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी र सरसफाई उप-क्षेत्रको खर्च र स्रोतको त्रिवर्षीय अनुमान तालिका ४.८ मा रहेको छ।

### तालिका ४.८ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ३५०० | ३५०० | ० | ० | ३५०० | ० | ० | ० |
| २०८२/०८३ | ३५७० | ३५७० | ० | ० | ३५७० | ० | ० | ० |
| २०८३/०८४ | ३६७७ | ३६७७ | ० | ० | ३६७७ | ० | ० | ० |

## ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सक्षिप्त विवरण तालिका ४.९ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.९. : खानेपानी तथा सरसफाई उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका स्तरमा मूहान तथा खा.पा. समिति दर्ता अभियान तथा सचेतिकरण कार्यक्रम | शुद्ध खानेपानी दिगो व्यवस्थापनमा सघाउ पुग्नेछ। | सालबसाली | ५०० | खानेपानी उपभोक्ता समिति दर्ता भएको हुनेछ। |
| २ | गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाई बोर्ड गठन तथा क्षमता बिकास | उपभोक्ता समितिहरु तथा योजनाहरुको दिगो व्यवस्थापन गर्ने | सालबसाली | ३०० | गाउँपालिकामा खानेपानी बोर्ड गठन भएको हुनेछ। खानेपानीका क्षेत्रमा दिगो व्यवस्थापनको शुरुवात भएको हुनेछ। |
| ३ | सार्वजिनक स्थलमा शौचालय निर्माण | शौचालय निर्माण मार्फत पूर्ण सरसफाई युक्त पालिका निर्माण गर्ने। | सालबसाली | २००० | सार्वजनिक स्थलमा शौचालय निर्माण भई पूर्ण सरसफाईयुक्त पालिका निर्माण हुनेछ। |
| ४ | त्रैमासिक रुपमा खानेपानीको शुद्धता परिक्षण तथा सचेतना अभिवृद्धी कार्यक्रम | स्वच्छ खानेपानीको उपयोगमा अभिवृद्धी गर्ने। | सालबसाली | ५०० | शुद्ध खानेपानी उपयोग गर्नमा थप सघाउ पुग्नेछ। |
| ५ | खानेपानीको मर्मत, निर्माण तथा खानेपानीका मर्मतका लागि पाईप खरिद | खानेपानीको दिगो व्यवस्थापन गर्नु | सालबसाली | ७४४७ | लाभग्राहीहरुले दिगो रुपमा खानेपानी उपभोग गर्न पाउनेछन। |

## ४.३.९. जोखिम तथा अनुमान

गाउँपालिकाको प्रस्तावित बजेट र कार्यक्रम सुनिश्चितता भई आयोजना संचालन तथा मर्मत संभार र स्तरोन्नती भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ। आयोजना निर्माणमा ढिला र उचित व्यवस्थापन हुन नसक्नु खानेपानी र सरसरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा ऑकलन गरिएको छ।

## ४.४ महिला, बालबालिका सामाजिक संरक्षण र समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

लैङ्ग्रिक समता तथा सामाजिक समावेशीकरणको मूल मान्यतालाई अंगिकार गर्दै गाउँपालिकाले समाजका पिछडिएका वर्ग, जनजाती तथा महिलाको निर्णय प्रकृयामा पँहूच वृद्धि गर्ने अवसर प्राप्त गरेको छ। आर्थिक वर्ष २०८२।०८३ बाट ज्येष्ठ नागरिकको सम्मानका निमित्त प्रत्येक वर्ष ज्येष्ठ नागरिक दिवस मनाई गाउँ माता र गाउँ पिता घोषणा गरी सम्मान कार्यक्रम सञ्चालन गरिने छ। कार्यालयभित्र स्थानपान कक्ष तथा लैङिक आचार संहिता निर्माण गर्नुपर्ने देखिन्छ। लैङिगक हिंसा निवारण कोषको व्यवस्था गर्नपर्ने देखिन्छ।

### ४.४.२ समस्या तथा चुनौती

लक्षित वर्ग, पिछडिएको वर्गमा स्वरोजगारीका अवसर तथा आत्म निर्भरतामा कमी रहेको छ। स्थानीय स्तरको योजना रहेता पनि प्रत्यक्ष तथा अर्थपूर्ण सहभागिता नहुँदा तर्जुमा गरिएका कार्यक्रमहरूबाट प्रभावकारी कार्यान्वयनको कमी रहेको छ। भौतिक संरचनाहरु बालबालिका, अपाङ्गता वा महिलामैत्री नहुनु र बालविवाह तथा जातीय छुवाछुतको अभ्यास कायमै रहनु चुनौतिका रुपमा रहेका छन्।

### ४.४.३ सोच

**"अर्थपूर्ण, समतामूलक, सभ्य समाजको निर्माण"**

### ४.४.४ उद्देश्य

१. महिला, बालबालिका, लोपउन्नमुख र पछाडी पारिएका वर्गको क्षमता अभिवृद्धि तथा निर्णय तहमा सहभागिता सुनिश्ति गर्नु।

### ४.४.५ रणनीति

१. अन्तरसरकारी सहकार्यमा समावेशीकरणको व्यवहारिक कार्यान्वयन गर्ने।

२. लक्षित वर्गको क्षमता विकास मार्फत आत्मा सम्मानको अभिवृद्धि र सार्वजनिक नियकामा न्यायोजित पहूँच सुनिश्चित गर्ने।

३. गाउँपालिकालाई महिला, जेष्ठ नागरिक, अपाङ्ग तथा बालमैत्री गाउँपालिकाको रुपमा विकास गर्ने।

४. लैगिक अडिट तथा लैंगिक उत्तरदायी बजेटको अवधारणलाई प्रभावकारी रुपना कार्यान्वयन गर्ने।

५. महिला स्वरोजगारको सुनिश्चितता गर्ने।

६. लैङिगक सिंहामुक्त वडा तथा पालिका निर्माणमा जोड दिने।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको प्रस्तावित गाउँ विकास/आवधिक योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.१० मा प्रस्तुत गरिएको छ।

**तालिका ४.१० : महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| गाउँपालिका भित्र भएका सडक बालबालिका | संख्या | ० | ० | ० | ० | ० |
| गाउँपालिकामा रहेका बालगृह | संख्या | ० | ० | ० | ० | ० |
| गाउँसभामा महिलाहरुको सहभागिता | प्रतिशत | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| कार्यपालिकामा महिला सहभागिता | प्रतिशत | २७ | २७ | २७ | २७ | २७ |
| गाउँपालिका स्तरीय महिला संघ/सञ्जाल | प्रतिशत | ० | ० | ० | १ | ० |
| सहकारी क्षेत्रमा नेतृत्वमा महिला सहभागिता | प्रतिशत | १७ | १७ | १७ | २० | ३० |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रि-वर्षीय अनुमान तालिका ४.११ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.११: महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | २६३८ | २६३८ | ० | ० | ९८० | ९२० | ७३८ | |

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ३००० | ३००० | ० | ० | १७१२ | ४८८ | ८०० | |
| २०८३/०८४ | ४००० | ४००० | ० | ० | १८०० | १००० | १५०० | |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.१२ मा प्रस्तुत गरिएको छ।

#### तालिका ४.१२ : महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्ग्रम | बालबालिका संरक्षणमा अभवृद्धी | सालबसाली | १००० | बालमैत्री स्थानीय तह घोषणा भएको हुनेछ। |
| २ | अपाङ्गता भएका व्यक्ति संरक्षण र शसक्तिकरण कार्यक्रम | वर्गिकृत परिचयपत्र वितरण, सहायक सामग्री र चेतनामा वृद्धी गर्नु | सालबसाली | ५०० | सालबसाली रुपमा अपाङ्गता भएका परिचयपत्र प्राप्त गर्न छन्। |
| ३ | दलित, अल्पसंख्यक तथा सिमान्तकृत उत्थान कार्यक्रम | लक्षित वर्गको संवैधानिक अधकार सुनिश्चित गर्नु | सालबसाली | ५०० | पालिका भित्र भएका दलित, अल्पसंख्यक तथा सिमान्तकृत समुदायको शसक्तिकरणमा अभिवृद्धी भएको हुनेछ। |
| ४ | महिला बालबालिका तथा सामाजिक संरक्षण कार्यक्रम तथा क्षमता विकास कार्यक्रम | लक्षित वर्गको शसक्तिकरणलाई प्रभावकारी बनाउनु | सालबसाली | १००० | लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयन तथा लक्षित वर्गको शसक्तिकरणमा सेवा प्रवाह हुनेछ। |

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | महिला लक्षित दलित तथा अपाङ्ता भएका समुदायका लाभग्राहीहरुमा आयआर्जन तथा सीपमूलक कार्यक्रम | क्षमता तथा सीपमा वृद्धी गर्ने | सालबसाली | ४००० | महिला दलित तथा अपाङ्गता वर्गमा सीप वृद्धी भएको हुने छ र आर्थिक रुपमा सक्षम हुदैँ जानेछन् । |
| ६ | लैङिक हिंसा बिरुद्धको १६ दिने अभियान | अभियान मनाउने | सालबसाली | २०० | लैङिगक हिंसा बिरुद्धदको अभियान मनाईनेछ । |
| ७ | GESI Audtt Program | Audit गर्ने | सालबसाली | ४३८ | बार्षिक रुपमा GESI Audit हुनेछ । |
| ८ | गाउँपालिका स्तरीय बाल दिवश तथा अन्य कार्यक्रम मनाउने | कार्यक्रम मनाउने | सालबसाली | २००० | बार्षिक रुपमा बाल दिवश लगाएतका कार्यक्रमहरु मनाईनेछ । |

### ४.४.९ जोखिम तथा अनुमान

गाउँपालिकामा क्षेत्रगत रुपमा कार्यक्रमका प्राथमिकताका आधारमा बजेट बिनियोजन, व्यवहारिक कार्यान्वयन तथा नीतिगत परिवर्तन भएको हुनेछ । यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

## ४.५ युवा, खेलकुद तथा नवप्रवर्द्धन

### ४.५.१ पृष्ठभूमि

सुनकोशी गाउँपालिकाको स्थानीय विकासमा युवा सहभागिता अभिवृद्धि गरी युवाको सशक्तिकरण र विकासमा परिचालनको नीति अवलम्बन गरिएको छ । सीप विकास, स्वरोजगारी र आत्मनिर्भरताका अवसरहरु सिर्जना भएका छन् । खेल क्षेत्रको विकासका लागि स्थानीय स्तरमा खेल आयोजना तथा खेलाडीलाई सहयोग तथा सम्मानको अभ्यास रहेको छ । गाउँपालिकाले युवाहरुलाई लागु पदार्थ तथा दुव्यर्सनबाट सचेत गराउने नीति लिएकोछ ।

### ४.५.२ समस्या तथा चुनौती

विभिन्न तहका सरकारबीच युवा तथा खेलकुद सम्बन्धी योजना कार्यान्वयनको कमि, खेल क्षेत्रमा संस्थागत विकास तथा खेलकुद विकास समिति वा संस्थागत विकासको कमी, खेल मैदान लगायतका खेल पूर्वाधारको विकास पर्याप्त नहनु, खेलाडीको प्रतिस्पर्धी क्षमतामा कमी, दुव्यंसन र वैदेशिक रोजगारीमा आकर्षण, स्तरीय खेल प्रशिक्षणमा कमी, खेलमा व्यवसायिकतामा कमी र खेलाडीको भविश्यको अनिश्चिता जस्ता पक्षहरु समस्याको रुपमा रहेको छ ।

### ४.५.३ सोच

**"सिर्जनशील युवा तथा सवाङ्गिण विकास"**

**४.५.४ उद्देश्य**

१. युवालाई आत्मनिर्भर तथा स्वरोजगार गराउनु,

२. खेल क्षेत्रलाई विशिष्टकृत तथा व्यवसायिक तुल्याउन् ।

### ४.५.५ रणनीति

१. युवा वर्गको क्षमता विकास गरी उनीहरूलाई सामाजिक, आर्थिक र खेलकुदका गतिविधिमा संलग्न गराउने,

२. युवाहरूमा सामाजिक भावना, सिजनशीलता, उद्यमशीलता र नेतृत्व क्षमता विकासका लागि नियमित कार्यक्रम सञ्चालन गर्ने ।

३. खेल पूर्वाधार, सामग्री तथा प्रशिक्षणको व्यवस्था गरी प्रतिस्प्रर्धी खेल क्षमताको विकास गर्ने,

४. विकास प्रक्रियामा युवाको समावेशीकरण र सहभागिता सुनिश्चित गर्ने ।

५ खेल गतिबिधिहरूको वार्षिक क्यालेन्डर बनाएर नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको प्रस्तावित आवधिक योजना तथा कार्यक्रम तथा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१३ : युवा तथा खेलकुद उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| युवा क्लब, सञ्जाल तथा संस्था | संख्या | ० | ० | ७ | ७ | ७ |
| गाउँपालिकामा सञ्चालित खेलकुद प्रतियोगिता | प्रतिशत | ० | १ | १ | २ | ३ |
| पालिका स्तरीय युवा तथा खेलकुद समिति | संख्या | ० | ० | ० | १ | ० |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ४.१४ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.१४ : युवा तथा खेलकुद उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | १२०० | १२०० | ० | ० | १२०० | ० | ० | ० |
| २०८२/०८३ | १३०० | १३०० | ० | ० | १३०० | ० | ० | ० |
| २०८३/०८४ | १३३९ | १३३९ | ० | ० | १३३९ | ० | ० | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सक्षिप्त विवरण तालिका ४.१५ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.१५ : युवा तथा खेलकुद उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका स्तरीय युवा तथा खेलकुद विकास समिति गठन | खेलकुद समिति गठन गर्ने | सालबसाली | ३३९ | पालिका स्तरीय खेलकुद समिति गठन भएको हुनेछ। |
| २ | युवा तथा खेलकुद सम्बन्धी अन्य कार्यक्रम | युवाहरुलाई खेलकुद प्रतिको क्षमता वृद्धी गर्ने | सालबसाली | ३५०० | खेल क्षेत्र प्रतिको युवाहरुको आकर्षकण बढ्नेछ। |

### ४.५.९ जोखिम तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था भइ यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुन सक्छ।

# पूर्वाधार विकास क्षेत्र

## ५.१ बस्ती विकास, आवास तथा भवन

### ५.१.१ पृष्ठभूमि

सुनकोशी गाउँपालिकाका अधिकांश जमिन भिरालो र सडक, विद्युत तथा खानेपानी जस्ता पूर्वाधारको विकास भएकाले आवास र बस्ती विकासका लागि गाउँक्षेत्र उपयुक्त रहेको छ। गाउँपालिकाको सबै वडा केन्द्र, प्रमुख बजार क्षेत्रका प्रमुख स्थलहरुमा आधुनिक सुबिधा सम्पन्न आबास तथा बस्ती विकास हुँदै जाने क्रममा रहेको छ। आवाश निर्माण कार्यमा निजी घरहरु गाउँपालिकाले निर्धारण गरेको मापदण्ड अनुसार निर्माणको थालनी भएको छ, यसले समृद्ध सुनकोशी निर्माणका प्रमुख सेतुको भूमिका निर्वाह हुने देखिन्छ।

### ५.१.२ समस्या तथा चुनौती

गाउँपालिकामा भवन निर्माणमा मापदण्ड पालना, व्यवस्थित बस्ती निर्माण, व्यवस्थित बस्ती निर्माणमा गाउँबासीहरुको सोचाईमा एक रुपता नहुनु र प्राविधिक दक्ष जनशक्तिको अभाव आवास तथा बस्ती विकासका समस्याहरु रहेको छ।

### ५.१.३ सोच

"व्यवस्थित आवास, हाम्रो पहिचान”

### ५.१.४ उद्देश्य

१. व्यवस्थित तथा सुरक्षित बस्ती तथा आवास निर्माण गर्ने।

### ५.१.५ रणनीति

१. एकीकृत बस्ती विकासको प्रारुप तयार पार्ने,

२. सार्वजनिक जग्गालाई उत्पादनशील क्षेत्रमा प्रयोग गर्ने,

३. प्रमुख बजार क्षेत्रको आवासीय पूर्वाधारलाई व्यवस्थित र वैज्ञानिक बनाउने।

४. आधारभूत सुविधा सम्पन्न आवास तथा बस्ती निर्माणमा मापदण्डको पालनालाई अनिवार्य गर्ने।

५. यातयात गुरु योजनालाई व्यवस्थित रुपमा कार्यान्वय गर्ने।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

प्रस्तावित एकीकृत गाउँ विकास योजना/कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको

आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.१ मा प्रस्तुत गरिएको छ ।

## तालिका ५.१.: भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी दक्ष व्यक्ति | प्रतिशत | ७० | ७५ | ८० | ९० | १०० |
| भूकम्प प्रतिरोधी प्रविधी र मापदण्ड अनुसार निर्माण भएका आवाश तथा घरहरु | प्रतिशत | ७० | ७० | ७५ | ८० | ९० |
| आधारभूत पूर्वाधार सहितका व्यवस्थित बजार | संख्या | २ | २ | ३ | ४ | ५ |
| सुरक्षित घरहरुमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ७० | ७० | ७५ | ८० | ९० |
| सुरक्षित सार्वजनिक यातयातको उपलब्धता | प्रतिशत | २० | २० | २५ | ३० | ३५ |
| घरबाट ३० मिनेटको पैदल यात्रामा पक्की सडकको पहुँच | प्रतिशत | ४० | ४० | ५० | ६० | ८० |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वाथ्य भवन | प्रतिशत | ९० | ९० | १०० | १०० | १०० |
| यातयात गुरु योजनाका आधारमा A,B, C र D स्तरका सडकहरुको बर्गिककरण संख्या | | | | | | |
| A Class स्तरका सडक | संख्या | ७ वटा | ७ वटा | ७ वटा | ७ वटा | ७ वटा |
| B Class स्तरका सडक | संख्या | ५ वटा | ५ वटा | ५ वटा | ५ वटा | ५ वटा |
| C Class स्तरका सडक | संख्या | २२ वटा | २२ वटा | २२ वटा | २२ वटा | २२ वटा |
| D Class स्तरका सडक | संख्या | १३१ वटा | १३२ वटा | १३२ वटा | १३२ वटा | १३२ वटा |

**स्रोत : यातयात गुरु योजना २०८० र पूर्वाधार विकास तथा योजना शाखाको तथ्याङ्कका अनुसार**

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा बस्ती विकास, आवास तथा भवन निर्माण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवषर्षीय अनुमान तालिका ५.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.२ : भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २०८२/०८३ | २०० | २०० | ० | ० | १०० | १०० | ० | ० |
| २०८३/०८४ | २०६ | २०६ | ० | ० | १०६ | १०० | ० | ० |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षितसहितको संक्षिप्त विवरण तालिका ५.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.३ : भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| सि. नं. | कार्यक्रम/ आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आवाश, भवन तथा शहरी विकास कार्यक्रम | भवन, आवाश, बस्ती तथा शहरी विकासलाई व्यबस्थित बनाउनु | सालबसाली | ४०६ | भवन, आवाश, तथा शहरी विकास सम्बन्धी सेवा सुचारु भएको हुनेछ |

### ५.१.९ जोखिम तथा अनुमान

भू-उपयोग, आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड तयार सहित परिपालनामा अभिवृद्धि हुनेछ। भूस्वरुपमा परिवर्तन र शहरीकरणका कारण वातावरणीय ह्रासमा वृद्धि भई गाउँ क्षेत्रको सुन्तरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेको छ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

गाउँपालिकाका वडा नं. १, २, ३, ६ र ७ लाई पक्की सडकले छोएको छ भने अन्य दुई वटा बडाहरूमा सडक सञ्जाल तथा सार्वजनिक यातायातको सेवा उपलब्ध रहेको छ । गाउँपालिकामा कुल २५ कि.मि. कालोपत्रे, १४.३ कि.मि ग्राभेल सडक निर्माण भएको छ । सडक पूर्वाधारलाई पर्यटन विकासको मेरुदण्डको रुपमा विकास गर्ने नीति लिईएको छ । गाउँपालिकामा हरित सडक निर्माण कार्यलाई प्राथमिकता दिईएको छ । आयोजना तथा कार्यक्रम सञ्चालनका लागि आयोजना/ कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, उपभोक्ता समिति र ठेक्केदारलाई कामको गुणस्तरताका आधारमा प्रोत्साहन गर्ने व्यवस्था गरिएको छ । सबै वडाहरुमा भएका नियमित सार्वजनिक यातयातका साधन सञ्चालन हुँदै आएका सडकलाई मर्मत संभार र स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईएको छ । संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा सडक पूर्वाधार निर्माण गर्ने कार्य अगाडी बढाइने ।

### ५.२.२ समस्या तथा चुनौती

यस गाउँपालिकाको पूर्वाधारको विकास भएपनि गाउँपालिकाले पर्यटकीय केन्द्रको रुपमा बदलिदो परिस्थिती अनुसार पूर्वाधार विकासमा ध्यान नपुऱ्याएको, बजेट अभावका कारण सोचे अनुसार सबै वडामा पक्की सडक नहुनु , पर्यावरणलाई जोगाउने तर्फ ध्यान नपुग्नु, सडक निर्माणसँगै ढल निर्माण नहुँदा असहज परिस्थिती उत्पन्न हुनु, सडकको गुणस्तरीयतामा कमी हुनु, सडक चिन्हको प्रभात्रका कारण दुर्घटनाको वृद्धि हुनु, सडक तथा यातायातको क्षेत्रमा देखिएको समस्या तथा चुनौती हुन् ।

### ५.२.३ सोच

**"सुरक्षित, गुणस्तरीय, वातावरणमैत्री र दिगो सडक पूर्वाधार"**

### ५.२.४ उद्देश्य

१. सबै क्षेत्रमा विश्वासनीय यातायात सेत्रा विस्तार गर्नु,

२. यातायात व्यवस्थापनलाई प्रभावकारी गराउनु

### ५.२.५ रणनीति

१. अन्तर सरकार साझेदारी र सहकार्यमा सडक पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्ने ।

२. सडक निर्माणलाई वातावरणमैत्री तुल्याउने ।

३. यातायात संचालन र व्यवस्थापन प्रणाली सुदृद्ध बनाउने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँ विकास योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.४ मा प्रस्तुत गरिएको छ ।

### तालिका ५.४ : सडक, पुल तथा यातायात उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १२ महिना सञ्चालन हुने सडकको २ कि. मी. वरपर क्षेत्रमा बसोबास गर्ने जनसंख्याको मनुपात | प्रतिशत | २० | २० | ३० | ४० | ६० |
| कालोपत्रे सडक | कि.मी. | २२ | २५ | २७ | ३५ | ४० |
| ग्राभेल सडक | कि.मी. | १४.३ | १४.३ | १४.६ | २० | २५ |
| धुले सडक | कि.मी. | २६९ | २८० | २८० | २८० | २८५ |
| सडक नालीको लम्बाई | कि.मी. | ४० | ४३ | ४७ | ५२ | ५७ |
| झोलुङ्गे पुलको | संख्या | १ | २ | १ | १ | १ |

## ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध भएको बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तवा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५.५ मा प्रस्तुत गरिएको छ ।

### तालिका ५.५.: सडक, पुल तथा यातायात उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | १००० | ० | १००० | ० | ० | १००० | ० | ० |
| २०८२/०८३ | १५०० | ० | १५०० | ० | ० | १५०० | ० | ० |
| २०८३/०८४ | १०५१ | ० | १०५१ | ० | ० | १०५१ | ० | ० |

## ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.६ : सडक, पुल तथा यातायात उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक तथा झोलुङ्गे पुल निर्माण कार्यक्रम | सडक तथा झोलुङ्गे पुल निर्माण गर्ने | सालबसाली | ३५५१ | लक्ष्य अनुसार सडक तथा झोलुङगे पुन निर्माण भएको हुनेछ । |

### ५.१.९ जोखिम तथा अनुमान

सडक निर्माण तथा स्तरोन्नतीमा अन्तर सरकार सहकार्यमा वृद्धि भएको हुनेछ । उपभोक्ता समिती तथा सबन्धित सरोकारवालाको सकिय सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन सक्छ ।

## ५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ५.३.१ पृष्ठभूमि

जलश्रोतको रुपमा सुनकोशी नदीबाट १० मेगावाटको क्षमतामा रहेको सुनकोशी जलविद्युत्त आयोजना आफ्नै सेवा क्षेत्रभित्र रहेको छ । सुनकोशी नदी बाहेक अन्य खहरे खोलाहरु प्रमुख स्रोतको रुपमा रहेका छन् । गाउँपालिकामा करिव ९९ प्रतिशत घरधुरीले बत्ती बाल्ने प्रयोजनका लागि विद्युतीय उर्जाको उपयोगको अभ्यास रहेका, पछिल्ला दिनमा खाना पकाउने उर्जाको श्रोतका रुपमा दाउराको उपयोगमा कमी हुँदै गएको छ भने आयातित उर्जामा निर्भरता बढेको र खाना पकाउने उजाको प्रमुख श्रोतका रुपमा ग्यास, दाउरा तथा केही मात्रमा वायो ग्यास रहेको छ ।

### ५.३.२ समस्या तथा चुनौती

नदी प्रदुषण र जलाधार क्षेत्रको विनास र भूमिगत जलको अधिक उपयोगका कारण सतह घटदै जानु, ऊर्जाको उपयोग प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि र प्रोत्साहन, वैकल्पिक उर्जाको विस्तार गर्न नसक्नु चुनौतिको रुपमा रहेको छ ।

### ५.३.३ सोच

**"भरपर्दो, सहज, सुलभ उर्जाको उपलब्धता"**

### ५.३.४ उद्देश्य

१. जलाधार क्षेत्रको संरक्षणलाई प्रभावकारी गराउनु,

२. सबै घरधुरीमा स्वच्छ उर्जाको उपयोग सुनिश्चित गर्नु,

### ५.३.५ रणनीति

१. गाउँपालिका भित्र भएका जलस्रोतका मुहान, कुवा र परम्परागत धाराको संरक्षण र सम्बर्द्धनमा सरकारी तथा समुदायको सहभागिता बढाउने ।

२.	वैकल्पिक उर्जाको उपयोग विस्तार गर्दै आयातित इन्धन माथिको निर्भरता कम गर्दैँ गर्ने ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

प्रस्तावित एकीकृत गाउँ विकास योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाकी आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.७ : जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. सम्मको उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| सोलार प्रणाली सहित विधुत्त सेवा पुगेका घरपरिवार | प्रतिशत | ०.१ | ०.२ | १ | १.५ | २ |
| सुधारिएको उर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.५ | ०.५ | १ | १.५ | २ |
| विधुत्तमा पहुँच भएका जनसंख्याको अनुपात | प्रतिशत | ९९ | ९९ | ९९ | १०० | १०० |
| खाना पकाउने उर्जाको प्राथमिक स्रोतको रुपमा दाउराको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ८० | ८० | ८५ | ९० | ९० |
| खाना पकाउन र पानी तताउन ग्यासको प्रयोग गर्ने घरपरिवार संख्या | प्रतिशत | ३० | ३० | ४० | ५० | ५० |
| विधुत्तबाट चल्ने सवारी साधन | प्रतिशत | ० | ० | ५ | १० | १५ |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ५.८ मा प्रस्तुत गरिएको छ ।

### तालिका ५.८. : जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | २४०० | २४०० | ० | ० | ० | २४०० | ० | ० |
| २०८२/०८३ | ५०० | ५०० | ० | ० | ० | ५०० | ० | ० |
| २०८३/०८४ | ५१५ | ५१५ | ० | ० | ० | ५१५ | ० | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५.९ मा प्रस्तुत गरिएको छ।

### तालिका ५.९.: जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक सौर्य बत्ती | सडकमा हुन सक्ने क्षति कम गर्ने | सालबासली | २४०० | योजना अनुसार सबै स्थानमा सडकमा सौर्य वत्ति जडान गरिएको हुनेछ। |
| २ | विधुत्तिय गाडी चार्जिङ् स्टेशन निर्माण आयोजना | नवीकरणीय उर्जा खपत वृद्धी गर्नु | सालबसाली | ९०० | लामोसाँघु जि.री.सडक खण्ड अन्तर्गत सुनकोशीको भू-भागमा एक वटा चार्जिङ स्टेशन निर्माण भएको हुनेछ। |
| ३ | जलस्रोत, विधुत्त तथा वैकल्पिक उर्जा कार्यक्रम | प्रदुक्षण न्यूनिकरण, नवीकरणय उर्जा प्रर्वद्धन, व्यवस्थापन गर्नु | सालबसाली | २१५ | विधुत्त, नवीकरणीय उर्जा कार्यक्रम प्रर्वद्धन प्रभावकारी हुनेछ। |

### ६.३.९ जोखिम तथा अनुमान

हाल भएको प्रविधि प्रवर्द्धन सहितको उपयोग, बजेटको सुनिश्चिता, मानव संशाधन उपलब्ध भएमा उल्लिखित उपलब्धीहरु हासिल हुनेछ। सो हुन नसकेमा योजना प्राप्त नहुने जोखिम रहन सक्छ।

## ५.४ सूचना, सञ्चार तथा प्रविधि

### ५.४.१ पृष्ठभूमि

सुनकोशी गाउँपालिकामा सञ्चारका साधनहरुमा मोवाइल, फोन, टेलिफोन, इन्टरनेट रेडियो, टिभि, पत्रपत्रिका तथा हुलाक रहेका छन् । आधुनिक प्रविधि विकासको महत्वलाई आत्मसात गरी सुनकोशी गाउँपालिकाले डिजिटल पालिकाको रुपमा विकास गर्ने लक्ष्य लिएको छ । नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलका टेलिफोन तथा मोबाइल सेवाको सहज पहुँच रहेको छ । करीब ८०.२९ प्रतिशतले मोवाईल फोनको प्रयोग तथा ४८.०९ प्रतिशतले टेलिभिजनको प्रयोग गर्छन । गाउँपालिकासीहरुमा इन्टरनेटको उपयोग विस्तार क्रमशः भइ सकेको छ । गाउँपालिका अन्तर्ग रहेका सम्पूर्ण सामुदायिक संस्था जस्तै विद्यालय, वडा, स्वास्थ्य संस्थाहरुमा इन्टरनेटको सुविधा उपलब्ध रहेको छ। गाउँपालिकाले सूचना प्रविधि प्रवर्द्धन तथा विस्तार गरी सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउने र गाउँपालिकामा पेपरलेस कारोबारलाई क्रमिक रुपमा प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ ।

### ५.४.२ समस्या तथा चूनौती

इन्टरनेट तथा मोवाइल फोनको गुणस्तरमा कमी, साइवर अपराध सम्बन्धी जनचेतनामा कमी, सञ्चारका साधनको उपयोगमा अस्वस्थ प्रतिस्पर्धा, पोल पोलमा झुन्डिने तारले पर्यटकिय शहरी सौन्दर्यलाई कुरुप बनाएको छ । ताररहित प्रविधिलाई बढावा दिनु र गुणस्तरीय सन्चार सेवा प्रवाह गर्नु चुनौतिका रुपमा रहेका छन् ।

### ५.४.३ सोच

**"सहज, नियमित सूचना सञ्चार प्रविधि सेवा"**

### ५.४.४ उद्देश्य

१. भरपर्दो, विश्वसनीय एवं गुणस्तरीय सूचना तथा संचार सेवाको विकास र विस्तार गर्नु ।

### ५.४.५ रणनीति

१. सेवा प्रवाह र दैनिक जीवनमा विद्युतीय सूचना प्रविधिको उपयोग गरी थप सहज र प्रभावकारी गराउने ।

२. गाउँ कार्यपालिका तथा वडा कार्यालयबाट हुने सेवा प्रबाह तथा कार्यसम्पादनलाई पेपरलेस बनाउने ।

३. सूचना प्रविधिमा गाउँबासीको पहुँच र उपयोग सुनिश्चित गर्न सेवा प्रदायक संस्थालाई प्रोत्साहित गर्ने ।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.१० मा प्रस्तुत गरिएको छ ।

### तालिका ५.१० : सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको नीति, नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | घर परिवार | ३५१ | ४०० | ४५० | ६०० |
| कम्पुटर सेवा उपलब्ध घर परिवार | प्रतिशत | ४.६० | १० | २९ | ३० |
| इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ८.८८ | १५ | ३० | ५० |
| मोवाइल प्रयोगकर्ता | प्रतिशत | ८०.२९ | ८५ | ९० | ९२ |
| सञ्चारका कुनै पनि साधन प्रयोग नगर्ने घरपरिवार | प्रतिशत | ४.८६ | ३ | २ | १ |
| रेडियो तथा टेलिभिजन प्रयोग गर्ने घर-परिवार | प्रतिशत | ४५.६७ | ५० | ५५ | ६० |
| गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली | संख्या | १२ | १४ | १६ | २० |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालयहरु | प्रतिशत | १०० | १०० | १०० | १०० |
| इन्टरनेट सुविधा उपलब्ध स्वास्थ्य संस्थाहरु | प्रतिशत | १०० | १०० | १०० | १०० |
| इन्टरनेट सुविधा उपलब्ध विद्यालयहर | प्रतिशत | १०० | १०० | १०० | १०० |

## ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवषीय अनुमान तालिका ५.११ मा प्रस्तुत गरिएको छ।

### तालिका ५.११ : सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | १००० | १००० | ० | ० | १००० | ० | ० | ० |

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | १००० | १००० | ० | ० | २०० | ८०० | ० | ० |
| २०८३/०८४ | १०३० | १०३० | ० | ० | २३० | ८०० | ० | ० |

## ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५.१२ मा प्रस्तुत गरिएको छ।

### तालिका ५.१२ : सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि. नं. | कार्यक्रम/ आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | ई-हाजिरी व्यवस्थापन | अपुरो स्थानमा ई-हाजिरी व्यवस्थापन | सालबसाली | ३०० | हाजिरी व्यवस्थापन विधुत्तिय माध्यमबाट भएको हुनेछ। |
| २ | पालिकामा इन्टरनेट केबल व्यवस्थापन | द्रुत गतिमा इन्टरनेट संचालनका लागि | सालबसाली | ४०० | इन्टरनेटको व्यवस्था भएको हुनेछ। |
| ३ | सूचना प्रबिधिको बिकास तथा बिस्तार | प्रविधि मैत्री पालिका निर्माणका लागि | सालबसाली | ५०० | प्रविधि मैत्री पालिका निर्माण भएको हुनेछ। |
| ४ | पालिकाको डकुमेन्टी निर्माण | विकासका गतिविधिहरुको डकुमेन्ट्रि निर्माण | सालबसाली | ३३० | प्रविधि मैत्री पालिका निर्माण भई सूचना प्रवाहमा सहजता हुनेछ। |
| ५ | सुनकोशीमा दोस्रो ५ वर्ष नामक इ - बुक प्रकाशन | ५ बर्षमा भएका सबै बिकासको बुक प्रकाशन गर्ने | सालबसाली | १८०० | गाउँपालिकाको समग्र विकासको सबै गतिबिधिहरु इ - बुकका रुपमा प्रकाशन भएको हुनेछ। |

## ५.४.९ जोखिम तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

परिच्छेद - ६

# वन, वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वन, हरियाली, भूसंरक्षण र जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको ब्यबस्था गरेको छ। उल्लेखित संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न संघीय सरकारले राष्ट्रिय वन नीति २०७१ र राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ र वन ऐन, २०७६ तथा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन। उपरोक्त नीति तथा कानूनको उद्देश्य स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषणबाट हुने क्षति बापत पीडितलाई प्रदुषणबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चूनौतीलाई सामाना गर्ने रहेको छ।

विपदको अवधारणा अनुसार विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले लिएको मूल उद्धेश्यलाई टेवा पुग्ने गरी स्थानीय सरकारले समेत विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील स्थानीय तह निर्माण गर्दै दीगो विकासमा योगदान पुःयाउने दीर्घकालिन सोँच, ध्येय र लक्ष्य सहित प्राकृतिक र गैर प्राकृतिक विपदबाट हुने क्षति उल्लेख्य रुपमा कम गर्ने मुल उद्देश्य अनुरुप आयोजना तथा कार्यक्रम तय गर्ने र सोहि मुताबिक बजेट सुनिश्चितता गर्नुपर्ने आवश्यकता रहेको छ। त्रिबर्षीय खर्च संरचनामा वन, वातावरण र विपद व्यवस्थापन विषय क्षेत्रसँग सम्बन्धीत संभावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरु समेत संलग्न गरी मध्यमकालीन खर्च संरचना २०८१।०८२ देखि २०८३।०८४ तर्जुमा गरिएको छ।

### ६.१.२ समस्या तथा चुनौती

यस गाउँपालिका क्षेत्रको वनजङ्गलले उचित संरक्षण र प्रवद्र्धनको अभावले यथोचित विकास हुन सकेको छैन। बस्ती विकासकोक्रम बढेसँगै गाउँक्षेत्रका विभिन्न ठाँउमा रहेको रुख बिरुवाहरु फडानी गर्ने प्रवृति बढदै गएको छ। वृक्ष रोपन गर्नुपर्छ भन्ने चेतना अत्यन्त न्यून रहेको छ भने भएको रुख बिरुवा, जलाशय क्षेत्र संरक्षणमा यथोचित ध्यान पुर्याउनु पर्ने देखिन्छ। स्थानीय स्तरको जंगल वा बस्ति क्षेत्रमा लाग्ने डढेलो नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण, औजार, सीप तथा प्रतिकार्य योजना समेतको अभाव रहेको छ। वन, जैविक विविधता र जलाधारका श्रोतहरुको व्यवस्थापनमा स्थानीय जनप्रतिनिधि, उपभोक्ता समिति तथा आम उपभोक्ताहरुमा सचेतना र क्रियाशिलताको कमी रहेकोछ।

समग्र देशकै अवस्था र स्थानीय तहहरुभित्र बहुउद्देश्यीय क्षेत्रको अवसरका रुपमा रहेको वन वैज्ञानिक रुपमा नहुँदा वन क्षत्रका उत्पादन तथा उत्पादकत्वमा कमी रहेको छ। परम्परागत रुपमा घाँस, दाउरा र काठ बाहेक वनबाट आयआर्जन तथा उद्यम व्यवसायमूलक क्रियाकलाप छैन। स्थानीय सरकारले उक्त सामुदायिक वनलाई उत्पादनसँग जोडि यथोचित लाभ लिन

सकिएको छैन । गाउँपालिकाको नीति तथा कार्यक्रम र बार्षिक बजेटमा समेत वन, वातावरण तथा विपद व्यवस्थापनका क्षेत्र प्राथमिकतामा नपरेको देखिन्छ । बार्षिक रुपमा अत्यन्त थोरै बजेट र कार्यक्रम प्रस्ताव हुने गरेको छ । सरकार, नागरिक समाज र समुदायमा वन तथा वातावरण संरक्षण र व्यवस्थापन प्रतिको जिम्मेवारी बोधको कमी देखिएको छ । बैज्ञानिक वन व्यवस्थापन गरी काठ, दाउराको उत्पादन र उपलब्धता बढाउनु, वन तथा कृषि क्षेत्रमा जडिबुटी लगायत आयमूलक क्रियाकलाप सञ्चालन गर्नु तथा वन क्षेत्रलाई ग्रामीण तथा पर्यापर्यटनको आकर्षणको केन्द्र बनाउनु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

स्थानीय आयोजना संचालनको सन्दर्भमा वातावरण ऐन र नियमको व्यवस्था बमोजिम वातावरणीय अध्ययन सम्बन्धी व्यवस्थाको पूर्ण पालना हुन सकेको छैन । सरोकारवाला निकायहरु बीच समन्वयमा कमी हुनु र यस सम्बन्धमा स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी यस क्षेत्रका प्रमुख चूनौतीको रुपमा रहेका छन् । यस्तै विपद् प्रतिकार्यका लागि संस्थागत तथा सामुदायिक क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि गाउँपालिकाको प्रमुख चुनौतिका रुपमा रहेको छ ।

### ६.१.३ अवसर

नेपालमा भएका ७५३ वटै स्थानीय तह जस्तै जैविक विविधताको दृष्टिकोणबाट महत्वपूर्ण अवसरका रुपमा रहेको सुनकोशी गाउँपालिका जैविक बिबिधता संरक्षण, हरियाली प्रबर्द्धन, सामुदायिक वनलाई उत्पादनसँग जोडि खाली रहेका वन क्षेत्रमा बहुवर्षे रुपमा उत्पादन हुने नगदेबालीको प्रचुर संम्भावना रहेको छ । जलबायु अनुकुलित खेति प्रणाली अबलम्बन गर्न सकिने तथा कृषि विकासका लागि समेत उपयुक्त क्षेत्र रहेको यस गाउँपालिकामा पर्यापर्यटन तथा कृषि पर्यटन विकासको प्रचुर संभावना देखिन्छ । प्रयाप्त सामुदायिक बन रहेको यस गाउँपालिकामा बैज्ञानिक वन व्यवस्थापन गर्न सकेमा आम्दानीको राम्रो स्रोत बन्न सक्दछ ।

### ६.१.४ सोच

**"संरक्षित जैविक विविधता, सुरक्षित गाउँ"**

### ६.१.५ उद्देश्य

१. वन तथा जैविक विविधताको संरक्षण गर्नु,

२. भूक्षय न्यूनीकरण तथा नदी कटान नियन्त्रण गर्नु ।

### ६.१.६ रणनीति

- स्थानीय प्राकृतिक संम्पत्तिको रुपमा रहेको जल, जमिन र जंगलको संरक्षण गर्दै भूमिको उत्पादकत्वमा वृदी गरी त्यसमा आश्रित जनताको जीवनस्तर उकास्ने,
- भूउपयोग नीतिलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्दै कार्यक्रमहरु सम्पादन गर्ने,
- सार्वजनिक तथा ऐलानी जग्गाको पहिचान गरी बार्षिक रुपमा वृक्षारोपणका कार्यक्रमहरु सञ्चालन गर्ने,

- जैविक विविधता संरक्षण, वन व्यवस्थापनका लागि सामुदायिक वनहरुसँग आवश्यक समन्वय तथा परिचालन गर्ने,

### ६.१.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य :

सुनकोशी गाउँपालिकाको प्रस्तावित गाउँ विकास तथा आवधिक योजनाले लिइएको लक्ष्य तथा उद्येश्य अनुसार आगामी तीन आर्थिक बर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्ययमकलीन लक्ष्य तालिका ६.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१ वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| सामुदायिक वन | संख्या | २१ | २१ | २१ | २१ | २१ |
| पार्क तथा उद्यान | संख्या | ० | ० | ० | १ | १ |
| वृक्षारोण गरिएको क्षेत्र | रोपनी | १० | १० | २० | ४० | ६० |
| नदी नियन्त्रणका लागि गरिएको बाँध तथा अन्य कार्य | मिटर | १००० | १२०० | १५०० | २५०० | ३००० |
| संक्षित भू-क्षय र बाढी संवेदनशिल क्षेत्र | रोपनी | ५०० | ७०० | १००० | ११०० | १४०० |

**स्रोत : सुनकोशी गाउँपालिकाको घरधुरी सवेक्षण, २०८०/८१**

### ६.१.८ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रीवर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाका आधारमा वन, हरियाली, भूसंरक्षण र जैविक विविधता उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिबर्षिय अनुमान तालिका ६.२ मा प्रस्तुत गरिएको छ ।

### तालिका ६.२ वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप–क्षेत्रको खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २०८२/०८३ | ५०० | ५०० | ० | ० | १०० | ४०० | ० | ० |
| २०८३/०८४ | १००० | १००० | ० | ० | २०० | ८०० | ० | ० |

## ३.१.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण तालिका नं ६.३ मा प्रस्तुत गरिएको छ।

### तालिका ६.३ : वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उपक्षेत्रको खर्च तथा स्रोतको अनुमान

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामुदायिक वनहरुमा भएका खाली तथा ऐलानी जग्गाको पहिचान तथा वृक्षारोपण कार्यक्रम | सामुदायिक वनमा भएका खाली जग्गाको पहिचान हुने | सालबसाली | ४०० | वनलाई उत्पादनसँग जोड्न थप सघाउ पुग्नेछ। |
| २ | सामुदायिक वनहरुमा भएका खाली तथा ऐलानी जग्गामा बहुवर्षे रुपमा उत्पादन हुने नगदे बालीका बिरुवा वृक्षारोपण कार्यक्रम | सामुदायिक वनमा भएका खाली जग्गाको सदुपयोग गर्ने | सालबसाली | ८०० | उत्पादनमा वृद्धी भई आर्थिक रुपमा सक्षम हुने तर्फ अगाडी बढ्नेछ। |
| ३ | वन, हरियाली भूसंरक्षण तथा जैविक विविधता संरक्षण कार्यक्रम | वन तथा नदी नियन्त्रणका साथै बस्तीहरुको संरक्षण गर्नु | सालबसाली | ३०० | वन व्यवस्थापन, हरित पार्क, हरियाली, भूसंरक्षण भएको हुनेछ छ। |

## ३.१.१० जोखिम तथा अनुमान

वन, भूसंरक्षण तथा जैविक विवधता संरक्षणमा अन्तरसरकार साझेदारी र सहकार्यमा वृद्धी भएको हुनेछ। जलवायू परिवर्तनको असर र अन्य विपद जन्य जोखिममा वृद्धी स्रोतको अनियन्त्रीत दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिमका पक्षहरु रहेका छन्।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमी

गाउँपालिका क्षेत्रभित्र पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षणा र दिगो विकासलाई यानमा राखी वातावरणमैत्री कार्यक्रमलाई प्राथमिकतामा राखी अगाडी बढाउने नीति लिइको छ।

### ६.२.२ समस्या तथा चुनौती

फोहोर मैला बिसर्जन स्थलको अप्रयाप्तता र फोहोरको वर्गिकरण गरी व्यवस्थापनको अभ्यास नहुनु यस क्षेत्रका मुख्य समस्याहरु हुन। वर्गिकरण, प्रशोधन र पुन:प्रयोगलाई प्रोत्साहन गरी वैज्ञनिक फोहोर व्यवस्थापनलाई बढवा दिने कार्यालई व्यवहारिक रुपमा कार्यान्वयन हुन सकेका छैनन। फोहोरबाट माहोर, फोहोरबाट उर्जाको अबधारणा कार्यान्वयन हुन सकेको छैन।

### ६.२.३ सोच

**"स्वच्छ वातावरण, फोहोरलाई मोहोर"**

### ६.२.४ उद्देश्य

१. वातावरणीय स्वच्छता कायम गर्नु,

२. फोहोरमैलाको दिगो व्यवस्थापन गर्न।

### ६.२.५ रणनीति

- फोहोरमैलाको उचित व्यवस्थापन गरी आयआर्जनका अवसर सिर्जना गर्नु,
- एक घर पाँच विरुवा तथा एक वडा एक रोपनी बनस्पती रोपणका अभियान सञ्चालन गर्ने,
- फोहोरमैलाको दिगो व्यवस्थापनमा अन्तरसरकार सम्बन्ध स्थापना गर्ने,
- आधुनिक तथा ल्याण्ड फिल्ड साइडको व्यवस्थापन ताथ फोहोरमैला प्रशोधन तथा पुन:प्रयोगको कार्यक्रम निर्माण गर्ने।

### ६.२.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य :

सुनकोशी गाउँपालिकाको प्रस्तावित गाउँ विकास तथा आवधिक योजनाले लिइएको लक्ष्य तथा उद्देश्य अनुसार आगामी तीन आर्थिक बर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्ययमकलीन लक्ष्य तालिका ६.४ मा प्रस्तुत गरिएको छ।

### तालिका ६.४ वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| ल्याण्डफिल्ड साइड | संख्या | ० | ० | १ | ३ | ४ |
| फोहोर संकलन साधन | संख्या | ० | ० | ९ | १ | १ |
| आधुनिक सुविधायुक्त सरसफाई प्रयोग गर्ने घरपरिवार संख्या | प्रतिशत | १० | १५ | २० | ३० | ४० |
| शौचालय प्रयोग गर्नेको जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| फोहोरको वर्गिककरण गर्ने घरपरिवार संख्या | प्रतिशत | २ | ३ | ७ | १२ | १५ |

## ६.२.८ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रीवर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा **वातावरण तथा फोहोरमैला व्यवस्थापन** उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिबर्षिय अनुमान तालिका ६.५ मा प्रस्तुत गरिएको छ।

### तालिका ६.५ वातावरण तथा फोहोरमैला व्यवस्थापन उप–क्षेत्रको खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २०८२/०८३ | ५०० | ० | ५०० | ० | ३०० | ० | २०० | ० |
| २०८३/०८४ | ६०० | ० | ६०० | ० | ३०० | ० | ३०० | ० |

## ३.२.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण तालिका नं ६.६ मा प्रस्तुत गरिएको छ।

### तालिका ६.६ : वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको खर्च तथा स्रोतको अनुमान

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सुनकोशीका प्रमुख ग्रामिण बजार तथा चोक, सार्वजनिक स्थानमा फोहोर संकलन केन्द्र निर्माण | फोहोरको व्यवस्थापन गर्ने | २०८२/०८३ | ३०० | प्रमुख बजारहरुमा फोहोरको व्यवस्थापनको शुरुवात भएको हुनेछ। |
| २ | ल्याण्डफिल्ड साइडको स्थापना तथा सञ्चालन | फोहोरमैलाको दिगो व्यवस्थापन गर्ने | २०८२/०८३ | ५०० | दैनिक रुपमा संकलन भएका फोहोरको दिगो व्यवस्थापन भएको हुनेछ। |
| ३ | फोहोरमैला व्यवस्थापन सम्बन्धी कर्मचारी र जनप्रतिनिधी सहित त्रैमासिक अभियान सञ्चालन | फोहोर व्यवस्थापनमा जागरुपता प्रदान गर्ने। | २०८२/०८३ | २०० | समुदायमा जनचेतना अभिवृद्धी भई फोहोर व्यवस्थापन भएको शुरुवात हुनेछ। |
| ४ | उत्कृष्ट फोहोर संकलक तथा व्यवस्थापकलाई सम्मान कार्यक्रम | फोहोर व्यवस्थापनलाई अभिप्रेरित गराउने | २०८२/०८३ | १०० | दिगो रुपमा फोहोर व्यवस्थपनको शुरुवात हुनेछ। |

### ३.२.१० जोखिम तथा अनुमान

उपलब्ध प्रविधीको उपयोग, बजेटको सुनिश्चितता, दक्षा मानव साधनको उपलब्धता भएमा र महामारी तथा अन्य विपद्को अवस्था नआएमा उल्लेखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य प्राप्त नहुने जोखिम रहन सक्छ।

## ६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता

### ६.३.१ पृष्ठभूमी

सुनकोशी गाउँपालिकामा आ.व. २०७९/०८० बाट वडा स्तर विपद् व्यवस्थापन समिति गठन गरी विपद् व्यवस्थापन योजना तयार गर्ने कार्यको शुरुवात भएको छ। विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण कोष खडा गर्ने, जोखिमपूर्ण क्षेत्रहरु पहिचान गर्ने, विपद् पूर्व तयारी, विपद् व्यवस्थापन सम्बन्धि तालिम तथा आपतकालीन सामग्रीहरुको भण्डारणको व्यवस्था गर्ने कार्यको तयारी गर्न बाँकी रहेको छ। गाउँपालिका क्षेत्रमा भिरालो जमिन भएका कारण बर्षादको समयमा पहिरोको उच्च जोखिम, नदी कटान, असिना, हावाहुरी, महामारी मुख्य विपद्का रुपमा रहेको छ। समग्रमा विपद् व्यवस्थापनका क्षेत्रेमा गाउँपालिकाले बार्षिक रुपमा न्यूनतम नीति तथा कार्यक्रमहरु र सोहि अनुसारका नीति निर्माणको तयारी गर्नु पर्ने अबस्था देखिन्छ।

### ६.३.२ समस्या तथा चुनौती

गाउँपालिमा नीति व्यवस्थाको अभाव तथा आफ्नो सिमित स्रोत र साधानका कारण विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई पूर्ण रूपमा मूलधारमा ल्याउने सकिएको छैन । गाउँपालिका, वडा कार्यालय र स्थानीय टोल विकास संस्थाहरूको विपद् व्यवस्थापमा क्षमताको कमी रहेको, आकस्मिक तयारी योजना तथा प्रतिकार्य योजनाहरू तर्जुमा गर्नु जरुरी रहेको, डोजरको जथाभावी प्रयोगले भूक्षय भई खेतीवारी नष्ट गर्ने, भौतिक पूर्वाधारमा समेत क्षति पुग्ने समस्या बढ्दै गएको छ ।

### ६.३.३ सोच

**"सुरक्षित र उत्थानशील सुनकोशी"**

### ६.३.४ उद्देश्य

१. विपद् व्यवस्थापन क्षमतलाई नीति निर्माणका आधारमा संस्थागत गर्ने,

२. विपद् उत्थानशीलताको विकास गर्नु ।

### ६.३.५ रणनीति

१. विपद् व्यवस्थापनको योजना बनाई कार्यान्वयन गर्ने ।

२. विपद् रोकथाम, पूर्वतयारी र द्रुत प्रतिकार्यमार्फत् क्षतित्युनीकरण गर्ने ।

३. स्थानीय जलवायु परिवर्तन अनुकूलन योजना तयार गरी सबलीकरण गर्ने ।

४. विपद् तथा जलवायु परिवर्तनबाट हुने असर न्यूनीकरणको सम्बन्धमा समुदायलाई सचेत गराई जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन योजना निर्माण गरी समुदाय स्तरमा कार्यान्वयन गर्ने ।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम र प्रस्तावित आवधिक योजनाले लिईएका अपेक्षित नतिजाको आधारमा तयार जोखिम तथा जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ६.६ मा प्रस्तुत गरिएको छ ।

### तालिका ६.६ विपद् व्यवस्थापन तथा जलवायु अनुकुल उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| सुरक्षित खुल्ला स्थल र आपतकालिन सामुहिक आश्रय स्थल | संख्या | ० | ५ | ० | ५ | ६ |
| बस्ती योग्य स्थानमा बसोबास गरेका परिवार | प्रतिशत | ७० | ७५ | ८० | ८२ | ८५ |
| विपदबाट बार्षिक क्षति (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ति) | रु. हजारमा | १००००००० | ५००००००० | ० | ० | ० |
| विपदबाट भएको मानवीय क्षति (विगत ३ बर्षको) घाइते समेत | संख्या | १ | ४ | ० | ० | ० |
| तालिम प्राप्त स्थानीय खोज, उद्धार र प्राथिमक उपचार कार्याकर्ताहरु तथा स्वयंसेवकहरु | संख्या | ० | ० | २५ | ३० | ४० |
| विपद् व्यवस्थापन स्थानीय कोष | रु. हजारमा | ७५००० | ८५००० | ८००० | १०००० | १०००० |
| विपद् व्यवस्थापनमा क्रियाशिल संघ/संस्था | संख्या | ५ | ५ | ५ | ५ | ५ |

## ६.३.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रीवर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद् व्यस्थापन तथा जलवायु अनुकुल उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिबर्षिय अनुमान तालिका ६.७ मा प्रस्तुत गरिएको छ ।

## तालिका ६.७ विपद् व्यस्थापन तथा जलवायु अनुकुल उप–क्षेत्रको खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ४००० | १५०० | २५०० | ० | ४००० | ० | ० | ० |
| २०८२/०८३ | ८००० | ७००० | १००० | ० | २००० | ५००० | १००० | ० |
| २०८३/०८४ | ८००० | ६००० | २००० | ० | १००० | ७००० | ० | ० |

### ३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धी सहितको संक्षिप्त विवरण तालिका नं ६.८ मा प्रस्तुत गरिएको छ।

## तालिका ६.८ : विपद् व्यस्थापन तथा जलवायु अनुकुल उपक्षेत्रको खर्च तथा स्रोतको अनुमान

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् व्यवस्थिन ऐन निर्माण गर्ने | नीतिगत रुपमा संस्थालाई सक्षम र सबल बनाउने | सालबसाली | १०० | विपद् व्यवस्थापन ऐन २०८१ निर्माण भई कार्यान्वयनमा आउनेछ |
| २ | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता प्रवर्द्धन कार्यक्रम | विपद् जोखिम न्यूनिकरण र विपद् उत्गानशिल अभिवृद्धी | सालबसाली | ४००० | स्थानीय समुदायमा चेतना अभिबृद्धी भई विपद् न्यनिकरणमा सघाउ पुग्नेछ। |
| ३ | विपद व्यवस्थापन कोषको स्थापना | विवद् व्यवस्थापन कोष स्थापना तथा सञ्चालन | सालबसाली | १५००० | कोषको स्थापना गरी विपदको न्यूनिकरण तथा व्यवस्थापन गर्ने। |

### ३.१.९ जोखिम तथा अनुमान

उपलब्ध प्रविधीको उपयोग, बजेटको सुनिश्चितता, दक्ष मानव शंसाधनको उपलब्धता भएमा र महामारी तथा अन्य विपद्को अवस्था नआएमा उल्लेखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य प्राप्त नहुने जोखिम रहन सक्छ।

# सुशासन तथा संस्थागत विकास

## ७.१ नीति, कानून न्या तथा शुशासन

### ७.१.१ पृष्ठभूमि

संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन सञ्चालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारहरुको रहेको हुन्छ। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा र समस्याहरु पनि निरन्तर बढी रहेका छन्। बदलिदो परिवेशसँगै विकास, व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशिलता र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी छ। अबका दिनमा गाउँपालिकाले संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तरसरकार, समुदाय, नीजि तथा गैरसरकारी संस्था तथा साझेदारीताको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ। यसलाई मध्यनजर गर्दै गाउँपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानून, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण देहाय अनुसार गरिएको छ।

### ७.१.२ विद्यमान अवस्था तथा परिवेश

नेपालमा संघीयता स्थापनासँगै सुनकोशी गाउँपालिकाको पनि स्थानामा आएको थियो। गाउँपालिकाको स्थापना तथा २०७४ साल २०८० सम्म आइपुग्दा सहकारी र शिक्षा ऐन निर्माण भएको देखिन्छ भने केही नियमावली तथा ५० वटा कार्यबिधिहरुको निर्माण भई कार्यान्वयनमा आएको छ। सुशासनको पक्षहरुको विश्लेषण गर्दा तुलनात्मक रुपमा २०७४ देखि २०७९ सम्म वा दोस्रो निर्वाचनको सम्पन्न भए पश्चात् कार्यापालिकामा शाखाहरु पूर्ण रुपमा स्थापना भई २०८१ पालबबाट शाखाले आफ्ना कामकारबाहीको शुरुवात गरेको देखिन्छ। भने गाउँपालिकाले आफ्ना बिकासका गतिबिधिहरु तथा सम्पूर्ण सूचनाहरुका बारेमा फेसबुक पेज तथा वईवसाइड मार्फत जानकारी गराउने कार्यको शुरुवात भएको छ। गाउँपालिकाको कार्यसम्पादन तथा कार्यमुल्याङ्कनका बारेमा संघीय सरकारका बिभिन्न प्रकृयाहरुमा आर्थिक बर्ष २०७९।०८० देखि केही रुपमा सन्तोसजनक रुपमा अंकरु प्राप्त हुन थालेका छन्। गाउँपालिकाका आफ्ना कामकारबाहीहरु संस्थागत रुपमा हुने प्रकृयाको शुरुवात भएको छ। सुशासनको पक्षहरु हेर्दा चौमासिक रुपमा आफूले गरेका कार्यहरुको सार्वजनिक सुनुवाई गर्नु पर्ने प्रकृयाको शुरुवात २०८० सालबाट थालनी भएको छ। गाउँ कार्यपालिकामा गुनासो सुनुवाई तथा एक्जिटपोलको ब्यबस्था गरी कार्यान्वयनमा ल्याएको देखिन्छ।

### ७.१.३ समस्या तथा चुनौती

संवैधानिक व्यवस्था अनुसार स्थानीय सरकारले संम्पादन गर्दै आएका कार्यहरुको पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व अभिवृद्धी गर्न सार्वजनिक सुनुवाई तथा परीक्षण जस्ता कार्यको शुरुवात भएता पनि नियमानुसार पूर्णता नभएको अवस्था

रहेको छ । सेवा प्रवाह, दैनिक रुपमा विकास निर्माणका कार्यक्रमहरु सञ्चालन लगाएतका कार्यसम्पादन गर्नका लागि हाल सम्म स्थानीय सरकारको आफ्नै प्रशासकीय भवन नभएका कारण कार्यालय सञ्चालन तथा सेवा प्रवाह केही कठिनाई रहेको अवस्था छ । संघीय स्थापनाको भएको सातौ वर्ष सम्मको सेवा प्रवाहलाई मध्यनजर गर्दा नीति निर्माण तथा संस्थागत विकास साथै स्थानीय तहमा कार्यरत कर्मचारी, जनप्रतिनीधि र स्थानीय सरोकारवालाहरु बीच संस्थात विकास, नीतिगत विकास आफ्नोपनका हुनु पर्ने देखिन्छ ।

### ७.१.४ सोच

**"पारदर्शी, जिम्वेवार र जवाफदेही गाउँपालिका"**

### ७.१.५ उद्येश्य

१. सेवा प्रवाहलाई जनमुखी र नतिजामुखि गराउनु ।

२. मानव अधिकार तथा सामाजिक न्याय

### ७.१.६ रणनीति

१. प्रशासनिक संयन्त्रको मनोबल उच्च राख्न आवश्यक नीतिगत व्यवस्था र त्यसको कार्यान्यवन तथा अनुगमन गर्ने,

२. स्थानीय तहमा कानूनी शासनको प्रत्याभूती गराउने ।

### ७.१.७ नतिजा सूचक तथा मध्ययमकालीन लक्ष्य

सुनकोशी गाउँपालिकाको प्रस्तावित गाउँ विकास/आवधिक योजना तथा बार्षिक कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, न्याय तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्ययमकालीन लक्ष्य तालिका ७.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७.१ : नीति, कानून, न्याय तथा शुशासन उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| गाउँपालिकाले स्वीकृत गरेका कानूत तथा नीति | विषय | | | | | |
| ऐन | संख्या | ९ | ११ | १३ | १५ | १७ |
| नियम तथा नियमावलीहरु | संख्या | ६ | ६ | ७ | ८ | ९ |

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| निर्देशिकाहरु | संख्या | १ | २ | ३ | ० | ० |
| मापदण्डहरु | संख्या | १ | १ | २ | ० | ० |
| कार्यबिधिहरु | संख्या | १६ | २९ | ३१ | ३२ | ३३ |
| क्रियाशिल नीतिगत तथा विषयगत समिति तथा संयन्त्रहरु | संख्या | ५ | ८ | ० | ० | ० |
| क्रियाशिल तथा विषयगत समितिको बैठक तथा अनुमोदन गरेका कार्य विवरण | विषय तथा संख्या | ० | ० | १ | ० | ० |

### ७.१.८ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रीवर्षीय अनुमान

उपलब्ध संक्षिप्त विवरण, बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून, न्याय तथा शुशासन उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान ७.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ७.२ नीति, कानून, न्याय तथा शुशासन उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | २१५० | २१५० | ० | ० | २१५० | ० | ० | ० |
| २०८२/०८३ | १८०० | १८०० | ० | ० | १८०० | ० | ० | ० |
| २०८३/०८४ | १८५४ | १८५४ | ० | ० | १८५४ | ० | ० | ० |

### ७.१.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको नीति, कानून, न्याय तथा शुशासन उप–क्षेत्रको संक्षिप्त विवरण तालिका नं ७.३ मा प्रस्तुत गरिएको छ।

## तालिका ७.३ : नीति, कानून, न्याय तथा शुशासन उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई कार्यक्रम | जवफदेहिता तथा पारदर्शिता कायम गर्ने | सालबसाली | ४०० | बार्षिक कम्तिमा ३ वटा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न हुनेछ । |
| २ | कार्यपालिका तथा कर्मचारीरुलाई नीति निर्माण तथा क्षमता विकास तालिम | नीति निर्माणमा दक्षता प्राप्त गर्ने | सालबसाली | ४०० | तालिम सम्पन्नता पश्चात नीति तथाद कानून निर्माणमा सक्षम हुनेछन् । |
| ३ | स्थानीय राजपत्र प्रकाशन तथा व्यवस्थापन | स्थानीय राजपत्र प्रकाशन स्थानीय तहमै हुनेछ । | २०८२।०८३ बाट शुरु गर्ने | ५०० | स्थानीय राजपत्र प्रकाशन आफ्नै कार्यालयबाट हुनेछ । |
| ४ | बिधायम समिति तथा अन्य उपसमितिको क्षमता विकास कार्यक्रम | क्षमता विकास गर्ने | सालबसाली | २०० | बिधायन समिति तथा अन्य उप समितिको क्षमता बिकास हुनेछ । |
| ५ | न्यायिक समितिको कार्यसम्पादन कार्यक्रम | नियमानुसारका कार्यसम्पादन गर्ने | सालबासाली | ४३०४ | न्यायिक समितिबाट नियमित गर्नुपर्ने कार्यहरु सम्पादन हुनेछ । |

### ७.१.९ जोखिम पक्ष तथा अनुमान

संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा हासिल हुनेछ । उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन कठिन हुने अवस्था रहन्छ ।

## ७.२ संगठन, मानव संशाधन र क्षमता विकास

### ७.२.१ पृष्ठभूमि

यस गाउँ कार्यपालिकाको कार्यालय मातहात कार्यान्वयनमा रहेका १६ वटा शाखा र ७ वटा वडा कार्यालयहरु गरि हाल **६२** जना कर्मचारीहरु कार्यरत छन् । गाउँपालिकाले जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वे गरी संस्थागत संरचना निर्माण गर्नुपर्ने देखिन्छ । गाउँपालिकाले लिईएको लक्ष्य प्राप्तीका लागि मावन संशाधनको व्यवस्थापन तथा आधुनिक तथा संगठनमा सुदृढ गर्नुपर्ने देखिन्छ । यसका साथै गाउँपालिकाको प्रशासनिक भवन निर्माणको प्रक्रिया अगाडि बढिरहेको छ र सवै वडा कार्यालयहरु भौतिक रुपमा सुविधा सम्पन्न हुदै गइरहेका छन् ।

### ७.२.२ समस्या तथा चुनौती

गाउँपालिकाको संरचना, मावन स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्न प्रद्धति अवैज्ञानिक र नीतिगत व्यवस्था अनुरुप गर्नुपर्ने देखिन्छ। शाखाहरु बीचको समन्वयको कमी, जनशक्तिको परिचालन एंव सेवा र सुविधा सम्पन्न गुणस्तरीय र कार्य सम्पादन नतिजामुखि हुन सेकोको छैन।

### ७.२.३ सोच

**“आधुनिक, दक्ष र क्षमतावान जनशक्ति, जनमुखि सेवा प्रवाह”**

### ७.२.४ उद्येश्य

१. छरितो संगठन, क्षमतावान जनशक्ति र गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्नु।

### ७.२.५ रणनीति

१. संगठन तथा व्यवस्थापन संर्वेक्षण गरि चुस्त संगठन संरचना तयार गर्ने,

२. जनशक्तिको क्षमता विकास गरी स्मार्ट कर्मचारीको अवधारणा कार्यान्वयन गर्ने,

३. जनप्रतिनिधी र कमर्चारीको क्षमता विकास गरि सेवा प्रवाह र विकास प्रकृयालाई सहज तुल्यानु।

### ७.२.७ नतिजा सूचक तथा मध्ययमकालीन लक्ष्य

सुनकोशी गाउँपालिकाको प्रस्तावित प्रथम आवधिक योजना तथा बार्षिक कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संशाधन र क्षमता विकास उपक्षेत्रको नतिजा सूचक तथा मध्ययमकालीन लक्ष्य तालिका ७.४ मा प्रस्तुत गरिएको छ।

**तालिका ७.१ : संगठन, मानव संशाधन र क्षमता विकास उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| कार्यरत मानव संशाधन | संख्या | ५० | ६२ | ६६ | ६८ | ७० |
| कार्यरत प्राविधिक जनशक्ति | संख्या | ८ | ११ | १२ | १२ | १२ |
| क्षमतामुलक तालिम हासिल गरेको जनशक्ति | संख्या | ३० | ४५ | ६० | ६८ | ७० |
| वडा र गाउँपालिकामा जवाफदेही, सहभागितामुलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ६६ | ६९ | ७५ | ७९ | ८५ |

### ७.२.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रीवर्षीय अनुमान

उपलब्ध संक्षिप्त विवरण, बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा संगठन, मानव संशाधन र क्षमता विकास उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान ७.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७.५ संगठन, मानव संशाधन र क्षमता विकास उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | बजेटको स्रोत (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ६५३०९ | ६२२०९ | ३१०० | ० | ० | ६५३०९ | ० | ० |
| २०८२/०८३ | ६२५१३ | ५९४१३ | ३१०० | ० | ० | ६२५१३ | ० | ० |
| २०८३/०८४ | ६५०१४ | ६२०१४ | ३००० | ० | ० | ६५०१४ | ० | ० |

### ७.१.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको संगठन, मानव संशाधन र क्षमता विकास उप–क्षेत्रको संक्षिप्त विवरण तालिका नं ७.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७.३ : संगठन, मानव संशाधन र क्षमता विकास उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा व्यवस्थापन | प्रशासन सञ्चालन तथा व्यवस्थापनल गर्ने | सालबसाली | १९१७३६ | कार्यालय सञ्चालन तथा सेवा प्रवाह नियमित तथा व्यवस्थित हुनेछ । |
| २ | सार्वजनिक खरिद व्यवस्थापन तथा अन्य क्षमता विकास तालिम | पारदर्शिता कायम गर्ने र मितव्ययी ढंगले खर्च गर्ने | सालबसाली | ४०० | पारदर्शशिता कायम हुने छ । |
| ३ | Lisa र Fra सम्बन्धी पदाधिकारी र कर्मचारी अभिमुखिकरण | पदाधिकारी र कर्मचारीको क्षमता विकास गर्ने | सालबसाली | २०० | पदाधिकारी र कर्मचारीको क्षमता विकास हुनेछ । |
| ४ | संगठन व्यवस्थापन सर्वेक्षण | संगठन क्षमता विकास गर्न | सालबसाली | ५०० | संगठनको क्षमता विकास हुनेछ । |

### ७.२.९ जोखिम पक्ष तथा अनुमान

संविधान तथा स्थानीय सरकार संञ्चालन ऐन २०७४ र अन्य ऐन कानून अनुसार संगठन व्यवस्थापन, दक्ष जनशक्ति, ज्ञान, सीप र दक्षतामा वृद्धी भए मात्र अपेक्षित नतिजा प्राप्त गर्न सकिन्छ। उक्त व्यवस्था अनुसार व्यवस्था नभएमा लक्ष्य अनुसारको अपेक्षित नतिजा हासिल गर्न कठिन हुने देखिन्छ।

## ७.३ राजश्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

राजश्व तथा स्रोत परिचालनको लागि विद्यमान कर, सेवा शुल्क तथा दस्तुरको दर घटाई दायरा बढाउने रणनीति लिई कार्यक्रम कार्यान्वयन गरिएको छ। गाउँपालिकाद्धारा तर्जुमा भएका ऐन, नियम, कानून निर्देशिका तथा कार्यबिधिहरु भएका व्यवस्था अनुसारका स्रोत परिचालनको अभ्यास रहेको छ। बेरुजु न्युनिकरणका लागि नीति तथा कार्यक्रम निर्माण एंव लगानीमैत्री वातावरण बनाउन आवश्यक नीतिगत व्यवस्था गरिएको छ। सुनकोशी गाउँपालिकाको राजश्व सुधार कार्ययोजना २०७९, राजश्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गरिदै आएको छ। गाउँपालिकाको आन्तरिक राजश्व तथा स्रोत परिचालन तथा अभिवृद्धी कार्यक्रम वित्तीय स्रोत परिचालन तथा पुँजी निर्माण कार्यक्रम कार्यान्वयनमा रहेका छन्।

### ७.३.२ समस्या तथा चुनौती

गाउँपालिकाको विद्यमान कर प्रणाली आधुनिक रुपमा सुधार गरेर कर प्रणालीलाई व्यवहारिक बनाउनु जरुरी छ। गाउँपालिकाले करको दायमा वृद्धी गरी एकिकृत सम्पत्ति कर लगाउनु पर्दछ, २०७४ साल देखि हाल सम्म बेरुजुको अवस्था नघट्नु, लेखा समितिबाट आन्तरिक लेखा परिक्षण नहुनु, गाउँपालिकाको राजश्व संकलनका क्षेत्र तथा दायरा फराकिलो भएका पनि राजश्व सुधार योजना अनुसारका कार्यक्रमहरु कार्यालयकाबाट सालबसाली रुपमा अगाडी बढ्न नसक्नु जस्ता विद्यमान समस्या रहेका छन्।

### ७.३.३ सोच

**"सुदृढ, व्यवस्थित स्रोत परिचालन, प्रविधीमैत्री राजश्व प्रणाली"**

### ७.३.४ उद्येश्य

१. दिगो र भरपर्दो राजश्वको स्रोत निर्माण गर्नु,

२. स्रोत परिचालमा मितव्ययिता, प्रविधीमैत्री राजश्व प्रणालीको विकास गर्नु।

### ७.३.५ रणनीति

१. राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व दरमा पुनमूल्याङ्कन र दायरा बिस्तार गर्नु,

२. आतरिक राजश्व प्रणालालाई सुदृढ तुल्याउने,

३. मितव्ययि र चुस्त स्रोत परिचालनको मोडाँलिटी बनाउने,

४. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व तथा अनुदानका कार्यक्रमहरु वा सहयोगहरु हासिल हुने गरी राजश्वका आधारहरु तयार गर्दै जाने।

## ७.३.७ नतिजा सूचक तथा मध्ययमकालीन लक्ष्य

सुनकोशी गाउँपालिकाको प्रस्तावित गाउँ विकास/आवधिक योजना तथा बार्षिक कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार **राजश्व तथा स्रोत परिचालन** उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ७.७ मा प्रस्तुत गरिएको छ।

**तालिका ७.७ : राजश्व तथा स्रोत परिचालन उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु. हजारमा | २७४०६ | ३००५३ | २९३६३ | २८६०२ | २९६३९ |
| बार्षिक आन्तरिक आय रकम | रु. लाखमा | २४०८८०६ | २९७०६९९ | ३२६७७६९ | ३५९४५४५ | ३९५३९९९ |
| कुल बार्षिक बजेट | करोडमा | ५१८१३६ | ५६८१८९ | ५५५१३३ | ५४०७४५ | ५६०३५५ |
| मासिक रुपमा सबै भन्दा बढी राजश्व संकलन गर्ने वडा | संख्यामा | १ | ० | ३ | ४ | ४ |
| मासिक रुपमा बडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरु | प्रतिशत | ० | ० | ७ | ७ | ७ |

## ७.२.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रीवर्षीय अनुमान

उपलब्ध संक्षिप्त विवरण, बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा राजश्व तथा स्रोत परिचालन विकास उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान ७.८ मा प्रस्तुत गरिएको छ।

### तालिका ७.८ राजश्व तथा स्रोत परिचालन विकास उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | २५० | २५० | ० | | १५० | ० | ० | ० |
| २०८२/०८३ | ३०० | ३०० | ० | | २०० | ० | ० | ० |
| २०८३/०८४ | ३०० | ३०० | ० | | २५० | ० | ० | ० |

### ७.३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको राजश्व तथा स्रोत परिचालन संगठन, मानव संशाधन र क्षमता विकास उप–क्षेत्रको संक्षिप्त विवरण तालिका नं ७.६ मा प्रस्तुत गरिएको छ।

### तालिका ७.३ : राजश्व तथा स्रोत परिचालन उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | राजश्व तथा स्रोत परिचालन कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालन बृद्धी गर्नु। | सालबासाली | ८५० | आन्तरिक राजश्व बृद्धी तथा स्रोत परिचालमा सुदृढीकरण हुनेछ। |

### ७.३.९ जोखिम पक्ष तथा अनुमान

संविधान अनुसार संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तीनै तहका सरकार, गैसस समुदाय, सहकारी र निजि क्षेत्रबीचको समन्वयमा स्रोत, साधन, प्रविधि र दक्ष मावन शंशाधन परिचालन गर्न सकेमा तथा परिचालन भएमा अपेक्षित नतिजा प्राप्त हुनेछ। सबै प्रकार राजश्व बृद्धीको दयरा फराकिलो बनाउन नसके लक्ष्य हासिल हुन कठिन छ।

## ७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

समग्र गाउँपालिकाको विकासलाई दिगो र समावेशी बनाउने मुख्य ध्येयले सुनकोशी गाउँपालिकाको प्रस्तावित प्रथम आवधिक योजनाका आधारमा यस मध्यमकालीन खर्च संरचना निर्माण गरिएको छ। सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको अर्थपूर्ण सहभागितामाद्धारा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका र वेवसाइट मार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ। गाउँपालिकाले सञ्चालन

गर्ने गौरबका योजना तथा पालिका स्तरीय योजनाहरु कार्यान्वयनको प्रकृया प्रभावकारी गर्दै लगिएको छ। संघीय सरकारले मार्गनिर्देशन गरेका ऐन तथा कार्यबिधिहरुका आधारमा गाउँपालिकाले बार्षिक रुपमा तयार गर्ने नीति तथा बार्यक्रम र बजेट निर्माण गर्ने अभ्यास रहेको छ।

### ७.४.२ समस्या तथा चुनौती

स्थानीय तह स्थापना भएको करिब ६ बर्ष पुरा भईसक्दा पनी गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्येश्य, प्राथमिकता तथा रणनीति योजनाहरुको कम हुनु, गाउँपालिकाको योजनाका आधारमा उद्येश्य प्राप्त गर्नका लागि एकिकृत रणनीतिक योजना तथा प्रथम आबधिक योजना निर्माण कै चरणमा रहनु। दैनिक रुपमा ग्रामीण बस्तीहरु पातलिदै गई रहेको वर्तमान अबस्थालाई मध्येनजर गर्दा गाउँसभाबाट स्वीकृत भएका योजनाहरुको कार्यान्वयनका लागि योजना अनुसारका उपभोक्ता समितिद्धारा नभई टोल विकास समिति तथा टोल सुधार समितिबाट विकास गतिबिधिहरु अगाडी बढाउनु पर्ने अवस्था देखिन्छ।

### ७.४.३ सोच

**"नतिजामूखि योजना, उत्तरदायी विकास प्रशासन"**

### ७.४.४ उद्येश्य

१. समग्रमा गाउँपालिकाको तथ्याङ्क व्यवस्थापन तथा अध्यावधिक गर्नु,

२. योजना तर्जुमा प्रकृयालाई तथ्यपरक, वस्तुनिष्ठ, सहभागितामूलक र नतिजामुखि बनाउनु,

३. गाउँपालिकाको प्रस्तावित प्रथम आवधिक योजनामा आधारित भई गौरबका योजनाहरु तथा बहुबर्षे तथा रणनीतिक योजनाहरु निर्माण गर्ने।

### ७.४.५ रणनीति

- स्थानीय तथ्याङ्कक व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाउने,
- सहभागितामूलक योजना तर्जुमा गरि छिटोछरितो तथा नतिजामुखी कार्यान्वयनलाई संस्थागत गर्ने,
- योजना निर्माण तथा व्यवस्थापन प्रकृयालाई समय अनुकुल बनाउने,
- योजना बैकको स्थापना गरी डिजिटल प्रणाली मार्फत योजना छनौट र कार्यन्वयन गर्ने,
- योजना निर्माण प्रकृया दिगो विकासको लक्ष्यमा आधारित भई गौरबका योजना, बहुवर्षे तथा पञ्चबर्षे योजना निर्माण गर्ने,
- अनुगमन तथा मूल्याङ्न प्रणालीलाई प्रभावकरी र नतिजामुखि बनाउने,

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको प्रस्तावित प्रथम आवधिक योजना तथा बार्षिक कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार **तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन** उप – क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ७.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका ७.४.१० : तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| दीर्घकालीन, मध्यमकालीन योजना तथा गुरुयोजना | बिषय | ० | १ | ३ | ४ | ५ |
| सैब तहमा जवाफदेही. सहभागितामूलक र निर्माणको अभ्यास | प्रतिशत | ३० | ५० | ६५ | ७५ | ८० |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ४० | ६५ | ९० | ९५ | ९८ |
| बार्षिक योजनामा आर्थिक विकास तथा आयमुलक क्षेत्रमा लगानी | प्रतिशत | १० | २० | २५ | ३० | ४० |
| कुल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |
| गाउँपालिकाबाट प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | ० | १ | ३ | ४ | ५ |
| गाउँपालिका र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ५ | ५ | ६ | ७ | ७ |

### ७.४.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रीवर्षीय अनुमान

उपलब्ध संक्षिप्त विवरण, बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम तथा मध्यमकालीन बजेट खाकाको आधारमा **तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन** उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान ७.११ मा प्रस्तुत गरिएको छ ।

### तालिका ७.११ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/०८२ | ११०० | ११०० | ० | ० | ११०० | ० | ० | ० |
| २०८२/०८३ | १५०० | १००० | ५०० | ० | १००० | ५०० | ० | ० |
| २०८३/०८४ | १५०० | १००० | ५०० | ० | १००० | ५०० | ० | ० |

### ७.४.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको **तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन** उप–क्षेत्रको संक्षिप्त विवरण तालिका नं ७.१२ मा प्रस्तुत गरिएको छ।

### तालिका ७.१२ : तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि. नं. | कार्यक्रम/ आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्कक, योजना सुदृढीकरण तथा विकास व्यवस्थापन कार्यक्रम | योजना तथा विकास प्रकृयालाई तथ्याका आधारित समावेसी, सहभागितामूलक तथा नतिजामूलक बनाउनु | सालबसाली | १५०० | तथ्याङ्क, योजनाको आधारमा बिषय क्षेत्रगत गुरुयोजना, आयोजना बैक, मध्यमकालीन खर्च संरचना तर्जुमा भई सोही आधारमा बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा हुनेछ। |
| २ | तथ्याङ्क, योजना तथा विकास परिचालन कार्यक्रम | योजना तथा विकास प्रकृयालाई तथ्याङमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक बजाउनु | सालबसाली | १००० | आवश्यक ऐन, नीति, मापदण्ड, निर्दिशकाहरु तयार भई योजना तथा विकास कार्यक्रम प्रभावकारी हुनेछ। |
| ३ | योजनाको सफ्टवेयरबाट व्यवस्थापन | योजना सम्झौतालाई डिजिटलाइज बनाउनु | सालबसाली | ५०० | २०८२।०८३ बाट योजना सम्झौता कार्य सफ्टवेयरबाट शुरु भएको हुनेछ। |

| सि. नं. | कार्यक्रम/ आयोजना | उद्देश्य | अवधी (शुरु र समाप्त) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४ | योजना बैकको निर्माण तथा कार्यान्वयन | योजना छनौट तथा निर्माण बस्ती तथा वडा स्तरबाटै गर्ने प्रणालीको गर्नु | सालबसाली | ११०० | २०८३।०८४ बाट योजना निर्माणको कार्य योजना बैक मार्फत कार्यान्वयनको शुरुवात भएको हुनेछ। |

### ७.४.९ जोखिम पक्ष तथा अनुमान

तोकिएको कार्यनीति कार्यान्वयन गर्न गाउँपालिकाले संस्थागत विकास तथा शसुसान सम्बन्धी ऐन, नीति मापदण्ड, कार्यबिधि तथा निर्देशिका निर्माण गरिसकेको हुनु पर्नेछ। संघ, प्रदेश, गैरसरकारी र नीजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धी भएको हुनेछ। स्थानीय सरोकारवालाहरुको प्रतिबद्धता, सहभागिता समन्वय, सहकार्य एंव कार्यक्रममा बृद्धी हुनेछ। उक्त कार्यहरु नभएमा तोकिएको लक्ष्य प्राप्ती नहुने देखिन्छ।

# अनुसूचीहरू

## अनुसूची १

## मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल

| क्र.सं. | समितिका पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| २. | प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा | - सदस्य |
| ३. | प्रमुख, स्वास्थ्य तथा पोषण शाखा | - सदस्य |
| ४. | प्रमुख, आर्थिक प्रशासन शाखा | - सदस्य |
| ५. | प्रमुख, कृषी, पशुपंक्षी तथा सहकारी विकास | - सदस्य |
| ६. | प्रमुख, सामाजिक विकास शाखा | - सदस्य |
| ७. | प्रमुख, प्रशासन शाखा | - सदस्य |
| ८. | प्रमख, वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा | - सदस्य |
| ९. | प्रमुख, पूर्वाधार तथा भवन नियमन शाखा | - सदस्य |
| १०. | प्रमुख, योजना तथा अनुगमन शाखा | - सदस्य- सचिव |

## अनुसूची २

## मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

### पृष्ठभूमि :

शासन व्यवस्थाको वर्तमान अवस्थामा अन्तर सरकार, नीजि क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको समन्वय, साझेदारी र सहकार्यको अवसरका ढोकाहरु खुल्दै गएको छ। यसबाट शासन सञ्चालन, सेवा प्रवाह र गुणस्तरीय विकास उपलब्धि हासिल गर्ने गति तिब्र बनाउँदै नागरिकका परिवर्तनको फराकिलो चाहाना सम्बोधन गर्ने वातावरणको सिर्जना भएको छ। नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन घरदैलोसम्म विकासको माग कोन आवश्यक छ। संघीय संरचनामा आधारित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अनुसार नागरिकको घरदैलोको सरकारको रुपमा स्थानीय सरकारहरुले स्थानीय धरातलिय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिविम्बित हुने गरी आफ्ना प्रयासहरु अगाडी बढाउनु पर्दछ। यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक तथा सांस्कृतिक र प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरुको पूर्ण सदुपयोग हुने गरि योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक देखिन्छ।

